## परिच्छेद : एक

# शोधपत्रको परिचय

## १.१ विषय परिचय

रामबाबु घिमिरे (२०११) चितवनका स्थापित साहित्यकार र वरिष्ठ निबन्धकार हुन् । नेपाली साहित्यिका विविध विधामा कलम चलाउने घिमिरेले वि.सं. २०२६ सालमा **राष्ट्रपुकार** पत्रिकामा *मेरो अनुहार* शीर्षकको कविता प्रकाशित गरेर आफ्नो साहित्यिक यात्राको थालनी गरेका हुन् । विशेषतः निबन्धकारका रूपमा बढी चर्चित घिमिरेका हालसम्म **रित्तो आकाश** (उपन्यास) (२०३२), **म हरेश खान थालेको छु** (निबन्धसङ्ग्रह) २०४७, **मुक्तकसङ्ग्रह** (कविता) २०५६), **लेख्न नपर्ने कुराहरू** (निबन्धसङ्ग्रह) २०४७, **अनर्गल प्रलाप** (निबन्धसङ्ग्रह) २०६५) का साथै उनका अन्य फुटकर रचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भइसकेका छन् । हालसम्म रामबाबु घिमिरेको जीवनी, व्यक्तित्व, कृतित्वको अध्ययनका साथै पत्र-पत्रिकामा सामान्य चर्चा-परिचर्चा भए तापनि उनको **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन भएको छैन । त्यसैले प्रस्तुत शोधपत्र उनको **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहको कृतिपरक अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधकार्यको मुख्य समस्या भनेको निबन्धकार रामबाबु घिमिरेको **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहको कृतिपरक अध्ययनमा केन्द्रित रहेर अध्ययन गर्नु हो । यस शीर्षकमा रहेका समस्याहरू यसप्रकार रहेका छन्:

क) निबन्धकार रामबाबु घिमिरेको जीवनी र व्यक्तित्व के-कस्तो छ ?

ख) नेपाली निबन्धको सैद्धान्तिक अध्ययन र विकासक्रम के-कस्तो छ ?

ग) रामबाबु घिमिरेको निबन्धगत यात्रा के-कस्तो छ ?

घ) **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहका निबन्धहरूका विषयवस्तु, भाषाशैली, संरचना, उद्देश्य आदिका दृष्टिले के-कस्ता छन् ?

यिनै समस्याहरूको समाधान खोज्ने कार्यतर्फ यो शोधपत्र उन्मुख रहेको छ ।

## १.३ शोधको उद्देश्य

उपर्युक्त शोधसमस्यामा केन्द्रित रही **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहका सम्पूर्ण निबन्धहरूको सर्वाङ्गीण पक्षको अध्ययन विश्लेषण गर्नु नै प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । यस शोधपत्रको उद्देश्यहरूलाई यस प्रकार उल्लेख गरिएको छ :

क) निबन्धकार रामबाबु घिमिरेको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त परिचय दिनु,

ख) नेपाली निबन्धको सैद्धान्तिक अध्ययन र विकासक्रमको अध्ययन गर्नु,

ग) रामबाबु घिमिरेको निबन्धगत यात्राको अध्ययन गर्नु,

घ) **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहका निबन्धहरूका विषयवस्तु, भाषाशैली, संरचना, उद्देश्य आदिका दृष्टिले अध्ययन गर्नु ।

यिनै उद्देश्यहरूको परिपूर्तितर्फ यो अध्ययन उन्मुख रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

निबन्धकार रामबाबु घिमिरेको निबन्धसङ्ग्रह **अनर्गल प्रलाप** वि.सं. २०६५ सालमा प्रकाशित भएको निबन्धसङ्ग्रह हो । यस कृतिका साथै कृतिकारका बारेमा विभिन्न पुस्तकाकार तथा पत्र-पत्रिकामा र विभिन्न साहित्यिक एवम् समालोचकहरूद्वारा दिइएका जानकारी र टिप्पणीहरूलाई कालक्रमिक रूपमा यसरी प्रस्तुत गरिएको छ :

क) लक्ष्मणप्रसाद गौतमले **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** पुस्तकमा रामबाबु घिमिरेको **म हरेश खान थालेको छु** निबन्धसङ्ग्रहलाई चितवनमा पहिलो पटक प्रकाशित निबन्धसङ्ग्रहको रूपमा लिएका छन् । साथै घिमिरेलाई विसङ्गत जीवनलाई शब्दमा बिच्छ्याएर यथार्थतामा देखाउने निबन्धकार र आत्मपरक निबन्ध लेखनको क्षेत्रमा कलम चलाउने देवकोटा र शङ्कर लामिछानेबाट अत्यधिक प्रभावित चितवनका एक मूर्धन्य साहित्यकारका रूपमा परिचित गराएका छन् ।[1]

ख) लक्ष्मणप्रसाद गौतमले *अनर्गल प्रलापभित्रका निबन्धमा वस्तुविधान* शीर्षक लेखमा **अनर्गल प्रलाप** मान्छेका विविध पाटाहरूको अध्ययन र उत्खननका रूपमा लिँदै आफूलाई कत्ति पनि नढाँटी आत्मप्रकटीकरणका रूपमा समेत

---

[1] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (चितवनः चितवन वाङमय प्रतिष्ठान्, २०५२), पृ. ९६

त्यसलाई यथार्थ किसिमले अभिव्यक्त गर्नु निबन्धकारको विशेषता हो भन्ने कुराको चर्चा गरेका छन् ।[2]

ग) हरिहर खनालले *चितवनको साहित्य एक विहङ्गम दृष्टि*को शीर्षकको लेखमा रामबाबु घिमिरेलाई चितवनका नाम चलेका लेहकहरूको पहिलो लहरमा राखेका छन् ।[3]

घ) केशवराज आमोदीले **म हरेश खान थालेको छु** निबन्धसङ्ग्रहको *प्रकाशकीय*मा घिमिरेलाई सफल र लोकप्रिय निबन्धकारका रूपमा लिँदै चिनाएका छन् । महाकवि देवकोटा, निबन्धकार लामिछाने र कवि भूपि शेरचनजस्ता साहित्यकारलाई मन पराउने रामबाबु घिमिरेका निबन्धहरू आज लोकप्रियताको शिखरारूढ छन् भनेका छन् ।[4]

ङ) रामजी भट्टराईले **रामबाबु घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकमा घिमिरेलाई बहुमुखी प्रतिभाका धनी घिमिरे- समकालीन प्रौढ साहित्यकारहरूमध्ये एक हुन् र उनको आफ्नै कमी-कमजोरी र प्रचार-प्रसारको अभावका कारण राष्ट्रियस्तरका प्रखर साहित्यकारहरूको हाराहारीमा देखिन नसके पनि चितवनको साहित्यिक परिवेशमा उनी अग्रस्थानमा नै देखिन्छन् भनेका छन्, साथै विभिन्न समालोचक साहित्यिक चिन्तन तथा साहित्यानुरागीहरूद्वारा उनको साहित्यिक व्यक्तित्व र कृतित्वको बारेमा दिइएका विचारहरूबाट पनि उनी शङ्कर लामिछानेको निबन्धकलालाई बिर्साउने चितवनका एक सशक्त र जीवित शङ्कर लामिछाने हुन् भनेका छन् ।[5]

---

2 लक्ष्मणप्रसाद गौतम, *अनर्गल प्रलापभित्रका निबन्धमा वस्तुविधान* (**उन्नयन**, अङ्क ७३, २०६६ कार्तिक-मङ्सिर-पुष), पृ.१२ ।

3 हरिहर खनाल, *चितवनको साहित्य एक विहङ्गम दृष्टि* (**चितवन महोत्सव स्मारिका,** उद्योग वाणिज्य सङ्घ, चितवन, २०५५), पृ. ५५ ।

4 केशवराज आमोदी, *प्रकाशकीय,* **म हरेश खान थालेको छु,** (ले. रामबाबु घिमिरे), चितवनः वाल्मीकि साहित्य सदन, २०६० ।

5 रामजी भट्टराई, **रामबाबु घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), वीरेन्द्र बहुमुखी क्याम्पस, २०६२, पृ. १३५ ।

च) सीताराम कोइरालाले **संवादमा स्रष्टाहरू** शीर्षकको पुस्तकमा रामबाबु घिमिरेलाई रोचक र घोचक मुक्तक पनि लेख्ने, उपन्यासमा बेत बसिसकेका तर प्रखर निबन्धकार हुन् भनेका छन् ।[6]

छ) गोविन्दराज विनोदीले **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहको *भूमिका*मा घिमिरेको निबन्ध संस्मरणात्मक जस्ता लाग्ने तर अनेक विषय छुँदै उड्ने व्यङ्ग्य र विनम्रताले भरिएका उनका निबन्ध नेपाली निबन्धको मेनस्ट्रिममा उभिएका छन् र उनी एक विशिष्ट पहिचान भएका चितवनका उत्कृष्ट निबन्ध लेखक हुन् भनेका छन् ।[7]

ज) केदारनाथ खनालले **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहको *प्रकाशकीय*मा घिमिरेलाई निबन्धकार मोन्तेन परम्परामा जन्मेका शङ्कर लामिछाने शैलीमा हुर्केका र आकलझुक्कल देवकोटाको महक दिने व्यक्तित्व भएका घिमिरेका निबन्धमा छुट्टै प्रकारको विशेषता पाइन्छ भनेका छन् ।[8]

झ) कपिल 'अज्ञात'ले *निबन्धका बाबु रामबाबु* शीर्षक लेखमा निजात्मक निबन्धका धनी घिमिरेका निबन्ध पढ्दा दुर्गाप्रसाद भण्डारीको निबन्ध सम्झना हुन्छ, जुन निबन्धहरूमा विसङ्गतका जरा उखेल्ने क्रममा घिमिरे र भण्डारीका निबन्धहरू एकै लाग्दछन् भन्दै बाबुको प्रभुसत्ता, राज्यसत्ता, जीवनसत्ता आदि समग्र अराजकता र असङ्गतसत्ताप्रति **अनर्गल प्रलाप** आफैमा एक व्यङ्ग्य विद्रोह हो भनेका छन् ।[9]

ञ) डि.आर. पोखरेलले *अनर्गल प्रलापको सार्थक बक्रोक्ति* शीर्षकको लेखमा रामबाबुका निबन्धहरूमा जुन विचार व्यक्तिएका छन्, ती सबै सुन्दर समाजको निर्माणार्थ लक्षित छन् । होइन भने उनले सामाजिक विकृति-विसङ्गतिप्रति यत्रो बक्रोक्ति गरिरहने थिएनन् भनेका छन् ।[10]

---

6 सीताराम कोइराला, **सम्वादमा स्रष्टाहरू** (काठमाडौँः नारी साहित्य प्रतिष्ठान, २०६४), पृ. ३३ ।

7 गोविन्दराज विनोदी, *भूमिका,* **अनर्गल प्रलाप**, (ले. रामबाबु  िमिरे), चितवनः चितवन साहित्य परिषद, द्दण्टछ ।

8 केदारनाथ खनाल, *प्रकाशकीय,* **अनर्गल प्रलाप**, (ले. रामबाबु  िमिरे), चितवनः चितवन साहित्य परिषद, द्दण्टछ ।

9 कपिल अ१ात, *निबन्धका बाबु रामबाबु,* (चितवन, **चितवन पोष्द**, वर्ष ज्ञज्ञ, अङ्क घढढ, द्दण्टछ, जे७ द्दछ) ।

ज्ञण ि.आर. पोखरेल, *अनर्गल प्रलापको सार्थक बक्रोक्ति,* (चितवनः पारदर्शी दैनिक, द्दण्टट, कार्तिक ठ) ।

ट)	रविकिरण निर्जीवले *हास्य-व्यङ्ग्य निबन्धकारितासित चितवनको हाव्यनिको समागम* शीर्षकको लेखमा घिमिरेलाई बिलिनो हाँसो र चर्को व्यङ्ग्य शैली अङ्गाली आत्मा खोलेर देखाउने रामबाबु घिमिरे चितवनका वरिष्ठ निबन्धकार हुन् भन्दै उनले उक्त प्रकाशनको माध्यमबाट अज्ञान, असङ्गत सोच र क्रियाकलापहरूलाई पखाल्न र रोक्न चाहन्छन् भनेका छन् ।[11]

यसरी निबन्धकार घिमिरेका निबन्धका बारेमा विभिन्न समीक्षकहरूले समीक्षात्मक टिप्पणी एवम् चर्चा-परिचर्चा गरेका छन् तापनि उनको यस **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहभित्रका समग्र निबन्धहरूको व्यवस्थित अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन हुन भने बाँकी नै छ ।

## १.५ **शोधको औचित्य र** महत्त्व

रामबाबु घिमिरेका सम्बन्धमा भएका पूर्वकार्यको अध्ययन गर्दा अधिकांश साहित्यकार तथा समीक्षकहरूले उनको निबन्धगत प्रवृत्तिलाई चिनाउने प्रयत्न गरेका छन् । खासगरी पूर्व अध्ययनबाट घिमिरेको प्रसिद्ध निबन्धसङ्ग्रह **अनर्गल प्रलाप**भित्रका निबन्धहरूको समग्र अध्ययनको आवश्यकता पूर्ण हुन सकेको छैन । रामबाबु घिमिरेजस्ता चर्चित निबन्धकारका निबन्धहरूको अध्ययन गरी उनको यथार्थ मूल्याङ्कन गर्नु आवश्यक रहको छ । यही आवश्यकताको परिपूर्तिका लागि यो शोधपत्र तयार पारिएको हुँदा प्रस्तुत अध्ययन औचित्यपूर्ण नै देखिन्छ । उनको **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको बारेमा थप अनुसन्धान गर्नेहरूका लागि समेत महत्त्वपूर्ण आधार सामग्रीका रूपमा उपयोग हुनसक्ने सम्भावनाले पनि यसको औचित्यलाई पुष्टि गरेको छ ।

## १.६ **शोधपत्रको सीमाङ्कन**

प्रस्तुत शोधपत्रको लागि गरिने विश्लेषण रामबाबु घिमिरेको **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरू मात्र सीमित रहेका छन् । उनका अन्य विधा तथा अन्य कृतिहरूको विश्लेषण नगर्नु प्रस्तुत शोधपत्रको सीमा रहेको छ ।

---

ज्ञज्ञ रविकिरo निर्जीव, *हास्यव्यङ्ग्य निबन्धकारितासित चितवनको हाव्यनिको समागम,* (**चितवन महोत्सव स्मारिका,** उद्योग वाoिज्य सङ्३, चितवन, द्दण्टछ), पृ. ज्ञद्दढ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्यको लागि पुस्तकालयीय विधिद्वारा सामग्री सङ्कलन गरी कृतिपरक अध्ययन गरिएको छ । यसका साथै निबन्धकार रामबाबु घिमिरे जीवित रहेकाले उनी र अन्य सम्बन्धित विशेषज्ञहरूसँग साक्षात्कार गरी आवश्यक जानकारी लिइएको छ साथै क्षेत्रीय पद्धतिका आधारमा व्याख्यात्मक एवम् विवरणात्मक विधिको अनुसरण गरी घिमिरेको निबन्धकारिता, निबन्धतत्व र अन्य आवश्यक पक्षको आधारमा **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहको विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

शोधपत्रको आन्तरिक संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नको लागि निम्नलिखित रूपरेखामा विभाजन गरिएको छ :

१.१०.१ परिच्छेद एक : **शोधपत्रको परिचय**

यस परिच्छेदमा विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन र शोधविधि, शोधकार्यको रूपरेखा प्रस्तुत गरिएको छ ।

१.१०.२ परिच्छेद दुई : **निबन्धकार रामबाबु घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त अध्ययन**

यस परिच्छेदमा निबन्धकार रामबाबु घिमिरेको जन्म, पारिवारिक अवस्था, शिक्षादीक्षा, साहित्य सिर्जना र सेवा प्रवेश, सम्मान र पुरस्कार तथा घिमिरेको व्यक्तित्वका विभिन्न पक्षहरूबारे अध्ययन प्रस्तुत गरिएको छ ।

१.१०.३ परिच्छेद तीन : **निबन्धको सैद्धान्तिक अध्ययन र विकासक्रम**

यस परिच्छेदमा निबन्धलेखन सम्बन्धी सैद्धान्तिक मान्यताहरूका साथै नेपाली निबन्धको विकास प्रक्रियाबारे अध्ययन गरिएको छ ।

१.१०.४ परिच्छेद चार : **नेपाली निबन्धमा घिमिरेको प्रवेश र उनको निबन्धयात्रा**

यस परिच्छेदमा निबन्धकार घिमिरेले निबन्ध लेख्न प्रारम्भ गरेदेखि उनका निबन्धयात्रालाई चरणबद्ध रूपमा अध्ययन गरिएको छ ।

१.१०.५ परिच्छेद पाँच : **अनर्गल प्रलाप निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन**

यस परिच्छेदमा **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहको विभिन्न कोणबाट अध्ययन र विश्लेषण गरिएको छ ।

१.१०.६ परिच्छेद छ : **उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा प्रत्येक अध्यायको सारांश र अन्तमा समग्र शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार प्रस्तुत शोधपत्रको आदिभागका रूपमा शोधपत्रको स्वीकृतिपत्र, शोधनिर्देशकको मन्तव्य, कृतज्ञताज्ञापन र सङ्क्षेपीकृत शव्दसूची तथा विषयसूची समावेश गरिएको छ भने मध्यभागका साथै अन्तमा परिशिष्ट र सन्दर्भसामग्रीसूची अन्तर्गत प्रमुख पुस्तकसूची साथै सहायक पत्रपत्रिकासूची समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

## परिच्छेद : दुई

# निबन्धकार रामबाबु घिमिरेको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त अध्ययन

## २.१ पारिवारिक पृष्ठभूमि

गोर्खा जिल्लाको पृथ्वीनारायण नगरपालिका, बराह क्षेत्रमा पुर्ख्यौली घर भएका रामबाबु घिमिरे पिता गम्भीरध्वज घिमिरे र माता चन्द्रकुमारी घिमिरेका कोखबाट जन्मेका साहित्यका विशिष्ट स्रष्टा हुन् ।[12] छ दिदी-बहिनी र दुई दाजुभाइ मध्येका सबैभन्दा कान्छा छोरा घिमिरे हाल चितवन जिल्लाको रत्ननगर नगरपालिका, वडा नं. २ मा बसोबास गर्दै आएका छन् । पढाइप्रति सानैदेखि रुचि भएका घिमिरेका अन्य दाजुभाइहरूले पढाइलाई त्यति रुचि नदिएकाले उनीहरूले आफ्ना बाबुले गर्दै आएको पुर्ख्यौली पेसालाई अगाडि बढाएका छन् । रामबाबुको पुर्ख्यौली पेसा कृषि भएकाले यिनको जग्गा भने निकै नै रहेको छ । आफ्नो पेसा प्राध्यापक भए तापनि आयआर्जनको मुख्य स्रोत कृषि नै रहेको बताएका छन् ।[13]

पढाइप्रति अत्यन्त रुचि भएका घिमिरे अध्ययन पूरा गर्न नपाउँदै वि.सं. २०३१ सालमा पिता गणेशबहादुर थापा र माता डम्बरकुमारी थापाकी माहिली सुपुत्री सरस्वती थापासँग विवाह बन्धनमा बाँधिएका हुन् । यसले गर्दा उनले आफ्नो पढाइलाई केही समय स्थगित गरे तापनि पछि निरन्तरता दिएका थिए । उनको हाल दुई छोरा र एक छोरी छन् । सानै उमेरदेखि विशिष्ट प्रतिभाका धनी घिमिरे निरङ्कुश पञ्चायती व्यवस्थाका कट्टर विरोधी, निष्पक्ष न्याय र स्वतन्त्रताका पक्षधर देखिन्छन् । साहित्यका क्षेत्रमा कथा, कविता, उपन्यास, निबन्ध जस्ता विविध विधामा कलम चलाए तापनि घिमिरेको मुख्य साहित्यिक विधा निबन्ध भएकाले यिनी निबन्धकार रामबाबु घिमिरेका रूपमा परिचित छन् ।

### २.१.१ जन्मस्थान र बाल्यकाल

रामबाबु घिमिरेको जन्म २०११ साल जेठ २१ गते नारायणी अञ्चलको चितवन जिल्ला अन्तर्गत चण्डीभन्ज्याङ गा.वि.स. वडा नं. २, तोलाङ्ग भन्ने ठाउँमा पिता गम्भीरध्वज

---

[12] शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

[13] ऐजन ।

घिमिरे र माता चन्द्रकुमारी घिमिरेको कोखबाट भएको हो ।[14] घिमिरेको न्वारनको नाम पूर्णबहादुर भए तापनि उनको बोलाउने नाम वा चलनचल्तीको नाम रामबाबु घिमिरे हो ।

### २.१.२ शिक्षा-दीक्षा

रामबाबु घिमिरेको अक्षरारम्भ घरमा नै भए पनि विद्यालयको शिक्षा भने वि.सं. २०१६ सालदेखि चितवन जिल्लाको जुटपानी गा.वि.स. मा रहेको राष्ट्रिय प्राथमिक विद्यालयबाट सुरुवात गरेका हुन् । त्यसपछि माध्यमिक तहको शिक्षा रत्ननगर नगरपालिकास्थित नेपाल माध्यमिक विद्यालयबाट प्रारम्भ गरी वि.सं. २०२६ सालमा एस.एल.सी. द्वितीय श्रेणीमा उत्तीर्ण गरी पूरा गरेका छन् । साहित्यप्रति रुचि भएका घिमिरे विद्यालयस्तरको अध्ययनको क्रममा नै विभिन्न पत्रपत्रिका पढ्ने, कथा-कविताप्रति रुचि राख्ने गरेको कुरा बताएका छन् ।[15]

विद्यालयस्तरको पढाइ सकेपछि उच्चशिक्षा वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरबाट सुरु भएको हो । वि.सं. २०२५ सालमा प्रवीणता प्रमाण-पत्र तह द्वितीय श्रेणीमा उत्तीर्ण गरेपछि घिमिरे सोही वर्ष स्नातक तहको अध्ययनका लागि काठमाडौँको त्रिचन्द्र कलेजमा भर्ना भएका थिए । त्यहाँ उनले मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा राजनीतिशास्त्र र नेपाली विषयलाई मुख्य विषय बनाई आफ्नो अध्ययन अघि बढाएका थिए । नेपाली विषयलाई मुख्य विषय बनाउनुको उद्देश्य विशेषतः साहित्यप्रतिको आफ्नो झुकाव रहेको कुरा र राजनीतिशास्त्र लिनुमा राजनीतिप्रतिको आकर्षण रहेको देखिन्छ । वि.सं. २०३० सालमा द्वितीय श्रेणीमा स्नातक उत्तीर्ण गरे । त्यसपछि केही समय पारिवारिक कारणले अध्ययनलाई निरन्तरता दिन सकेका थिएनन् । तर साहित्य सिर्जनामा भने प्रवृत्त रहेको पाइन्छ । केही समयको अन्तरालपछि वि.सं. २०३४ सालमा स्नातकोत्तर तहको अध्ययनका लागि त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा भर्ना भएका थिए । कडा परिश्रम र मिहिनेतको फलस्वरूप वि.सं. २०३६ नेपाली स्नातकोत्तर तह प्रथम प्रथम श्रेणीमा उत्तीर्ण गरेका छन् ।

### २.१.३ भ्रमण

भ्रमण गर्ने रुचि भएका रामबाबु घिमिरेले अध्ययनको क्रममा कतै पनि भ्रमण गर्न नपाएका र उनको परिवारबाट पनि कोही देश-विदेश भ्रमणमा नगएको कुरा बताएका छन्

---

14 शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।
15 ऐजन ।

।[16] अध्ययनको क्रममा भ्रमणको अवसर नपाए तापनि पछि भारतको बम्बै, दिल्ली, दार्जिलिङ्ग, देहरादुन, कलकत्ता जस्ता विभिन्न ठाउँहरू भ्रमण गरेका छन् । वि.सं. २०३७ सालमा शिक्षण पेशामा प्रवेश गरेपछि पनि भ्रमणको अवसर प्राप्त गरेको कुरा जानकारी गराएका छन् ।[17] यसको साथै नेपालका विभिन्न धार्मिक स्थलका साथै महत्त्वपूर्ण स्थलहरू पनि घुम्ने अवसर प्राप्त भएको कुरा उनका निबन्धहरूबाट पनि जानकारी पाइन्छ ।

रामबाबु घिमिरेजस्ता आत्मानुभूतिलाई कल्पनाले रङ्गाएर त्यसलाई साहित्यको रूप दिनसक्ने स्रष्टाको लागि भ्रमण अति नै आवश्यक हुन्छ । उनले जति ठाउँहरूमा भ्रमण गरेका छन् ती ठाउँहरूलाई आफ्ना निबन्धहरूमा परिवेशका रूपमा लिएको देखिन्छ ।

## २.१.४ सम्मान तथा पुरस्कार

कुनै पनि व्यक्तिको कार्य मूल्याङ्कन गरी उत्कृष्टताको आधारमा उसलाई थप बल, प्रोत्साहन तथा प्रेरणा मिलोस् भन्ने उद्देश्यले दिइने मौलिक तथा भावनामूलक उपहारलाई नै सामान्य अर्थमा पुरस्कार भनिन्छ । मोसफलमा रहेर साहित्य सिर्जना गर्ने साहित्यकार रामबाबु घिमिरेले नेपाली साहित्यका अतिरिक्त विभिन्न क्षेत्रमा योगदान दिएबापत विभिन्न पुरस्कार र सम्मान प्राप्त गरेका छन् । यिनले प्राप्त गरेका मानपदवीको विवरण यसप्रकार रहेको छ :

| क्र.सं. | पुरस्कार तथा मानपदवी | दातृ संघ-संस्था | पुरस्कृत कृति तथा व्यक्तित्व | साल |
|---|---|---|---|---|
| 1 | राष्ट्रिय शिक्षा सेवा पदक | शिक्षा मन्त्रालय रा.शि.अ. | सहित्यिक योगदान | 2041 |
| 2 | सम्मान पत्र | नेपाली सामाजिक गुठी | साहित्यिक व्यक्तित्व | 2050 |
| 3 | प्रतिभा पुरस्कार | चि.सा.प. | **म हरेस खान थालेको छु** (निबन्धसङ्ग्रह) | 2054 |
| 4 | नारायणी वाङमय पुरस्कार | नारायणी वाङ्मय प्रतिष्ठान | **लेख्न नपर्ने कुरा** (निबन्धसङ्ग्रह) | 2057 |
| 5 | पत्रकारिता पुरस्कार | प्रेस काउन्सिल, नेपाल | **सम्प्रेषण** त्रैमासिक पत्रिकालाई | 2059 |
| 6 | सम्मान-पत्र | र.न.पा. कार्यालय, चितवन | उत्कृष्ट स्थानीय साहित्यकार | 205 |

16 ऐजन ।
17 पूर्ववत् ।

| | | | | |
|---|---|---|---|---|
| | | | | 9 |
| 7 | सम्मान-पत्र | रामयुग मल्ल प्रतिष्ठान | साहित्यकार व्यक्तित्व | 2060 |
| 8 | सम्मान-पत्र | वीरेन्द्र बहुमुखी क्याम्पस | दीर्घसेवा | 2061 |
| 9 | सम्मान-पत्र | कालिका एफ.एम. | साहित्यकार व्यक्तित्व | 2062 |
| 10 | सम्मान-पत्र | नेपाल उच्च मा.वि. | साहित्यकार व्यक्तित्व | 2063 |
| 11 | सम्मान-पत्र | सञ्जीवनी सा.स., चितवन | साहित्यकार व्यक्तित्व | 2064 |
| 12 | सम्मान-पत्र | सहिद स्मृति ब. क्याम्पस | साहित्यकार व्यक्तित्व | 2065 |
| 13 | सम्मान-पत्र | युवा अभियान, चितवन | साहित्यकार व्यक्तित्व | 2065 |
| 14 | सम्मान-पत्र | दोहा समाज, कतार | साहित्यकार व्यक्तित्व | 2066 |

### २.१.५ संस्थागत संलग्नता

साहित्यिक व्यक्तित्वका साथै अन्य व्यक्तित्वका धनी रामबाबु घिमिरे सर्वप्रथम वि.सं. २०२९ सालमा त्रिचन्द्र कलेजबाट निस्कने **ज्योत्स्ना** पत्रिकाको सम्पादक समूहमा रहेर कार्य सम्पादन गरेका थिए । त्यस्तै चितवन साहित्य परिषद्को मुखपत्रको रूपमा रहेको **बागीश्वरी** पत्रिकाको प्रथम अङ्कको सम्पादन समूहमा पनि यिनको संलग्नता थियो । त्यस्तै अन्य पत्र-पत्रिकाहरू **वन्दना, सम्प्रेषण** जस्ता पत्रिकाको पनि सम्पादन गरेका थिए । यिनी चितवन साहित्य परिषद्को प्रथम कार्यकारिणी समितिका सदस्य पनि रहेका थिए ।[18] हाल आएर उनी बाल्मीकि साहित्य सदनको अध्यक्ष पदमा रहेर कार्य गरिरहेका छन् । यिनले आफ्नो व्यक्तित्वको परिचय साहित्यिक संघ-संस्थाका अतिरिक्त साहित्येतर संस्थामा रहेर पनि दिएका छन् ।

[18] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

वि.सं. २०३६ सालदेखि हालसम्म शैक्षिक सेवाअन्तर्गत विभिन्न क्याम्पसहरूमा प्राध्यापनरत रही सहायक क्याम्पस प्रमुख, कायम-मुकायम क्याम्पस प्रमुखसमेत बनेर आफूभित्रको प्रशासनिक दक्षताको राम्रो परिचय दिएका छन् ।

### २.१.६ साहित्य सिर्जना र प्रभाव

कुनै पनि साहित्यकारलाई साहित्यतर्फ लाग्ने प्रेरणा र प्रभाव कसै न कसैको प्रत्यक्ष वा परोक्ष प्रभाव परेको हुन्छ । त्यस्तै नेपाली साहित्यका स्रष्टा रामबाबु घिमिरे पनि उनका गुरुहरूको प्रेरणाका साथै विभिन्न साहित्यकार र तिनीहरूको कृतिहरूको अध्ययनबाट प्रभावित भई साहित्य सिर्जनामा अग्रसर भएका हुन् । पूर्वीय तथा पाश्चात्य साहित्यकारहरूको प्रभावबाट साहित्य सिर्जना गर्ने घिमिरे नेपाली साहित्यका शङ्कर लामिछाने, भूपि शेरचन, विश्वेश्वरप्रसाद कोइराला, हिन्दी साहित्यका राहुल साङ्कृत्यायन, अमृता प्रीतम, प्रेमचन्द, रवीन्द्रनाथ टैगोर तथा अङ्ग्रेजी साहित्यका मोन्तेन, वर्डस्वर्थ र सेक्सपियरजस्ता साहित्यकारहरूका प्रेरणा र उनीहरूका कृतिहरूको प्रभाव परेको देखिन्छ ।[19]

## २.२ व्यक्तित्व

हरेक मानिसको आ-आफ्नै व्यक्तित्व हुन्छ । व्यक्तित्वले गर्दा नै मानिस एक-अर्काबाट भिन्न हुन्छ । व्यक्तित्व भन्नु कुनै पनि व्यक्तिको निजी पहिचान हो । मान्छेको पहिचानलाई दुई भागमा विभाजन गर्न सकिन्छ । एउटा चिनारीले उसको शारीरिक जिउडाल, वर्ण, लिङ्ग, कद मोटो-दुब्लो, रोगी-निरोगी आदि कुराहरूबाट व्यक्तित्वलाई चिनाउँछ, जसलाई बाह्य व्यक्तित्व भनिन्छ । बाह्य व्यक्तित्वको तुलनामा आन्तरिक व्यक्तित्व महान् हुन्छ तर पनि बाह्य व्यक्तित्वले आन्तरिक व्यक्तित्वको (व्यक्तिको बौद्धिक क्षमता, प्रतिभा तथा कुनै पनि कार्यगत योगदान आदि) विकासमा सघाउ पुऱ्याएकै हुन्छ । हरेक मानिसभित्र रहेको प्रतिभा वा क्षमता नै आन्तरिक व्यक्तित्व हो ।

### २.२.१ बाह्य व्यक्तित्व

कुनै पनि व्यक्तिको बाह्य व्यक्तित्वबाट नै आन्तरिक व्यक्तित्वको निर्माण हुन्छ । रामबाबु घिमिरेको जीवनले ५७ (सन्ताउन्न) वर्ष पार गरिसकेको, मझौलो आकारको शरीर,

[19] ऐजन ।


गहुँगोरो वर्ण, केही लाम्चिलो मुखाकृति, ठूलो नाक, बिफरको कारणले बस्न गएको दाग देखिए तापनि सधैँ प्रसन्न, हँसिला र उज्यालो अनुहार उनको बाह्य व्यक्तित्व आकर्षक रहेको छ ।

### २.२.२ आन्तरिक व्यक्तित्व

कुनै पनि मानिसलाई पूर्णरूपमा चिनाउनका लागि बाह्य व्यक्तित्वका अतिरिक्त आन्तरिक व्यक्तित्वले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । आन्तरिक व्यक्तित्वमा कुनै पनि व्यक्तिको बौद्धिक पक्ष, हृदय पक्ष तथा उसको भित्री (आन्तरिक) कार्यगत क्षमतालाई हेर्ने गरिन्छ । घिमिरेको बाह्य व्यक्तित्वजस्तै आन्तरिक व्यक्तित्व पनि प्रखर रहेको छ । कविता-काव्य, आख्यान, निबन्ध आदि साहित्यका विविध विधामा कलम चलाएका घिमिरे बहुमुखी प्रतिभाका धनी देखिन्छन् । विभिन्न क्षेत्रमा विस्तारित उनको व्यक्तित्वलाई मुख्य रूपमा साहित्यिक र साहित्येतर गरी दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

### २.२.३ व्यक्तित्वका विविध रूप

हरेक मान्छेको व्यक्तित्वलाई ऊ स्वयम्ले जीवनक्रममा भोगेका, अनुभव गरेका विविध घटना तथा सुख, दुःख, घात-प्रतिघात, मिलन-बिछोडले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका साथ-साथै उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक पक्षले व्यक्तित्व निर्माणमा ठूलो भूमिका खेलेको हुन्छ । रामबाबु घिमिरेले नेपाली साहित्यका विविध विधामा आफ्ना कलमलाई अगाडि बढाएर आफ्नो छुट्टै व्यक्तित्वको परिचय दिएका छन् ।




#### २.२.३.१ साहित्यिक व्यक्तित्व

मान्छेका मनमा निहित भावलाई सुन्दर र कलात्मक भाषामा लेखिएको अभिव्यक्ति नै साहित्य हो । साहित्यले सबैलाई मन्त्रमुग्ध पार्दछ । रामबाबु घिमिरेले साहित्यिक लेखनको

सुरुवात स्कुल जीवनदेखि नै गरे पनि वि.सं. २०२७ सालमा **राष्ट्रपुकार** नामक पत्रिकामा प्रकाशित *मेरो अनुहार* शीर्षकको कविता नै उनको पहिलो साहित्यिक रचना मानिन्छ । यसपछि उनले साहित्यका अन्य विधामा समेत आफ्नो कलमलाई अघि बढाउँदै लगेका छन् । साहित्यिक व्यक्तित्वका धनी घिमिरेको साहित्यिक व्यक्तित्वको यहाँ सङ्क्षिप्त चर्चा गरिएको छ ।

### २.२.३.१.१ कवि व्यक्तित्व

सानै उमेरदेखि साहित्यप्रति रुचि भएका घिमिरेले कविताबाट आफ्नो साहित्य सिर्जनाको थालनी गरेको देखिन्छ । गुरुहरूको प्रेरणा, विभिन्न साहित्यकार र उनीहरूको साहित्यिक कृतिको अध्ययनबाट आफूले साहित्य सिर्जना गरेको बताउने घिमिरेको लेखनका दृष्टिले पहिलो कविता *वेदना* रहेको छ । प्रकाशनका दृष्टिले पहिलो कविता वि.सं. २०२७ सालमा प्रकाशित **राष्ट्रपुकार** नामक पत्रिकामा *मेरो अनुहार* रहेको छ ।[20] उक्त कवितामा घिमिरेको व्यङ्ग्यचेत, विद्रोही र क्रान्तिधर्मिता स्पष्ट रूपमा अभिव्यक्त भएको छ ।

घिमिरेको पुस्तकाकार रूपमा प्रकाशित कवितात्मक कृति **मुक्तक सङ्ग्रह** (२०५६) हो । कविता विधाबाट लेखनको सुरुवात गरे तापनि यिनले कविता लेखनमा निरन्तरता भने दिएको देखिन्न । उनको मुक्तकसङ्ग्रहमा जीवनबोध, भ्रष्टाचार, घुसखोरी, कालोबजारी, सुख-दुःखका अनुभव, राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गति, नारी सौन्दर्यप्रतिको मोह, सोमरसप्रतिको महकतालाई आफ्नो मुक्तकको विषयवस्तु बनाएका छन् । आफूले देखे-भोगेको कुराहरूलाई बिम्ब र प्रतीकका माध्यमबाट अभिव्यञ्जनात्मक ढङ्गले प्रस्तुत गर्ने घिमिरेको शैली सरल तथा प्रभावकारी देखिन्छ ।

### २.२.३.१.२ निबन्धकार व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाएका घिमिरेका व्यक्तित्वमध्ये निबन्धकार व्यक्तित्व सर्वश्रेष्ठ व्यक्तित्वको रूपमा रहेको छ । वि.सं. २०३० सालमा कीर्तिपुरबाट स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूद्वारा प्रकाशित **क्रान्ति** पत्रिकामा *गुन्द्रुकको झोल* शीर्षकको निबन्ध प्रकाशित गरेर घिमिरेले आफ्नो निबन्धयात्रा सुरु गरेका हुन् । उक्त निबन्ध घिमिरेको **लेख्न नपर्ने कुराहरू** निबन्धसङ्ग्रह (२०५६) मा सङ्कलित छ । यिनका

[20] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

निबन्धसङ्ग्रहहरूमा **म हरेस खान थालेको छु** (२०४७), **लेख्न नपर्ने कुराहरू** (२०५७), **अनर्गल प्रलाप** (२०६५) रहेका छन् । वर्तमान पुस्ताका सशक्त निबन्धकार घिमिरेका निबन्धहरूले वस्तुपरकता भन्दा आत्मपरकतालाई बढी अँगालेका छन् ।

विसङ्गत जीवनलाई शब्दमा उतारेर देखाउनु यिनको विशेषता हो । यिनले मनोमस्तिष्कमा मडारिएका वैयक्तिक अनुभूतिहरू, आफ्नो प्राध्यापकीय जीवनका अनुभवका साथै जीवनका विविध आरोह-अवरोहहरूलाई आफ्ना निबन्धका विषयवस्तु बनाएका छन् । वैयक्तिकता भनेको व्यक्तित्वको अभिव्यक्ति हो । यो निबन्धको महत्त्वपूर्ण तत्त्व हो, जसलाई निबन्धको प्राण भनिन्छ । निबन्धमा लेखकको आत्मप्रकाशन हुनुपर्छ, उसका अनुभूति र भोगाइ पनि पोखिएको हुनुपर्दछ भन्ने मान्यता छ ।[21] यस आधारमा घिमिरेका निबन्धलाई हेर्दा प्रायः सबै निबन्धहरू सफल देखिन्छन् । सङ्ख्यात्मक रूपमा थोरै भए पनि गुणात्मक रूपमा मूल्यवान् निबन्ध सर्जकका रूपमा रहेका रामबाबु घिमिरेका निबन्धहरूको चर्चा-परिचर्चा कम हुने गरेको भए तापनि निबन्धगत चेतना र कलाका दृष्टिले उनका कृति मीठा, मोहक, अनि उच्च छन् । औपचारिक र आत्मीय शैली, हार्दिकताले छताछुल्ल, भावुकता, जतातत‌ै उक्तिवैचित्र्य र तीखो व्यङ्ग्य, सरल प्रवाहमय र प्राञ्जल भाषा, छोटा-छरिता वाक्य, विशृङ्खलता, आकारमा लघुता, मनमौजी र सहज सम्प्रेष्यता घिमिरेको निबन्धकारिता हो ।[22] आत्मपरक शैलीको नौलो नमूना, अनुभूतिको तीव्रता, अभिव्यक्तिको सरसता, सरलता र प्रभावकारिताको मनोरम प्रस्तुति नै निबन्धकार घिमिरेको लेखकीय विशेषता हो ।

रामबाबु घिमिरेले जीवनमा आफूले सुनेका, देखेका र अनुभव गरेका विविध कुराहरूलाई आफूमा मात्र सीमित नराखी आफ्ना कृतिका माध्यमबाट सबैमा बाँड्ने काम गरेका छन् । उनको अन्य व्यक्तित्वभन्दा निबन्धकार व्यक्तित्व नै उच्च र उज्ज्वल रहेको छ ।

### २.२.३.१.३ आख्यानकार व्यक्तित्व

बहुमुखी व्यक्तित्वका धनी घिमिरेले आख्यानको क्षेत्रमा पनि कलम चलाइ आख्यानकार व्यक्तित्वको रूपमा आफूलाई चिनाएका छन् । यिनले वि.सं. २०२६ सालमा *बाढी* शीर्षकको कथा लेखेर आख्यान विधाको क्षेत्रमा प्रवेश गरेको देखिन्छ तर उक्त कथा प्रकाशन भने हुन सकेको पाइँदैन । त्यस्तै उनले वि.सं. २०३४ सालमा **रित्तो आकाश** (उपन्यास) **रूपरेखा**

[21] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्यः सर्वेक्षण र विश्लेषण,** (चितवनः चितवन वाङमय प्रतिष्ठान (२०५२), पृ. ८६ ।

[22] निर्माही व्यास, (*भूमि*), *लेख्न नपर्ने कुराहरूमा लेख्न मन लागेका कुराहरू,* **लेख्न नपर्ने कुराहरू,** ले. रामबाबु घिमिरे, (चितवनः चितवन साहित्य परिषद् (२०५६) ।

पत्रिकामा प्रकाशित गरेका थिए । **रित्तो आकाश** उपन्यास नै यिनको साहित्य क्षेत्रकै पहिलो पुस्तकाकार कृति बन्न पुगेको छ । घिमिरेले उपन्यास पछि वि.सं. २०४९ सालमा *आगो बलिरहेको थियो* (कथा) र वि.सं. २०५४ मा स्व.वि.यु. स्मारिका **अन्तर्नयन**मा *नयाँ घरको चाहना* शीर्षकको लघुकथा प्रकाशित गरेको पाइन्छ ।

यसरी आफ्नो आख्यानकार व्यक्तित्व अन्तर्गत एउटा उपन्यास र दुईवटा कथा प्रकाशित गरेर आफ्नो परिचय दिने घिमिरेका आख्यानमा सामाजिक जीवनका विविध पक्षका साथै विकृत र विसङ्गतिका विविध पाटाहरूलाई देखाउने काम गरेका छन् ।

### २.२.३.२ साहित्येतर व्यक्तित्व

कुनै एउटै व्यक्तिभित्र पनि धेरै प्रकारका अभिरुचि, क्षमता, प्रतिभा, सीप र कौशल रहेको हुन्छन्, जसका कारण समाजका अनेक क्षेत्रमा उसले आफूलाई संलग्न गराउन सक्दछ । यसै परिप्रेक्ष्यमा रामबाबु घिमिरेको व्यक्तित्व पनि बहुआयामिक देखिन्छ । साहित्यिक व्यक्तित्वका अतिरिक्त साहित्येतर व्यक्तित्व पनि उनमा पाइन्छ । यहाँ उनको साहित्येतर व्यक्तित्वमाथि प्रकाश पारिएको छ ।

#### २.२.३.२.१ सम्पादक व्यक्तित्व

विविध व्यक्तित्वका धनी घिमिरेको सम्पादक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ । यिनले साहित्य सिर्जना मात्र नगरी विभिन्न पत्र-पत्रिकाको सम्पादन पनि गरेका छन् । पहिलो पटक वि.सं. २०२९ सालमा त्रिचन्द्र कलेजबाट प्रकाशित **ज्योत्स्ना** साहित्यिक पत्रिकाको सम्पादन मण्डलमा रहेर पत्रिकाको सम्पादन कार्य गरेको देखिन्छ । यहीँबाट नै उनको सम्पादक व्यक्तित्व देखा परेको हो । त्यस्तै वि.सं. २०४४ सालमा प्रकाशित **वन्दना**, वि.सं. २०४८ सालमा प्रकाशित **सम्प्रेषण** त्रैमासिक पत्रिकामा प्रधान सम्पादक भई वि.सं. २०५५ सालसम्म काम गरे भने **वागीश्वरी** पत्रिकाको सम्पादन मण्डलमा रहेर काम पनि गरेका थिए । सम्पादकको रूपमा रहेर काम गरेको हुनाले घिमिरेको साहित्येतर व्यक्तित्वलाई अझ निखार्ने काम गरेको छ ।

यसरी विभिन्न पत्रपत्रिकामा सम्पादन कार्य गरी आफू भित्रको सम्पादकीय व्यक्तित्वलाई उजागर गर्ने काम घिमिरेबाट भएको देखिन्छ ।

#### २.२.३.२.२ प्राध्यापक, प्रशासक व्यक्तित्व

प्राध्यापन कार्यमा लागेका घिमिरेले आफ्नो जीवनमा केही समय प्राध्यापक कार्यलाई अङ्गालेर शिक्षाको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । घिमिरे असल प्राध्यापकका रूपमा चिनिन्छन् । त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसहरूमा र काजमा सम्बन्धन प्राप्त पब्लिक क्याम्पसमा प्राध्यापक र प्रशासक भएर अठार वर्ष काम गरेका थिए । त्रि.वि. सेवाबाट अवकास लिएपछि चार वर्ष उनले पब्लिक क्याम्पसमा प्राध्यापक र प्रशासक भएर काम गरेका थिए भने तीन वर्ष जति उनी आफ्नो पेशाप्रति उदासीन भएर प्राध्यापक पेसाबाट समेत राजिनामा दिएका थिए । आफ्नो जीवनमा २२ वर्ष सेवा गरेर अवकास लिएका घिमिरेले केही समय विश्राम गरेर बिताए पनि पछि फेरि उनी प्राध्यापन पेशामा नै संलग्न भएको बताएका छन् ।[23] जीवनमा केही नगरी बस्न नसक्ने घिमिरेको प्राध्यापक व्यक्तित्व अत्यन्त महत्त्वपूर्ण छ ।

### २.२.३.२.३ राजनैतिक व्यक्तित्व

सानैदेखि राजनीतिमा रुचि भएका घिमिरेको राजनैतिक मान्यता प्रजातान्त्रिक समाजवाद हो । माध्यमिक तहमा अध्ययनरत रहँदादेखि नै राजनीतिमा प्रवेश गरेका घिमिरे नेपाल माध्यमिक विद्यालयको विद्यार्थी संगठनमा प्रत्यासी भएर उम्मेदवारी दिएका थिए तर पराजित भएका थिए । त्यस्तै वि.सं. २०२६ सालमा आइ.ए. मा पढ्दा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा उप-सभापति पदमा उम्मेदवार भए तर त्यसमा पनि पराजित हुनु परेको थियो ।

विद्यार्थी जीवनदेखि नै राजनीतिमा हात हालेका घिमिरे विद्यार्थी जीवनको राजनीतिमा सधैं पराजित भएका थिए । त्यस्तै वि.सं. २०५४ सालमा प्राध्यापकीय जीवनमा पनि आफ्नो पेसालाई छाडेर नेपाली काँङ्ग्रेसको तर्फबाट रत्ननगर नगरपालिकाको मेयर पदका प्रत्याशीको रूपमा चुनावमा सहभागी भएका थिए तर त्यसमा पनि पराजित नै भएका थिए । राजनीतिमा निकै रुचि भए तापनि उनी राजनीतिमा पटक-पटक पराजित हुन पुगेका छन् । पराजित हुने क्रमलाई हेर्दा यो उनको नियति नै बनेको देखिन्छ ।

शैक्षिक उत्थानका लागि उल्लेखनीय योगदान दिएका घिमिरेको राजनीतिक पृष्ठभूमिमा रहेर सेवा गर्ने इच्छा इच्छामै सीमित भएको देखिन्छ । पटक-पटकको असफलताका कुराहरू उनले आफ्ना साहित्यिक कृतिमा पनि पोखेका छन् । राजनीतितर्फ रुचि भए तापनि राजनीतिमा सधैं असफल हुन परेकोले उनको राजनैतिक व्यक्तित्व भन्दा प्राध्यापकीय व्यक्तित्व नै सफल मान्न सकिन्छ ।

---

23 शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

#### २.२.३.२.४ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । ऊ समाजबाट अलग बस्न सक्दैन । समाजमा हुने सामाजिक, धार्मिक, सांस्कृतिक आदि कार्यहरूमा संलग्न भएर आफ्नो सामाजिक व्यक्तित्वका साथै समाजसेवी व्यक्तित्वको परिचय दिन सकिन्छ । निबन्धकार घिमिरेले आफ्नो अध्ययन पूरा गर्ने क्रममा काठमाडौँ गएका र त्यहाँका परिवेश र गाउँको परिवेशलाई तुलना गरेर आफूले केही गर्ने सोच आएकोले गर्दा समाजसेवामा अग्रसर भएका हुन् । उनले आफ्नो अध्ययन पूरा गर्नको लागि स्याङ्जाको एउटा गाउँमा गएर सेवा गरेका थिए । ग्रामीण क्षेत्रको विस्तृत अध्ययन गर्ने उद्देश्यले त्यहाँ गएका घिमिरेले त्यस गाउँका किसानहरूलाई प्राप्त बीउ-बिजन बाँड्ने, बाटो-घाटोको निर्माण गर्ने, सम्बन्धित शिक्षा कार्यालयसँग मिली प्रौढ शिक्षा प्रदान गर्ने, ग्रामीण जनतामा जनचेतना जगाउने जस्ता कार्यहरू गरेका थिए । विद्यालय भवन निर्माण, खानेपानी ट्याङ्की निर्माण, शौचालय निर्माण जस्ता कार्यमा प्रत्यक्ष सहभागी बनेर संस्थागत रूपमा समाजसेवा गरेका थिए । वैचारिक रूपबाट पनि उनले आफ्ना साहित्यिक कृतिका माध्यमबाट समाजका मान्छेलाई कर्मक्षेत्रमा लाग्न अग्रसर गराएका छन् ।

यसरी समाज सेवामा संलग्न भएका घिमिरेले आफ्नो जीवनमा गृह जिल्लाभन्दा बाहिर गएर समाजसेवा गर्नुका साथै आफ्नो गृह जिल्लामा पनि विभिन्न संघ-संस्थामा आबद्ध भएर समाजसेवाका कार्यहरू गरिरहेका छन् । जीवनमा केही न केही गर्नु पर्छ भन्ने मान्यता बोकेका घिमिरेका यिनै कार्यहरूले समाजसेवी व्यक्तित्वलाई उजागर गरेको छ ।

## २.३ निष्कर्ष

नेपाली साहित्यको विविध विधामा कलम चलाएका रामबाबु घिमिरेको अन्य व्यक्तित्वका तुलनामा निबन्धकार व्यक्तित्व नै उच्च रहेको देखिन्छ । घिमिरेले आफ्ना गुरुहरू र विभिन्न पाश्चात्य तथा पूर्वीय साहित्यकारहरूका साहित्यिक कृतिबाट प्रेरणा प्राप्त गरी निबन्धको सिर्जनातर्फ उत्प्रेरित भएको देखिन्छ । यिनका निबन्धमा समसामयिक परिवेशमा देखापरेका जीवनजगत्का विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । विद्यालयीय जीवनकालदेखि नै साहित्यतर्फ आकृष्ट भएका घिमिरेका साहित्यिक व्यक्तित्वका साथै साहित्येतर व्यक्तित्व पनि महत्वपूर्ण रहेका छन् । साहित्यिक व्यक्तित्वअन्तर्गत कवि व्यक्तित्व, आख्यानकार व्यक्तित्व हुँदै अगाडि बढे तापनि निबन्धकार व्यक्तित्व नै प्रवल र प्रमुख

व्यक्तित्वको रूपमा देखा परेको छ । साहित्येतर व्यक्तित्वअन्तर्गत सम्पादक, प्राध्यापक, प्रशासक, राजनैतिक, समाजसेवी आदि क्षेत्रमा उनको व्यक्तित्व फैलिएको पाइन्छ । यसरी उनको व्यक्तित्वको दुई पाटा साहित्यिक र साहित्येतर गरी देखा पर्दछ ।

परिच्छेद : तीन

# निबन्धको सैद्धान्तिक अध्ययन र विकासक्रम

## ३.१ निबन्धको अवधारणा

साहित्यको कान्छो विधाको रूपमा परिचित निबन्ध छोटो र छरितो गद्य विधा हो । साहित्यका सिर्जनात्मक विधामध्ये लोकप्रिय विधाका रूपमा रहेको निबन्ध निजात्मक र लघु आकृतिका हुन्छन् । निबन्धमा अन्य साहित्यिक विधाका गुणहरू धेरै-थोरै समाहित हुने हुँदा निबन्ध साहित्यिक र साहित्येतर गरी दुई प्रकारका हुन्छन् । साहित्यिक निबन्ध ललित र सौन्दर्यपरक हुन्छ । यो रागात्मक, अनुभूतिमा आधारित कल्पनाप्रधान, निजात्मक र विशिष्ट भाषिक कलामा आधारित हुन्छ । साहित्येतर निबन्ध ज्ञान-विज्ञानका क्षेत्रमा आधारित र प्रविधिपरक हुन्छ । यो वस्तुगत ज्ञानमा आधारित, न्यून कलात्मक, परात्मक, निर्वैयक्तिक र सामान्य भाषिक कलामा आधारित हुन्छ ।[24]

### ३.१.१ पूर्वीय दृष्टिकोणमा निबन्ध

निबन्ध तत्सम शब्द हो । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'घञ्' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको पाइन्छ ।[25] यसको व्युत्पत्तिगत अर्थ 'निबध्नानीति निबन्ध' भन्ने हुन्छ । श्रीमद्भागवत गीतामा 'दैवीसम्पद्विमोक्षाय निबन्धायासुरी मता' भन्दै निबन्धको प्रयोग असुरी सम्पदालाई बाध्ने अर्थमा भएको पाइन्छ ।[26] एघारौं शताब्दीमा निबन्ध शब्दको प्रयोग अर्थ टीका, व्याख्या, भाषा आदि अर्थमा गरेको पाइन्छ ।[27] यसैगरी याज्ञवल्कस्मृतिमा 'निबन्धो द्रव्यमेव' भनेर द्रव्यका अर्थमा निबन्ध शब्दको प्रयोग भएको पाइन्छ ।[28] हेमचन्द्रले यसको प्रयोग सङ्ग्रह ग्रन्थमा मूत्रसंघकरूपी रोग तथा बन्धनको अर्थमा गरेका छन् ।[29] संस्कृतका कोशकार आप्टेले बाँध्नु, कस्नु, नियन्त्रण गर्नु आदि निबन्धका एघार अर्थ लगाएका छन् ।[30] **वासवदत्ता** र **न्यायमञ्जरी**मा ग्रन्थ रचनाका अर्थमा र तत्त्व दीपनको अनेक तत्त्वहरूको

---

24 राजेन्द्र सुवेदी, *आधुनिक नेपाली निबन्ध शिक्षण,* **वाङ्मय** (वर्ष १०, पू. १०, ०५७/०५८, पु. ८ ।

25 राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि** (तेस्रो सं.), ललितपुरः साभ्का प्रकाशन, २०५८, पृ. ६ ।

26 **श्रीमद्भागवत गीता,** (उन्नाइसौं सं.), गोरखपुरः गीता प्रेस, २०५४, पृ. १६ ।

27 राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ६ ।

28 गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, (बाह्रौं सं.), ललितपुरः साभ्का प्रकाशन, २०५८, पृ. ३ ।

29 राजेन्द्र सुवेदी, **नेपाली निबन्ध शिक्षण,** पूर्ववत्, पृ. ८ ।

30 शिवराम आप्टे वामन, **संस्कृत हिन्दीकोश** (दो.सं.), बनारसः मोतीलाल-बनारसीदास, सन् १९६९, पृ. ५२७ ।

सङ्गृहीत सानो साहित्यिक रचना विशेषका अर्थमा तथा **कादम्बरी**मा शाब्दिक कलाको चमत्कृत अर्थमा र **शिशुपालवध**मा भाष्य र ग्रन्थका अर्थमा निबन्ध शब्दको प्रयोग भएको देखिन्छ ।[31]

उपर्युक्त चर्चाका आधारमा हेर्दा निबन्ध शब्दको अर्थमा केही परिवर्तन हुँदै आएको पाइन्छ । आज निबन्ध शब्दले जुन अर्थ दिन्छ, त्यो अर्थ प्राचीन युगमा पाइँदैनथ्यो किनभने संस्कृत साहित्यमा आजको जस्तो निबन्ध विधाको सिर्जना भएको थिएन । आज निबन्ध शब्दले स्वतन्त्र रूपमा प्रकट हुने अर्थ, भाव र विचारलाई शृङ्खलित गर्ने सीमित आकारको रचनामा बाध्नु भन्ने बुझाउँछ । विश्व साहित्यमा आधुनिककालको सुरुवात भएपछि मात्र निबन्ध साहित्यको विधाको रूपमा स्थापित भएको हो । त्यसैले निबन्धको स्वरूपलाई बुझ्न निबन्धसम्बन्धी पाश्चात्य चिन्तन प्रक्रियाको नै अध्ययन गर्नु पर्ने देखिन्छ ।

## ३.१.२ पाश्चात्य दृष्टिकोणमा निबन्ध

पाश्चात्य साहित्यमा निबन्धलाई बुझाउने शब्द एस्से (Essay) हो । यस शब्दको प्रथमपटक प्रयोग सोह्रौं शताब्दीमा आएर भएको हो । एस्से (Essay) शब्द फ्रान्सेली भाषाको एस्सी (Essai) को तद्भव रूप हो जसको अर्थ प्रयास वा प्रयत्न गर्नु भन्ने हुन्छ ।[32] एस्सी (Essai) शब्द ल्याटिन 'एक्जिउम' बाट विकसित हुँदै फ्रेन्च एस्सी (Essai) र अङ्ग्रेजी साहित्यमा एस्से (Essay) का रूपमा विकसित हुँदै आएको हो । पाश्चात्य साहित्यमा निबन्ध शब्दको प्रयोग गर्ने प्रथम व्यक्ति फ्रान्सेली साहित्यकार मोन्तेन हुन् । मोन्तेन (१५३३-१५९५) ले फ्रान्समा सन् १५७१ पछि आफ्ना सङ्क्षिप्त रचनाहरूलाई फ्रान्सेली भाषामा एस्से भनेर परिभाषित गरेका थिए । उनले निबन्धका बारेमा छुट्टै टिप्पणी त गरेका छैनन् तापनि निबन्धलाई आत्मप्रतिपादन र अहम्ताको अभिव्यक्ति भनेका छन् । मान्छेले सबैभन्दा बढी आफूले चिनेको आफू स्वयम् नै हुने हुँदा म नै मेरो निबन्धको विषय हुँ ।[33] त्यसैलाई निबन्धमा प्रकट गरिन्छ भन्ने धारणा प्रकट गरेका छन् ।

अङ्ग्रेजी साहित्यका सबभन्दा पहिला र ठूला निबन्धकार बेकन हुन् । उनी मोन्तेनका आत्मपरक निबन्धबाट प्रभावित अवश्य थिए, तर त्यो प्रभाव बाह्यरूपको मात्र थियो । उनले

31 खगेन्द्रप्रसाद लुइँटेल र देवीप्रसाद गौतम, **नेपाली निबन्ध,** काठमाडौँः नवीन प्रकाशन, २०५५, पृ. १

32 रामनाथ ओभ्का, **शङ्कर लामिछानेको निबन्धकारिता,** काठमाडौँः पालुवा प्रकाशन, द्दण्टद्ध, पृ. द्ध ।

33 राजेन्द्र सुवेदी, **द्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि** (ते.सं.), ललितपुरः साझा प्रकाशन द्दण्छड, पृ. ज्ञठ ।

निबन्धलाई विशृङ्खलित चिन्तनका रूपमा लिएका छन् ।[34] उनका निबन्धहरू विचार प्रधान र वस्तुनिष्ठ छन् । त्यसैले उनका निबन्धहरू सरल र सरस नभई सिद्धान्त प्रतिपादन, पाण्डित्य प्रदर्शन, ज्ञानको प्रदर्शन तथा शास्त्रीय पूर्वाग्रहबाट प्रेरित छन् । शीर्षक नै एकदम बौद्धिक र गम्भीर रहेका उनका निबन्धहरूको शैली उच्चस्तरको र अनौपचारिक छ ।[35] मोन्तेन र बेकन समकालीन निबन्धकार भए पनि यिनीहरूको निबन्धमा पर्याप्त भिन्नता देखिन्छ । मोन्तेनले निबन्धलाई अहम्को अभिव्यक्तिका रूपमा लिएका छन् भने बेकनले विशृङ्खल चिन्तनका रूपमा लिएका थिए ।

मोन्तेनका निबन्धमा सहज, स्वाभाविक, निश्चल भङ्गिमाले रचयिताको अभ्यन्तर उद्भाषित भएको देखिन्छ भने बेकनका निबन्धमा तथ्य र प्रमाणले युक्त अन्तर्भेदी विश्लेषणको निक्षेपणले उद्भाषित भएको देखिन्छ ।[36] यसरी यिनीहरूका निबन्धले स्पष्ट रूपमा निबन्धको भेद देखाएर मोन्तेन आत्मपरक निबन्धकारका रूपमा देखा परे भने बेकन वस्तुपरक निबन्धकारका रूपमा देखा परे । पाश्चात्य साहित्यमा सोह्रौं शताब्दीपछि यिनै दुई मान्यतालाई स्वीकार गरी विभिन्न निबन्धकारहरूले निबन्धको सिर्जना गरेको पाइन्छ ।

यसै गरी पाश्चात्य साहित्यमा सत्रौं शताब्दीमा मोन्तेनको आत्मपरक मान्यतालाई आत्मसात गर्दै निबन्धको सिर्जना गर्ने प्रथम व्यक्तिका रूपमा अब्राहम काउले देखापर्छन् । जस्तोसुकै विषय र अवस्थामा निबन्धको रचना गर्दा प्रथम पुरुष शैलीको प्रयोग गर्ने काउलेका निबन्धहरूमा शाश्वत आकर्षण पाइन्छ ।[37] उनले सामान्य भन्दा सामान्य विषयलाई लिएर निबन्धको रचना गरेका छन् । अर्का निबन्धकार विलियम टेम्पलले बेकनको निबन्ध लेखनगत शैलीभन्दा विपरीत मोन्तेनको शैलीमा आत्माभिव्यञ्जनाको प्रयास गरेका छन् । त्यस्तै विकासक्रमसँगै अठारौं शताब्दीमा आएर बेलायतमा विभिन्न पत्रपत्रिका प्रकाशित हुन थालेपछि रिचार्ड स्टली, दानिल डिफो, जोसेफ एडिसन, हेनरी फिल्डिङ, स्यामुएल जोन्सन, ओलिभर गोल्डस्मिथ जस्ता निबन्धकार निबन्ध विधामा सक्रिय रहेको पाइन्छ । उन्नाइसौं शताब्दीमा पाश्चात्य साहित्यमा चार्ल्स ल्याम्ब, चार्ल्स डिकेन्स, टामस हेनरी, टामस कार्लायल, मैथ्यू अर्नल्ड, रस्किन, हर्वर्ट, इमर्सन आदि देखा परे । यिनीहरू मध्ये चार्ल्स ल्याम्बका निबन्धहरूमा हास्यतत्त्व, स्वैरकल्पना र भावुकता पाइन्छ । उनी पनि मोन्तेनझैं आत्मपरक शैलीमा निबन्धको रचना गर्ने निबन्धकार हुन् । तर उनको शैली नितान्त वैयक्तिक छ ।

34 मोहनहिमांशु थापा, **साहित्य परिचय** (दो.सं.), ललितपुरः साझा प्रकाशन द्दण्द्धछ, पृ. ज्ञडण ।
35 रामनाथ ओझा, **शङ्कर लामिश्रानेको निबन्धकारिता,** पूर्ववत्, पृ. घ ।
36 ईश्वर बराल (सं.), **सयपत्री** (चौ.सं.), ललितपुरः साझा प्रकाशन, द्दण्द्धट, पृ. 26 .
37 रामलाल अधिकारी, **नेपाली निबन्धयात्रा** (प्र.सं.), दार्जिलिङः नेपाली साहित्य संचायिका, सन् ज्ञढठछ, पृ. द्दण ।

पुनरुत्थानकालका प्रवर्तकका रूपमा मानिने ल्याबका निबन्ध लेखनीबाट अङ्ग्रेजी निबन्धले चरमोत्कर्ष प्राप्त गरेको पाइन्छ ।[38] यसै गरी निबन्ध बीसौँ शताब्दीको लोकप्रिय साहित्यिक विधाका रूपमा विकसित हुँदै गएको छ । यस समयमा निबन्धकारहरूले अरू साहित्यिक विधाका साथै निबन्ध विधालाई पनि विशेष प्रश्रय दिएका छन् । यस समयमा निबन्धलाई हल्का साहित्यका रूपमा स्थापित हुन पुग्नुका साथै हास्यव्यङ्ग्यकार जेम्स थर्वट, डोरिथी, पार्कर जस्ता लेखकहरूले यसलाई सफलताको स्तरमा पुऱ्याएको पाइन्छ । यस शताब्दीका अन्य निबन्धकारहरूमा आस्टिन विरेल, गल्सवर्दी, भर्जिनिया, वुल्फ, इ.बी. लुकस, जे.के. चेस्टर्टन, बेस रोवर्ट लिङ्क, प्रिन्सटले, ए.सी. वेसन मुख्य छन् ।[39]

यसरी फ्रान्सबाट सुरु भएको निबन्धले बेलायत हुँदै विश्व साहित्यमा आफ्नो प्रभाव कायम गरेको छ । सोह्रौँ शताब्दीबाट बीसौँ शताब्दीसम्मको पाश्चात्य निबन्धयात्रामा प्रगतिको चरणगत विकास हुँदै गएको छ । विचारबाट भावतर्फ, भावबाट भावुकतातर्फ र भावुकताबाट व्यक्ति प्रतिष्ठातर्फ निबन्धकारको दृष्टि बढ्दै गएको छ । यसरी नेपाली साहित्यको आधुनिक निबन्ध परम्परामा पाश्चात्य निबन्ध रचनाहरूबाट पर्याप्त प्रेरणा र प्रभाव प्राप्त गरेको छ ।

## ३.१.३. निबन्धको परिभाषा

साहित्यका विविध विधाहरूमध्ये एउटा विधा निबन्ध हो । निबन्ध हुनका लागि के-के कुरा आवश्यक पर्दछन् भनेर धेरै विद्वान्हरूले आ-आफ्नो किसिमले परिभाषित गरेका छन् । साहित्यको सबैभन्दा कान्छो विधाका रूपमा रहेको निबन्धको सुरुवात फ्रान्समा सोह्रौँ शताब्दीबाट भएको पाइन्छ । निबन्धको बारेमा विभिन्न विद्वान्हरूले परिभाषाहरू दिएका छन्:

निबन्धको बारेमा पहिलो परिभाषा दिने व्यक्ति मोन्तेन हुन् । उनका अनुसार- मेरो इच्छा हुन्छ निबन्धमा विना आडम्बर सहज र साधारण तरिकाले म स्वयम् रूपान्तरित होउँ, त्यसमा म कुनै वाग्मिता वा कला भर्न चाहन्न । मेरो निबन्धको विषय म नै हुँ ।[40] यस पभिाषाबाट के बुझिन्छ भने निबन्धमा आडम्बरीपन वा अतिरञ्जनात्मकता नभएर सहजताको प्रस्तुति हुनुपर्दछ । निबन्धको विषय चयन गर्दा स्रष्टाले नजिकबाट चिनेको विषयको मात्र चयन गर्नु पर्दछ । यसरी स्रष्टाका कुनै विषयवस्तुमाथि आएका भावनाको सहज प्रस्तुति नै निबन्ध हुने कुरा उक्त परिभाषाबाट सिद्ध गर्न खोजिएको देखिन्छ तर निबन्ध लेखन सामान्य व्यक्ति र दार्शनिक उचाइ कायम गरिसकेको दुबै खाले व्यक्तिबाट हुनसक्छ ।

---

[38] रामलाल अधिकारी, पूर्ववत्, पृ. द्दघ ।
[39] रामनाथ ओझा, पूर्ववत्, पृ. द्ध ।
[40] गोपीकृष्ठा शर्मा, **नेपाली निबन्ध परिचय** (चौधौँ सं.), काठमाडौँ: रत्न पुस्तक भण्डार, द्दण्टघ, पृ. ज्ञद्ध ।

अङ्ग्रेजी साहित्यका अर्का विद्वान् फ्रान्सिस बेकनले निबन्धलाई यसरी परिभाषित गरेका छन्- निबन्ध एउटा छरिएको चिन्तन हो ।Æ[41] यस परिभाषाअनुसार स्रष्टाले कुनै पनि विषयमा चिन्तन गर्दछ तर चिन्तन गरिएका विषयवस्तु शृङ्खलित रूपमा आएका हुँदैनन् । यसै आधारमा मोन्तेनले भन्दा भिन्न पाण्डित्यपूर्ण विषयकेन्द्री परात्मकताजस्ता कुराले निबन्धमा व्यापक स्थान ओगट्ने कुरा देखाएका छन् । बेकनका दृष्टिमा निबन्ध आत्मकेन्द्री नभएर वस्तुकेन्द्री हुन थालेपछि मोन्तेनको भन्दा भिन्न दिशामा गएर निबन्धमा नयाँ गोलार्द्धको आविष्कार गरेका छन् । त्यस्तै निबन्धको परिभाषा दिने क्रममा बङ्गाली साहित्यकार गुलाब रायले निबन्धलाई- सीमित आयतनभित्र कुनै विषयको सजीव, सङ्गीत र सम्बद्धतापूर्वक निष्कर्ष दिइएको वैयक्तिक प्रतिपादनका रूपमा लिएका छन् ।[42] यिनले निबन्धमा सीमित आयतन, सजीबता र वैयक्तिकतालाई नै प्राथमिकता दिएका छन् । यसैगरी **द कन्साइन्स अक्सफोर्ड इङ्गलिस लिटरेचर**मा निबन्धलाई यसरी परिभाषित गरिएको छ- “निबन्ध साधारणतया एउटा छोटो गद्य रचना हो, जसमा लेखकको विषयको विशेष ज्ञान प्रतिविम्बित भएको हुन्छ ।” यस परिभाषामा निबन्धलाई गद्य भाषामा लेखिएको छोटो रचना मानिएको छ । निबन्धमा लेखकले आफ्नो अध्ययनको आधारमा विषयको गहिराइमा पुगेर आफूले प्राप्त गरेको ज्ञान प्रस्तुत गरेको हुन्छ ।

यसै गरी निबन्धको परिभाषा दिने क्रममा नेपाली साहित्यमा पनि निबन्धलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणले परिभाषित गरेको पाइन्छ । नेपाली साहित्यमा निबन्धलाई परिभाषित गर्ने क्रममा महाकवि लक्ष्मीप्रसाद देवकोटाले यसरी परिभाषित गरेका छन्- “यो रौचिरा दर्शन होइन, न हो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो, जो सडकमा हिँड्दा कहिले-कहिले ढुङ्गा हान्छ, कतै-कतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन । पाठ घोकुवा हलन्त मिजासले यो एक किसिमको मनको जालीले जगतमा लहरी माछा मार्ने कला हो ।”[43] यस परिभाषाले निबन्ध के हो भन्ने कुराको मात्र जानकारी नदिएर निबन्धमा लेखक कसरी बहकिएको हुन्छ र विचार कसरी बगेर आएको हुन्छ भन्ने कुरा समेत देखाइएको पाइन्छ । निबन्ध सूक्ष्म रूपमा दर्शन प्रस्तुत गर्ने, पाण्डित्य वमन गर्ने विशाल ग्रन्थ नभएर एउटा बदमास ठिटोजस्तो अस्थिर क्रियाकलापमा आधारित वा विचारको अवसरअनुसारको परिवर्तन

---

41 गोपीकृष्ठा शर्मा, **नेपाली निबन्ध परिचय** (चौधौँ सं.), काठमाडौँ: रत्न पुस्तक भण्डार द्दण्टघ, पृ. ज्ञद्ध ।
42 राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध** (ते.सं.), काठमाडौँ: पाठ्यसामग्री पसल, द्दण्छट, पृ. ढ ।
43 लक्ष्मीप्रसाद देवकोढा (भूमि), **लक्ष्मी निबन्धसङ्ग्रह** (बाह्रौँ सं.), ललितपुर: साझा प्रकाशन, द्दण्छठ ।

भएर सिर्जिएको विधा नै निबन्ध हो भन्ने ठहऱ्याइएको छ । तर यसरी हेर्दा व्यक्तिका विचार एउटै विषयमा केन्द्रित हुन्छ भन्ने छैन । विषयान्तर पनि हुन सक्छन् । निबन्धमा विषयान्तर हुनु भनेको निबन्धले कलागत मूल्य गुमाउनु हो ।

नेपाली साहित्यका अर्का निबन्धकार रामलाल अधिकारीका अनुसार - निबन्ध काव्यको त्यो विधा हो, जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेश नभइ आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रीत हुनुपर्दछ ।[44] यस परिभाषाका अनुसार निबन्धमा लेखकको आत्मप्रकाशनकै विषय अगाडि बढेको देखिन्छ । निबन्धले उपदेशात्मक नभइ लेखकको विचार पक्षलाई नै बढी प्रस्तुत गरेको हुन्छ । यस परिभाषाले विशेष गरी निजात्मक निबन्धलाई जोड दिएको पाइन्छ ।

नेपाली साहित्यका अर्का विद्वान् दयाराम श्रेष्ठ र मोहनराज शर्माले निबन्धलाई यसरी परिभाषित गरेका छन्- "अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाह्य नभए तापनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमणयुक्त विषय-विशेषमा केन्द्रित कलात्मक गद्य रचनालाई निबन्ध भनिन्छ ।"[45] यस परिभाषाअनुसार निबन्ध कुनै स्थान र सीमामा अनुबन्धित हुँदैन तर निश्चित सिलसिलामा कलात्मक रूपमा लेखिएको हुनुपर्दछ । यसमा आन्तरिक र बाह्य वर्णनले स्थान ओगटेको पाइन्छ ।

यी विभिन्न विद्वान्का परिभाषा हेर्दा निबन्धकारका विचारहरू निजात्मक वा वस्तुपरक ढङ्गबाट पाठकका सामु प्रस्तुत गर्ने, जुन प्रस्तुतिमा लेखकका विचार पाठकलाई मान्न कर गरिएको छ । जसमा आत्मप्रतिपादन, कवितात्मकता, आन्तरिक क्रमबद्धता, विचार, चिन्तन, सम्वेदना आदिको समष्टि रूप अभिव्यक्त भएको हुन्छ त्यो नै वास्तवमा निबन्ध हो । यसमा तार्किकता, मौलिकता, कल्पनाको उडान, नीजी शिल्प आदिका साथै वैज्ञानिक सत्यता, प्रमाण, खोज आदि कुराले समेत स्थान पाएका हुन्छन् । वास्तवमा निबन्ध भनेको कुनै शीर्षकमा लेखकद्वारा प्रस्तुत निजी धारणाहरूको आन्तरिक शृङ्खलाबद्ध, काल्पनिक तथा वस्तुनिष्ठ तार्किक र निजी शैलीमा व्यक्त अवधारणाको प्रस्तुति हो ।

### ३.१.४ निबन्धको स्वरूप

[44] राजेन्द्र सुवेदी (उदृत), **स्नातकोत्तर नेपाली निबन्ध** (ते.सं.), का७मार्दौं: पा्व्यसामग्री पसल, द्दण्छट, पृ. ढ ।

[45] दयाराम श्रेष्७ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (प्रै. सं.), ललितपुरः साझा प्रकाशन, द्दण्छढ, पृ. ज्ञज्ञछ ।

स्वरूप भन्नाले कुनै पनि विषयलाई पहिचान गराउने तत्त्व भन्ने बुझिन्छ । साहित्यका विविध विधाहरूलाई छुट्याउन सजिलोको लागि स्वरूपको महत्त्व हुन्छ । यसले निबन्ध वा अन्य विधा हो भनेर छुट्याउन सजिलो बनाउँदछ । निबन्धको स्वरूपको अध्ययन गर्दा सर्वप्राचीन परिभाषासम्म पुग्नु पर्ने हुन्छ । निबन्धको स्वरूप हेर्दा सबैभन्दा पहिला विषयलाई प्राथमिकता दिइएको पाइन्छ । निबन्ध विधाका आद्य प्रयोक्ता मोन्तेनले यसको निजात्मक स्वरूप निश्चित गरे भने त्यसको लगत्तै पछि बेकनले यसको परात्मक स्वरूप व्याख्या गरे । त्यसपछि अभिव्यक्ति वा शैलीपक्षबाट निबन्धको स्वरूप नियाल्न थालियो । मरे, डब्लू.इ. विलियम्स र हडसन आदिका परिभाषामा निबन्धको स्वरूपको बारेमा स्पष्ट व्याख्या गरेका छन् । निबन्धको आकार-प्रकार बारेमा हर्वट रीडले दिएको परिभाषा ज्यादै महत्त्वपूर्ण छ - "निबन्धको लम्बाइ पैंतीस सय शब्ददेखि पाँच हजार शब्दसम्मको हुनपर्छ । पैंतीस सय शब्ददेखि कम भए रेखाचित्र बन्दछ अनि पाँच हजारभन्दा बढी भए एउटा सामयिक लेख तयार हुन्छ ।"[46]

यसरी निबन्धको स्वरूपको चर्चा गर्ने क्रममा धेरै विद्वान्हरूको मतमा एकरूपता आएको पाइँदैन । कसेले विषय, कसैले अभिव्यक्ति त कसैले आकार-प्रकारलाई प्राथमिकता दिएको पाइन्छ । यी विभिन्न विद्वान्हरूले निबन्धलाई जे-जसरी परिभाषित गरे पनि बुँदागत रूपमा निबन्धको स्वरूपलाई यसरी देखाउन सकिन्छ-

**क) आकारात्मक स्वरूप**

निबन्ध लघु आकारको हुनुपर्दछ । यदि निबन्धले आकारमा विस्तृतता पायो भने औपन्यासिक स्वरूप प्राप्त गर्नाका साथै विचारात्मक पक्ष खुकुलिन्छ । निबन्धकार रीडले त निबन्ध पाँचहजार शब्दसम्मको आयतनमा मात्र सीमित हुनुपर्छ भन्ने किटान गरेका छन् । छोटो, छरितो तथा कसिलो विचारयुक्त अनि परिस्कृत भाषा र भावयुक्त रचना नै निबन्ध हो ।

**ख) विचारात्मक पक्ष**

निबन्धमा स्रष्टाको आवेग, संवेग र आन्तरिक धारणाको आधिक्यता हुन्छ, जसलाई बौद्धिकताले नियन्त्रण गरेको हुन्छ । स्रष्टाले आफ्ना विचार, तर्क, उदाहरण आदि दिएर पाठकलाई मान्न कर गरेको हुन्छ जुन कुरा

46 गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय** (दोस्रो सं.), काठमाडौँ: रत्न पुस्तक भण्डार, द्दण्टघ, पृ. ज्ञठ ।

साहित्यका अन्य विधामा पाइँदैन । विचारको प्राधान्यता र बुद्धि पक्षको प्रबलता भएका यस खालका निबन्धमा चिन्तनको निजात्मकता हुन्छ र सार्वभौम स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ ।[47] निबन्ध सीमित विचारलाई प्रस्तुत गर्ने विधा हुनाका साथै थोरैमा धेरै भन्नुपर्ने भएकाले प्रत्येक शब्द र वाक्यले एक न एक विचार दिइरहेका हुन्छन् ।

**ग) वस्तुपरकता**

अङ्ग्रेजी साहित्यका सशक्त निबन्धकार बेकनले निबन्धलाई नयाँ गोरेटो प्रदान गर्दै अब निबन्ध निजीपनको पोल्टोबाट बाहिरिएर परात्मक वा वस्तुपरक स्वरूप समेत ग्रहण गर्न सक्छ भन्ने नव मान्यता स्थापित गरेका छन् । जतिबेला निबन्धकार निबन्ध लेख्न थाल्दछ, त्यसबेला आफूले चयन गरेको शीर्षकलाई वस्तुनिष्ठरूपमा तथ्य तथा तथ्याङ्कहरूलाई आधार बनाएर अभिव्यक्त गर्दछ । निबन्धमा भाव र तत्त्वको महत्त्वपूर्ण भूमिका रहन्छ तर वस्तु वर्णन गर्दा त्यो अत्यन्तै क्षीण रूपमा देखापर्दछ । अन्य साहित्यिक विधामा निबन्धमा जस्तो स्पष्ट रूपमा देखिने गरी वस्तुपरकता उपस्थित हुँदैन । तसर्थ निबन्धको पहिचानमा अहम् भूमिका खेली स्वरूप निर्धारण गर्ने तत्त्वका रूपमा वस्तुपरकता रहेको देखिन्छ ।

**घ) आत्मपरकता**

मोन्तेनभन्दा अगाडि पनि निबन्ध नलेखिएका होइनन् तर तिनको विषयमा परिभाषित गरी यी तत्त्वको उपस्थितिले कुनै रचना निबन्धको कोटिमा दायरा हुन्छ भन्ने कुराको सूचना भने उनीपूर्व देखिएको थिएन । जब उनले विषय चिनाए यसै समयमा आत्मपरकताको कुरा उठाएर एउटा पहिचान आत्मतत्त्व हो भन्ने मान्यता स्थापित गरे । कविता, कथा आदिमा पनि आत्मतत्त्व हुन्छ । कवितामा भएको आत्मतत्त्व काल्पनिक बहाइमा आधारित हुन्छ भने कथामा आत्मतत्त्वको प्रवलता भएमा तिलस्मीपूर्ण कथा बन्छ । यसरी आत्मतत्त्वको प्रयोगमा मौलाउने विधा निबन्ध नै हो । यसर्थ आत्मपरकतामा आधारित लेख नै निबन्ध हो । आत्मपरकताका कारणले एउटै

[47] राजेन्द्र सुवेदी, **सृजनात्मक लेखनः सि४ान्त र विश्लेषठा**, (प्र.सं.), का७माद्नौंः पा७्यसामग्री पसल, द्दण्छड, पृ. ज्ञण ।

शीर्षकमा दुई निबन्धकारले निबन्ध लेख्दा फरक-फरक निबन्ध तयार हुन पुग्दछ ।

ङ) **परिष्कृत भाषा**

निबन्धले स्रष्टाको विचारलाई लिन सक्नुपर्छ । स्रष्टाको खाँदिलो र परिष्कृत विचारलाई अभिव्यक्त गर्न भाषा पनि त्यत्तिकै सक्षम हुनपर्दछ । जुन क्षेत्रको विषय छानिएको हुन्छ सोही अनुसारको स्तरीय भाषाको प्रयोग हुनु पर्दछ । साहित्यका अन्य विधाको तुलनामा निबन्ध बौद्धिक र चिन्तनपूर्ण विधा भएकोले भाषिक उचाइ पनि त्यसरी नै कायम भएको हुनु पर्दछ । खारिएको र बौद्धिक उचाइ कायम भएको भाषा प्रयोग गरी लेखिएको रचना नै निबन्ध हो ।

च) **स्रष्टाको प्रवृत्तिको प्रस्तुति**

निबन्धको स्वरूप प्रस्तुतिमा स्रष्टाको प्रवृत्ति, सामाजिक परिवेश आदिले महत्त्वपूर्ण भूमिका खेलेको हन्छ । जब निबन्धकार कुनै शीर्षकमा केन्द्रित भएर निबन्ध लेख्न थाल्छ त्यसबेला स्वतः उसको प्रवृत्ति झल्कन्छ । शङ्कर लामिछाने **एब्स्ट्र्याक चिन्तन प्याज** निबन्धसङ्ग्रहमा जीवनलाई प्याजसँग दाँजेर दार्शनिक प्रवृत्ति प्रस्तुत गर्छन् भने रामबाबु घिमिरेले **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा मान्छेका जीवन भोगाइका विविध अनुभूतिहरूलाई विविध विषय र आत्मपरक शैलीका माध्यमबाट प्रस्तुत गरेका छन् । यसबाट के देखिन्छ भने स्रष्टाको भोगाइले निर्माण गरेको उसको स्वभाव निबन्धमा नै झल्केको हुन्छ ।

छ) **आख्यानरहित गद्य भाषा**

निबन्धको एउटा स्वरूप आख्यानरहित हुनु हो । निबन्धमा बौद्धिकताले मुछिएको कल्पनाको प्रस्तुति हुन्छ । कथा, उपन्यासजस्ता विधामा आख्यानतत्त्वको समावेश हुन्छ भने निबन्धमा कल्पना तत्त्वको बढी समावेश रहेको पाइन्छ । यसैगरी निबन्धमा गद्य भाषाको प्रयोग हुन्छ । निबन्ध जतिसुकै

कवितात्मक अथवा अलङ्कारमय भए पनि यसले गद्यात्मक अभिलक्षण भने छाडेको हुँदैन ।

वास्तवमा निबन्धको स्वरूप पहिचानको तात्पर्य निबन्ध यही हो भनेर छुट्याउने प्रयास गर्नु हो । निबन्धका ती विशेषता जसले अन्य साहित्यिक विधाबाट यसलाई छुट्याउन सहयोग गरेको हुन्छ । आत्मपरकता, वस्तुनिष्ठता, विचारको असीमितता, बौद्धिक नियन्त्रण, स्रष्टाको प्रवृत्तिको प्रस्तुति आदि निबन्धको स्वरूप पहिचान गर्ने तत्त्व हुन् ।

## ३.१.५ निबन्धका तत्त्वहरू

साहित्य सिर्जना गर्न तथा यसलाई गति दिनका लागि केही आधारहरू चाहिन्छन् । विना आधार शून्यमा साहित्य सिर्जना हुन सक्दैन । निबन्धका लागि पनि त्यस्तै आधारभूत तत्त्वहरू चाहिन्छन् । जतिबेला स्रष्टा आफ्ना विचारहरू पोख्न वा सिर्जना गर्न थाल्छ, त्यसबेला पोख्ने वस्तु, पोख्नाको उद्देश्य, पोखाइको कला वा ढङ्ग, पोख्न प्रयोग गरिने सीप वा ढाँचा आदि कुरा चाहिन्छ । यिनै कुराहरूलाई निबन्धका तत्त्वका रूपमा लिइन्छ । निबन्ध साहित्यको गतिशील विधा भएकोले हिजोका निबन्ध र आजका निबन्धमा समेत स्थलगत भिन्नता देखिन्छ ।[48] निबन्धका तत्त्वका बारेमा विद्वान्हरू बीच मतैक्य भने पाइँदैन, तथापि मूल रूपमा निबन्धका प्रमुख तत्त्वहरूलाई निम्नानुसार हेर्न सकिन्छ-

### क) विषय

निबन्ध एउटा आधारपीठमा खडा हुन्छ र त्यही आधारपीठ निबन्धको विषय बन्दछ । विषय निबन्धको पक्षसँग सम्बन्धित हुन्छ । ह्युवाकरले भनेझैँ निबन्धको विषयगत क्षेत्र निकै विशाल र व्यापक छ । एक कोशीय जीवदेखि लिएर मानिससम्म वा धूलराशिदेखि लिएर आकाशका तारामण्डलसम्म कुनै पनि विषयलाई निबन्धकारले छनौट गर्न सक्छ ।[49] निबन्धकारले लेख्नुपूर्व कुनै न कुनै विषयलाई छनोट गर्दछ र त्यसका बारेमा जानकारी लिन्छ । प्राप्त जानकारीलाई कस्तो तरिकाबाट प्रस्तुत गर्ने भन्ने कुराको छनोट निबन्धकारले गर्दछ । आत्मपरक निबन्धकारले बस्तुलाई जसरी छोयो त्यसैगरी प्रस्तुत गर्दछ

48 रामनाथ ओझा, **शङ्कर लामिछानेको निबन्धकारिता,** पूर्ववत्, पृ. ढ ।
49 गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. द्घ ।

भने वस्तुपरक निबन्धकार चाहिँ वस्तुको वर्णनसँगै निबन्धलाई टुङ्ग्याउँछ । जेहोस् विषयका आधारमा निबन्धको नामकरण गरिने र विषयविना निबन्ध रचना गर्न नसकिने हुनाले विषयवस्तु निबन्धको प्रमुख तत्त्व हो ।

**ख)** **शैली**

निबन्धकारले विषयका रूपमा ग्रहण गरेको वस्तुलाई निबन्धको आरम्भदेखि अन्त्यसम्म समुचित ढङ्गले वितरण गरेर सगठित रूपमा स्थापित गर्ने कलालाई शैली भनिन्छ ।[50] यो निबन्धमा स्रष्टाको आत्मपरक, निजात्मक, वैयक्तिक रागका अनुभूतिको सम्बाहकका रूपमा उपस्थित हुन्छ । वर्णनात्मक, हास्यव्यङ्ग्यात्मकता, तार्किक, विवरणात्मक, आलङ्कारिक, पदविचलित अनेकानेक रूपमा निबन्धको शैली प्रकट हुन्छ ।

**ग)** **दृष्टिबिन्दु**

स्रष्टाको भाव, विचार र अनुभूतिलाई पाठकसमक्ष प्रस्तुत गर्ने पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । यो निबन्धकारका अनुभव, अनुभूति वा चिन्तनलाई अभिव्यक्त गर्ने सूक्ष्म प्रक्रिया हो । निबन्ध लेख्ने क्रममा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दु दुबैको प्रयोग गर्न सकिन्छ । प्रथम पुरुष दृष्टिबिन्दुमा निबन्धकारले आफ्ना वैयक्तिक भाव वा स्वयम्को अभिव्यक्ति दिएको हुन्छ भने तृतीय पुरुष दृष्टिबिन्दु शैलीमा रचना गरिएका निबन्धमा निबन्धकारले कुनै विषय, घटना-सन्दर्भको वर्णनका माध्यमबाट भाव वा विचारको अभिव्यक्ति दिन्छ ।[51] यी दुबै दृष्टिबिन्दु निबन्ध रचनाका वैकल्पिक पद्धति भएकाले यो निबन्धको महत्त्वपूर्ण तत्त्व हो ।

**घ)** **अन्विति**

निबन्धमा व्यक्त युक्त र विकीर्ण वस्तुलाई एकबद्ध गर्ने प्रविधि अन्विति हो ।[52] यसले निबन्धमा व्यक्त स्रष्टाको रागात्मक संवेगलाई शृङ्खलित गरेको हुन्छ । विषयका विघटक पक्षहरूलाई अन्वितीकरण गर्ने तत्त्व स्रष्टाको रागात्मक संवेग हो । निबन्धकारका सृजनात्मक चेतनालाई सङ्गठित बनाउने

---

[50] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. द्दघ ।

[51] रामनाथ ओझा, **शङ्कर लामिछानेको निबन्धकारिता** (प्र.सं.), काठमाडौँ: पालुवा प्रकाशन, द्दण्टद्ध, पृ. ञद्द ।

[52] राजेन्द्र सुवेदी, **सृजनात्मक लेखनः सिद्धान्त र विश्लेषण,** पूर्ववत्, पृ. ञढ ।

यस संवेगमा सङ्घटक र विघटक जुनसुकै पक्षहरू पनि तार्किक आधारमा अन्वितीकरण हुन सक्दछन्, त्यसैले निबन्ध स्रष्टाको रागात्मक तन्तुद्वारा आदिदेखि अन्त्यसम्म प्रवाहित हुन्छ ।[53]

ङ) **उद्देश्य**

कुनै पनि साहित्यिक विधा सृजनाको उद्देश्य अनिवार्य हुन्छ । कुनै पनि काम गर्न निर्दिष्ट उद्देश्य हुनपर्ने मान्यता अनुसार निबन्धलेखनको खास उद्देश्य वा प्रयोजन रहेको हुन्छ । स्वान्तः सुख नै साहित्य रचनाको प्रमुख उद्देश्य वा प्रयोजन रहिआएको छ । यश, अर्थ आदि यसका गौण उद्देश्य हुन् ।[54] लेखकको मनमा कुनै पनि विषयमाथि उठेका भावको प्रस्तुति गर्नु तथा निर्धारित विषयमा जानकारी दिनु नै निबन्धको उद्देश्य हो । निबन्ध लेखनका उद्देश्यहरू जानकारी उपलब्ध गराउने 'स्व' को प्रकाशन गर्ने, छरिएका चिन्तन र अनुभवलाई शृङ्खलित गर्ने, घटनाको सिलसिलेवार वर्णन गर्ने आदि रहेका हुन्छन् ।

## ३.१.६ निबन्धको वर्गीकरण

साहित्यका अन्य विधामध्ये निबन्ध वैयक्तिक विधा हो । विषयवस्तु र भावशैलीको विविधता तथा रचनात्मक अनेकताका कारण निबन्ध जटिल बन्न पुगेको छ । त्यसकारण यसको वर्गीकरणका लागि कुनै निश्चित आधार भेटाउन कठिन छ । यसको वर्गीकरण गर्न अन्य साहित्यिक विधाजस्तो सजिलो छैन । विभिन्न विद्वान्हरूले विभिन्न समयमा यसको वर्गीकरणका सम्बन्धमा आ-आफ्ना विचार व्यक्त गरेको पाइन्छ । निबन्ध विधाका पहिला सर्जक मोन्तेनले यसलाई निजात्मक वा आत्मपरक भनेका छन् भने त्यस्तै अर्का विद्वान् फ्रान्सिस बेकनले परात्मक वा वस्तुपरक भनेर निबन्ध वर्गीकरणको परम्परा बसालेका हुन् । यसरी यी दुई विद्वान्हरूबाट सुरु भएको निबन्धको वर्गीकरण कार्यलाई अन्य विद्वान्हरूले पनि निरन्तरता दिँदै आ-आफ्ना धारणा व्यक्त गरेका छन् ।

ईश्वर बरालले निबन्धको सृष्टि स्थापयिताको मानसिकता, विचार र भावप्रवणता आदिका आधारमा हुन्छ भन्ने विचार व्यक्त गर्दै निबन्धका असली प्रकार निजात्मक र परात्मक

---

53 राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध शिक्षण वाङ्मय**, (वर्ष ज्ञण, पूर्णाङ्क ज्ञण), द्दण्छठाण्छड, पृ. ड ।


54 गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. द्दद्द ।

हुन्छन्, त्यसमा पनि निजात्मकलाई निबन्ध र परात्मकतालाई प्रबन्ध भन्नु उपयुक्त हुन्छ भन्ने धारणा राखेका छन् ।[55]

बालकृष्ण पोखरेलले निबन्धलाई जमर्को भनेका छन् । उनले निबन्धको वर्गीकरण गर्ने सन्दर्भमा विषयवस्तुलाई प्रमुख आधार बनाएका छन् । यस क्रममा उनले प्रबन्ध र जमर्को गरी गद्य रचनाका दुई भेद गर्दै जमर्को, धर्कोचित्र, नियात्रा रुबन्ध र आत्मिका गरी चार भेद देखाएका छन् ।[56]

तारानाथ शर्माले आत्मपरक रचनालाई मात्र निबन्ध मान्दछन् । उनले निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई भागमा बाँड्न सकिन्छ भन्दै लेखकका आफ्नै अनुभव र भावनामा आधारित रचना आत्मपरक र विषयका सम्बन्धमा निजी भावना र प्रतिक्रिया नदेखाई तथ्य र वास्तविकताको टिपोट गरिएको लेख प्रबन्ध भन्ने धारणा राखेका छन् ।[57]

उपर्लिखित विभिन्न किसिमले निबन्धको वर्गीकरण गरिएको भए तापनि परम्परित रूपमा र समसामयिक रूपमा गरी मुख्यतयाः दुई रूपमा निबन्धको वर्गीकरण गरिएको पाइन्छ । निबन्धको वर्गीकरणलाई यसरी आरेखमा हेर्न सकिन्छ ।




## ३.१.६.१ परम्परित वर्गीकरण

55 ईश्वर बराल (सम्पा.), **सयपत्री** (चौ.सं.), ललितपुरः साझा प्रकाशन, द्दण्टद्ध, पृ. घट ।

56 बालकृष्ण पोखरले, **कलेजस्तरका निबन्धै-निबन्ध,** (का७माद्दौः सहयोगी प्रकाशन, द्दण्द्दठ), पृ. ढ ।

57 तारानाथ शर्मा, *अ७७इस वर्षपछि ३न३स्यालाई सम्झँदा* (**रजनी**, का७माद्दौः वर्ष ज्ञ, पूर्णाङ्क ज्ञ, द्दण्छद्द), पृ. ज्ञघ ।

निबन्धको परम्परित वर्गीकरणका आधारहरू दुईवटा छन् ।

अ) विषयका आधारमा

आ) अभिव्यक्तिका आधारमा

**अ)** विषयका आधारमा पनि वर्गीकरणलाई दुई भागमा वर्गीकरण गरिएको छ-

(क) विषयनिष्ठ/परात्मक/वस्तुपरक निबन्ध र

(ख) विषयीनिष्ठ/निजात्मक/आत्मपरक निबन्ध ।

**क) विषयनिष्ठ/परात्मक/वस्तुपरक निबन्ध**

परात्मक निबन्धको सम्बन्ध विषयवस्तुसँग बढी हुन्छ त्यसैले निबन्धलाई वस्तुपरक वा विषयपरक निबन्ध पनि भनिन्छ । परात्मक निबन्ध विषयप्रधान निबन्ध हो । यसको विषयवस्तु, इतिहास, दर्शन, भ्रमण, विज्ञान, साहित्य, प्रकृति आदि हुन सक्छ ।[58] यसमा व्यक्ति गौण र विषयप्रधान हुन्छ । परात्मक निबन्धमा निजानुभूतिको वास्ता नगरी 'पद' वा वस्तुसत्यको यथार्थ चित्र प्रस्तुत गर्नु निबन्धकारको मूल लक्ष्य हुन्छ । यस्ता निबन्धमा तर्क, विचार, समस्या तथा समाधान जस्ता पक्षपनि हुन्छन् । परात्मक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा वर्गीकरण गरिएको छ ।

**ख) विषयीनिष्ठ/निजात्मक/आत्मपरक निबन्ध**

विषयीनिष्ठ निबन्धलाई निजात्मक, आत्मपरक, व्यक्तिप्रधान र वैयक्तिक निबन्ध पनि भनिन्छ । यस किसिमको निबन्धमा व्यक्तिको मुख्य स्थान रहने गर्दछ । यसमा बाह्य विषयहरू निबन्धकारको व्यक्तित्व प्रदर्शन र अभिव्यक्ति जति बढी स्वच्छन्द हुन्छ त्यति नै यो उत्कृष्ट बन्दछ त्यसैले अनौपचारिकता र आत्मकेन्द्रितता निजात्मक निबन्धका गुण हुन् । यस्ता निबन्धमा विषयवस्तुको भाव र विचारको पूर्ण सन्तुलन रहनाका साथै संवेदनात्मक स्थिति र संवेगात्मक अभिव्यक्ति हुन्छ ।[59] निजात्मक निबन्धमा पाठकलाई आफ्नो जीवनयात्रामा पुऱ्याएर लेखकले आफ्ना तीता-मीठा अनुभव र गुनासाहरू पोख्दै त्यसबाट नजिकको सम्पर्क स्थापित गर्ने प्रयत्न गर्दछ ।[60]

58 गोपीकृष्ठा शर्मा, पूर्ववत्, पृ. द्दद्ध ।

59 मोहनहिमांशु थापा, **साहित्य परिचय** (दो.सं.), ललितपुरः साझा प्रकाशन, द्दण्छण), पृ. ज्ञढज्ञ ।

60 गोपीकृष्ठा शर्मा, पूर्ववत्, पृ. द्दछ ।

यसरी निबन्धकारको भावना, विचार तथा दृष्टिकोण निजात्मक निबन्धमा प्रकट गरिने हुँदा निजात्मक निबन्धलाई भावात्मक, विचारात्मक र वैयक्तिक गरी तीन भागमा विभाजन गर्न सकिन्छ ।

**आ) अभिव्यक्तिको आधार**

अभिव्यक्तिका आधारमा निबन्धलाई वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावात्मक गरी चार भागमा विभाजन गरिएको पाइन्छ ।[61]

(क) वर्णनात्मक

(ख) विवरणात्मक

(ग) विचारात्मक

(घ) भावात्मक निबन्ध ।

**क) वर्णनात्मक निबन्ध**

वर्णनप्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । यसमा कुनै पनि वस्तु, प्रकृति, घटना, स्थान, जातिविशेष आदि विषयको यथातथ्य साङ्गोपाङ्ग वर्णन गरिएको हुन्छ । यसमा विषयवस्तुको बाह्य पक्षको यथार्थ चित्रण गर्ने पद्धति भए तापनि यस्ता लेखमा सूक्ष्म निरीक्षणको अपेक्षा गरिएको हुन्छ । निबन्धकारका विषयगत सचेतता, सूक्ष्म निरीक्षण र वर्ण्यविषयलाई मौलिकताको जलप लगाएर वर्णन गर्नसक्ने क्षमता अनिवार्य हुन्छ । तर यसमा भावनामा बगेर विषयभन्दा टाढा निबन्धकार जान सक्दैन साथै निबन्धकारलाई वर्ण्यविषयबारे साङ्गोपाङ्ग जानकारी हुनु पर्दछ ।

**ख) विवरणात्मक निबन्ध**

कुनै घटना वा वृतान्तको बेली-विस्तार गरिएको विवरण प्रधान निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । विवरणात्मक निबन्धको विषय कुनै पनि साहसिक कार्य र घटना तथा अविस्मरणीय यात्रा हुनसक्छ । निबन्धमा घटनाको क्रमबद्ध वर्णन र निबन्धकारको आत्मीयता हुनु अनिवार्य मानिन्छ । वर्णनात्मक निबन्धमा प्रायः प्राचीन एवम् आधुनिक सत्य, काल्पनिक कथा,

---

[61] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पर्ववत्, पृ. द्दछ ।

अतीतकालीन घटना, युद्ध, यात्रा, शासनप्रणाली, जीवनी, कुनै जातिविशेषको रीतिथिति, ऐतिहासिक तथा पौराणिक आख्यानको समावेश गरिन्छ ।[62]

**ग) विचारात्मक निबन्ध**

विचारात्मक निबन्धमा बुद्धि तथा विचारको प्रवलता हुन्छ । यसमा भावना र कल्पना तत्त्व कम हुन्छ । कला, काव्य, राजनीति, धर्म, दर्शन, विज्ञान, शिक्षा, समाजशास्त्र, मनोविज्ञान जस्ता विषयहरूको प्रवेश विचारात्मक निबन्धमा पाइन्छ । विषयका दृष्टिले यस्ता निबन्धमा गूढ-गम्भीर विषयमा पनि लेखकले आफ्नो दृष्टिकोण वा विचार तर्कसम्मत ढङ्गले प्रस्तुत गर्न सक्दछ । चिन्तन र विचारको सम्बन्ध मस्तिष्कसँग हुन्छ । बुद्धिपक्ष बढी सक्रिय हुनु विचारात्मक निबन्धको विशेषता हो । यस्ता निबन्धमा निबन्धकारको मौलिकता हुनुपर्छ । त्यसैगरी शैलीका दृष्टिले पनि सुगठित र नियन्त्रित किसिमले लेखिएको हुनु पर्दछ ।

**घ) भावनात्मक निबन्ध**

विचार र वैयक्तिक अभिव्यक्तिभन्दा भाव पक्ष बढी भएको निबन्ध भावनात्मक निबन्ध हो । यसमा हृदयको आग्रह हुन्छ । भावात्मक निबन्धमा जीवन भोगाइका आशा-निराशा, प्रेम, करुणा, परोपकार, देशभक्तिजस्ता विषयवस्तुलाई संवेदनात्मक तुल्याई सरस आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ । यसमा तर्क-वितर्कको कुनै स्थान हुँदैन । हृदयका उदात्त अनुभूतिहरू, तीव्र भावना र चरम भावुकता भावात्मक निबन्धमा पाइन्छ । यस्ता निबन्धमा भावपछि कल्पना र कल्पना पछि विचारतत्त्व प्रस्तुत गरिन्छ । भावात्मक निबन्धमा हार्दिकता, संवेदनशीलता र सौकुमार्यको प्रयोग गरिएको हुन्छ ।[63] यस्ता निबन्धमा कल्पनामा डुबेर निजी अनुभूति र कल्पना प्रकट गरिएका हुन्छन् । यसमा भाव प्रवलता रहने हुनाले यसलाई पद्य वा गद्यकाव्य पनि भनिन्छ ।

---

62 केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** (पाँ. सं.), (ललितपुरः साझा प्रकाशन, द्दण्घठ), पृ. छढ ।

63 गोपीकृष्ठा शर्मा, पूर्ववत्, पृ. द्दठ ।

### ३.१.६.२ समसामयिक वर्गीकरण

निबन्ध गद्य लेखनको स्वतन्त्र प्रक्रिया हुनाले यसमा नयाँ-नयाँ प्रयोग भइरहेका हुन्छन् । समयको विकास सँग-सँगै निबन्धमा पनि नयाँ-नयाँ विद्वान्हरूको प्रवेश भएको छ । यसले गर्दा निबन्धले विकासको मोडहरू प्राप्त गरेको छ । नेपाली साहित्य जगत्का विद्वान् समालोचक मोहनराज शर्माले समसामयिक रूपमा निबन्धको वर्गीकरण गरेका छन् । उनका अनुसार- निबन्ध वर्णनात्मक, विवरणात्मक, तार्किक र आख्यानात्मक गरी चार प्रकारका हुन्छन् ।

**क) वर्णनात्मक निबन्धः**

कुनै विषयका बारेमा नालीबेली छुट्याएर त्यसको वास्तविक रूप अगाडि राखिदिनु अनि कुनै वस्तु तथ्यबारे लेखकको वस्तुपरक दृष्टि स्पष्टसँग पाठकसामु हस्तान्तरण गरिदिनु वर्णनात्मक निबन्धका विशेषता हुन् । वर्णनका क्रममा कुनै वस्तुलाई अर्थदेखि इतिहाससम्म पूरै समेट्न नसकिएला अथवा लघु आकारको निबन्धले त्यो सबै खुट्टाउन नसक्ला, तर रेखाचित्रले कुनै आकारको अवगत गराए जस्तै वर्णनात्मक निबन्धमा वस्तुस्थितिको समन्वित बोध गराउने काम गर्छ ।

**ख) विवरणात्मक निबन्धः**

कुनै विषय, घटना वा प्रसङ्गको विवरण वा विकृतिका रूपमा लेखिएको निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । यस्तो निबन्धमा घटनाको क्रमबद्ध वर्णन र निबन्धकारको आत्मीयता हुनु अनिवार्य मानिन्छ । यसमा विषयको प्रतिपादन सूचनात्मक, परिचयात्मक, व्याख्यात्मक र स्पष्टीकरणात्मक ढङ्गमा गरिन्छ ।

**ग) तार्किक निबन्ध**

कुनै विषय वा प्रसङ्गका सन्दर्भमा विशिष्ट खालको तर्कहरू प्रस्तुत गरी लेखिएको निबन्ध नै तार्किक निबन्ध हो । यस्ता खालका निबन्धमा

निबन्धकारले आफ्नो विचार ठीक अरूको विचार वेठीक भनेर तर्क प्रस्तुत गर्दछन् । यस्ता निबन्धहरूले अरूका विचारलाई वेवास्ता गर्दछन् ।

घ) **आख्यानात्मक निबन्ध**

आख्यान समावेश गरेर लेखिएको निबन्धलाई आख्यानात्मक निबन्ध भनिन्छ । यसमा वास्तविक वा काल्पनिक घटनाको वर्णन कालक्रमिक रूपमा गरिन्छ । यस्ता निबन्धमा घटनाको प्रधानता रहन्छ र घटनाको वर्णनबाट विषयको विस्तार गरिन्छ । यस्ता निबन्धहरू ज्ञानवर्द्धक हुन्छन् ।

## ३.१.७ निबन्ध र प्रबन्ध

'बन्ध्' धातुमा 'घञ्' प्रत्यय र 'नि' उपसर्ग लागेर (नि+बन्ध्+घञ् = निबन्ध) निबन्ध शब्द र 'प्र' उपसर्ग लागेर (प्र+बन्ध्+घञ् = प्रबन्ध) शब्द व्युत्पन्न हुन्छन् । 'प्रबन्ध' शब्दले प्रकृष्ट बन्धन वा अझ विशेष कसिलो गाँठोद्वारा बाँधिएको बन्धन र निबन्ध शब्दले जसद्वारा बाँधिइन्छ त्यो बस्तु भन्ने बुझाउँछ । यसरी निबन्ध र प्रबन्ध दुबैले बाँधिएको विचार भन्ने पनि अर्थ दिन्छन् । त्यसैले निबन्धलाई प्रबन्धको पर्यायवाची शब्दको रूपमा लिने पनि गरिन्छ ।

निबन्ध र प्रबन्धका बीच सङ्गठन पक्ष, विषयवस्तु तथा रचनाको बाह्य स्वरूपमा केही समानता भए पनि मूलतः शैलीले र कहिलेकाहीँ आकार-प्रकारले यी दुईलाई भिन्न देखाउँछ । रागात्मक तत्त्व एवम् हार्दिकताको उपस्थिति र अनुपस्थितिले निबन्ध र प्रबन्धका बीचको अन्तर स्पष्ट हुन्छ । वस्तुताको प्रधानता, उल्लास र रागात्मक पक्षको अभाव, अनुभूतिको सहज अभिव्यक्तिको अभाव आदि प्रवन्धका मूल पहिचान हुन् । वस्तुताभन्दा हार्दिकता उल्लास र रागात्मक पक्षको समावेश, स्वच्छन्द आत्मानुभूतिको अभिव्यक्तिगत प्रवलता नभएर भावनाको अपेक्षा गर्ने तत्त्व हुन् । निबन्धमा विषयवस्तुको प्रतिपादन नभएर भावनाको स्वाभाविक प्रतिपादन हुन्छ ।[64] प्रबन्धमा प्रायः लेखकको व्यक्तित्व आउँदैन । यसमा लेखक परोक्ष रूपमा रहेर आफ्ना सूक्ष्म-दृष्टि, ज्ञान-चातुरी, प्रकाशन-पद्धति आदि उपस्थित गराउँछ भने व्यक्तित्वको सशक्त प्रकाशन निबन्धको निजी विशेषता हो । निबन्धमा निबन्धकारको निजी अनुभूति र विचारको प्राधान्य रहन्छ भने प्रबन्धमा समाजशास्त्र, लोकसङ्ग्रह तथा किताबी ज्ञानको मजा बढी हुन्छ ।

---

[64] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टिः द्रष्टा-दृष्टि,** पूर्ववत्, पृ. ६छ ।

निबन्धमा निबन्धकार अनौपचारिक भाषाको प्रयोग गर्दै भावनाको उन्मुक्त उडान गर्दछ भने प्रबन्धमा प्रबन्धकारले बिस्तारै पाइला चाल्नुपर्ने हुन्छ । प्रबन्धको भाषाले व्यङ्ग्यार्थ दिँदैन भने निबन्धको भाषाले व्यङ्ग्यार्थ दिन्छ । आजकल निबन्ध शब्दले विशुद्ध सौन्दर्य चेतनामुक्त रचना भन्ने अर्थ बुझाउन थालेको छ भने प्रबन्ध शब्दले चाहिँ तथ्यपूर्ण र अनुसन्धानमूलक रचना हो भन्ने अर्थ बुझाउन थालेको छ ।

## ३.२ नेपाली निबन्धको विकासक्रम

निबन्धको विकास हुनलाई भाषाका गद्य रूपको विकास हुनु आवश्यक हुन्छ । नेपाली निबन्धको कुरा उठाउने वित्तिकै नेपाली भाषाको गद्य रूपको विकासक्रमलाई नियाल्नु पर्ने हुन्छ । नेपाली भाषाको उद्‌भव एघारौँ शताब्दीमा भयो र अभिलेख, तमसुक, ताम्रपात्र, स्वर्णपत्र, औषधिमूलोको पाठ्यपुस्तकहरू, राजकाजको स्रेस्तासम्बन्धी, प्रशासन र लेनदेन व्यवहारका सामग्रीहरू पनि निबन्धको पृष्ठभूमिका रूपमा देखिन्छन् । नेपाली साहित्यको इतिहासमा आजसम्म प्राप्त हुन सकेका नेपाली गद्यका गहनाहरूमा पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) नै साहित्यिक गुणले युक्त पहिलो कृति हो । यस गद्य कृतिले नेपाली साहित्यको इतिहासमा समेत नयाँ आयाम थप्ने काम गरेको छ । वस्तुतः **दिव्योपदेश** नेपाली गद्य साहित्यको इतिहासमा अमूल्य उपलब्धि हो । **दिव्योपदेश**को गद्य लेखनदेखि लिएर आजसम्मको विकासक्रमलाई हेर्दा नेपाली निबन्धलाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ -

प्राथमिक काल (१८३१ देखि १९४७ सम्म)

माध्यमिक काल (१९४८ देखि १९७३ सम्म)

आधुनिक काल (१९७४ देखि हालसम्म)

### ३.२.१ प्राथमिक काल

नेपालको एकीकरणसँगै नेपाली भाषाले स्थिरता प्राप्त गऱ्यो र क्रमशः विकसित र विस्तारित हनु थाल्यो । यसै समयमा पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) देखा पऱ्यो । यसमा निजात्मक वैचारिक ज्ञान अनुभवको सङ्गम तथा आख्यानेत्तर गद्यमा सङ्गठित जस्ता निबन्धात्मक अभिलक्षण भएकोले यसै कृतिबाट प्राथमिक निबन्धको अभ्युदय भएको

मानिन्छ ।[65] यसपछि भानुदत्तको **हितोपदेश** (१८३३), शक्तिबल्लभ अर्यालको **हास्यकदम्ब** (१८५५), सुन्दरानन्द बाँडाको **त्रिरत्न सौन्दर्य गाथा** (१९९०), भवानीदत्त पाण्डेको **तत्त्वबोध** (१९९२) आदि खण्डित आख्यान ज्ञानमुक्त र वैचारिक जस्ता निबन्धात्मक गुणहरूले युक्त उल्लेख्य कृतिहरू प्राप्त भए ।[66] यस बीचमा अन्य सुन्दरनन्द बाँडाको **अध्यात्म रामायण** (१९९०), भवानीदत्त पाण्डेको **आत्मबोध** (१९९३ पूर्व) आदि कृतिमा निस्किए पनि ज्ञान र अनुभवयुक्त यात्रा र अनुभूतिमा उनिएको आख्यानेत्तर र निजात्मकयुक्त, स्वतन्त्र गद्यात्मक कृति **जङ्गबहादुरको बेलायतयात्रा** (१९०९) निस्किनु अघिसम्म उल्लेख्य निबन्धात्मक कृति भने प्राप्त हुन सकेनन् ।[67]

यसरी **दिव्योपदेश**देखि आरम्भ भएर **जङ्गबहादुरको बेलायत यात्रा**सम्म आउँदा नेपाली साहित्यले साहित्यका कविता आख्यान एवम् नाटकको अतिरिक्त एउटा छुट्टै गद्यात्मक प्रस्तुतिमा आधारित हुने निबन्धात्मक विधाका लक्षणहरू देखिए तापनि विधा विभाजनगत कठिनाइ पनि देखा पर्छ । यो समयमा नेपाली गद्य साहित्यको उठान हुने आधारहरू पाइए पनि अपरिष्कृत भाषा, संरचनाको शिथिलता र आख्यानतत्त्वको असंयत र अनियन्त्रित प्रयोगले दुर्बल सावित हुन पुगेकोले नेपाली निबन्धको बीजकालका रूपमा नेपाली साहित्यको प्राथमिक काल रहेको छ ।[68]

## ३.२.२ माध्यमिक काल

नेपाली निबन्धको माध्यमिक कालको अभ्युदयका बारेमा विद्वान्हरूमा विविध मत देखिए तापनि मोतीराम भट्टको **भानुभक्तको जीवनचरित्र** (१९४८) बाट टिप्पणी र प्रतिक्रिया तथा अभिमत र वैचारिक निष्कर्ष दिने गद्यात्मक रचना आरम्भ भएकोले यसै समयलाई माध्यमिक काल मानिएको छ । वि.सं. १९५८ मा **गोर्खापत्र**को प्रकाशन पछि वैचारिक स्वतन्त्रता र प्रकाशन स्वतन्त्रता वरणको स्थिति अनुसार गद्य रचनाको प्रकाशन हुन थालेको देखिन्छ । **सुन्दरी** (१९६३) र **माधवी** (१९६५) पत्रिकाको माध्यमबाट ज्ञान र अनुभव क्षेत्रका भाषा साहित्यका सामग्रीहरूको प्रकाशनसँगै निबन्धात्मकताको प्रकाशन, गद्यात्मकताको प्रकाशन, परात्मक, निजात्मक स्थितिको निरूपण चेत आरम्भ हुँदै आएको छ ।[69]

---

65 राजेन्द्र सुवेदी, *आधुनिक नेपाली निबन्ध शिक्षा,* **वाङ्मय** (वर्ष ज्ञण, पूर्णाङ्क ज्ञण, दृण्छठाण्छड, पृ. ज्ञछ ।

66 ऐजन ।

67 राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ज्ञछ ।

68 गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** (चौ.सं.), काठमाडौं: रत्न पुस्तक भण्डार, पृ. घघ ।

69 राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध शिक्षा,** पूर्ववत्, पृ. ज्ञछ ।

बेनामी लेखकको **अघि मूर्ख पछि बुद्धिमान** (१९५९), **निद्रा** (१९६६), **श्री वसन्तपञ्चमी** (१९६६), **दूधको गुण अवगुण** (१९७७), **शिशु र शिक्षा** (१९७०) जस्ता बेनामी लेखहरूले निबन्धको प्रारम्भिक रेखा कोर्न पुगेको देखिन्छ ।[70] यसपछि **चन्द्र** (१९७१) र **गोर्खाली** (१९७२) जस्ता पत्रिकाको प्रकाशनले निबन्ध विकासमा महत्त्वपूर्ण आयाम थपेको पाइन्छ । **चन्द्र** पत्रिकामा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान आदिका निबन्ध प्रकाशित भएका छन् भने **गोर्खाली** (१९७२) मा सूर्यविक्रम ज्ञवालीको **सोक्रेटसको बहस** छापिएको पाइन्छ । यसैगरी पद्मनाभ सापकोटाको **नेपालको अर्थशास्त्र** जस्ता वस्तुपरक तथा **न्याय र बर्द्धते लक्ष्मी** (१९७१), **मातृभाषा र जीवनचरित्र** (१९७२-१९९३) जस्ता निबन्धात्मक कृतिहरूमा गद्यात्मक, निजात्मक एवम् वैचारिक आग्रहको प्रस्फुटन पाइन्छ । यसलाई माध्यमिक कालका निबन्धको महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ् ।[71]

यसरी मोतीराम भट्टको आगमन र उनको भानुभक्तको जीवन चरित्रले स्थापना गरेको दृष्टिकोण र समीक्षात्मक कालदेखि गोर्खाली पत्रिकासम्मको समयावधिलाई निबन्धको माध्यमिक कालका रूपमा लिन सकिन्छ । यस समयमा स्वदेशी र प्रवासीहरूले पत्रिकाको माध्यमबाट निबन्ध लेखनमा गति प्रदान गर्नुका साथै निबन्धात्मक वैचारिक चेत, निजात्मक आग्रहको प्रस्फुटन एवम् विषय र क्षेत्रका आयतनमा व्यापकता थपिएको छ ।[72] यद्यपि परिष्कृत शैली र अनुभूतिको अभाव, चिन्तनको गहिराई नपाइनु, शिथिल संरचना र भाषिक स्थिरताको अभाव हुनु यस कालका नकारात्मक पक्ष हुन् ।

## ३.२.३ आधुनिक काल

आधुनिक कालको अभ्युदयका बारेमा मत भिन्नता देखिन्छ तापनि वि.सं. १९७४ मा खर्साङ्गबाट प्रकाशित **चन्द्रिका** पत्रिकामा प्रकाशित शम्भुप्रसाद ढुङ्गेलका निबन्धहरूमा रहेको निबन्धात्मक मान्यताहरूले वर्तमानसम्म पनि निरन्तरता पाइरहेका छन् । त्यसैले **चन्द्रिका** प्रकाशनदेखि आधुनिक निबन्धको अभ्युदय भएको मान्न सकिन्छ । वि.सं. १९७४ देखि हालसम्मको समयावधिलाई निम्न उपचरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ -

### क) आधुनिक निबन्धको प्रथम चरण (वि.सं. १९७४-१९९२)

70 रामप्रसाद दहाल, **सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय,** का७माद्यौं: विद्यार्थी पुस्तक भ०डार, द्दण्छ्द्ध, पृ. ज्ञज्ञट ।

71 राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध शिक्ष०,** पूर्ववत्, पृ. ज्ञड ।

72 ऐजन ।

वि.सं. १९७४ मा खर्साङ्गबाट प्रकाशित **चन्द्रिका** पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलका **महेन्द्र मल्ली, कविताको फल, प्रेम, समयको मूल्य** जस्ता निजात्मक निबन्धहरू प्रकाशित भए ।[73] यी निबन्धहरूमा आत्मपरकता, सुकोमल गद्य, व्यङ्ग्य, व्याकरणसम्मत भाषा, अनुभव र रागात्मककताको उचाइ प्राप्त हुन्छ । यसै गरी पारसमणी प्रधानको **अध्यावशाय र विधा** निबन्धहरू र बङ्कीमचन्द्रको **खद्योत मानव** शीर्षकका निबन्धलाई **जुनकिरी** शीर्षकमा अनुवाद गरेर प्रकाशित गरेका छन् । त्यसैगरी चन्द्रसिंह, नन्दराम र मानसिंहको सम्पादकत्वमा देहरादूनबाट प्रकाशित **गोर्खा संसार** पत्रिकामा वेदनिधि शर्माको **जातीय रोगको अचूक औषधि** (१९८३) प्रकाशित हुन्छ । यसबाट निबन्धमा व्यङ्ग्यात्मक, प्रतीक र बिम्ब, आक्रमक तर कोमल गद्य अनुभूति र रागात्मक संवेदना थपिएको छ । यसैगरी **गोर्खा संसार**मा छापिएको विद्यावतीको **तरुण तरुणी कुन्न छन्न** ? (१९८६) निबन्धले नेपाली जातीय निस्क्रियता अनि सामाजिक विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा उद्घाटन गरेको छ । सुब्बा कृष्णलाल अधिकारीको **मकैको खेती, धर्मकुमारी शिक्षा** जस्ता कृतिबाट परुष गद्य वस्तुपरकता, ध्वनिचेत, व्याकरणसम्मत भाषा, ज्ञान र तथ्यात्मकताको स्थापना हुन सकेको छ ।

यसैक्रममा दार्जिलिङबाट प्रकाशित **नेपाली साहित्य सम्मेलन** (१९८९) पत्रिकामा सूर्यविक्रम, पारसमणि, रूपनारायण आदिका क्रमशः **साहित्य सेवा, चरित्र सुधार र नैतिकता** जस्ता बौद्धिक तथा निजात्मकताले ओतप्रोत भएका निबन्धहरू प्रकाशित छन् । यसैगरी वि.सं. १९९१ मा **शारदा** पत्रिकाको प्रकाशनले निबन्धको विकासमा झन् तीव्र गति प्रदान गऱ्यो । यसै पत्रिकामा बालकृष्ण समको **बर्दहामा सिकार**लाई निबन्ध भनिए तापनि त्यसमा पूर्णतः निबन्धात्मक तत्त्व पाउन सकिँदैन । बरु उनका **त्यो पानी, आत्मविश्वास** आदि निबन्धहरूमा पुरुष गद्य, ज्ञान र चिन्तन, तार्किकता, वस्तुपरकता, प्रौढ भाषा र तथ्यात्मकताको प्रतिपादन भएको छ ।[74] यसरी **चन्द्रिका**मा प्रकाशित निबन्धदेखि १९९२ सम्मको निबन्ध लेखनमा प्रवृत्तिगत वैविध्य अविर्भाव

---

[73] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध** (ते.सं.), काठमाडौं: पाठ्यसामग्री पसल, दृण्छट, पृ. ज्ञछ ।
[74] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध शिक्षण,** पूर्ववत्, पृ. ज्ञट ।

भइसकेको स्थिति देखिने हुनाले यसलाई आधुनिक नेपाली निबन्धको प्रथम चरण भनिएको हो ।

**ख) आधुनिक निबन्धको दोस्रो चरण (वि.सं. १९९३-२०१७)**

वि.सं. १९९३ मा **शारदा** पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको **आषाढको पन्ध्र** निबन्धसँगै आधुनिक कालको दोस्रो चरणको अभ्युदय भएको मानिन्छ । **लक्ष्मी निबन्धसङ्ग्रह** प्रकाशित गरेका देवकोटाका सम्पूर्ण निबन्धहरू यसै अवधिमा लेखिएका छन् । यस समयका निबन्धहरू कोमल गद्य, रागात्मक सम्वेदनाको अन्वितीकरण, निजात्मक कल्पनाको तरङ्ग, अनुभूति र प्रतीकात्मक अर्थसम्वरण, राष्ट्र र अन्तर्राष्ट्र, इहलोकदेखि परलोकसम्म, आत्मदेखि परात्मसम्म, भौतिकदेखि अध्यात्मसम्मको समग्र चिन्तनलाई स्थापना गरिएको गद्य सिर्जना भएको छ । समाजमा बढ्दो विकृति, शोषण, उत्पीडन र विसङ्गतिका व्यापक पक्षहरूको पनि प्रतिपादन देवकोटाबाट भएको छ । उनका २००२ साल पछिका निबन्धहरूको प्रयोगधर्मिताको प्रयोग पनि कतिपय निबन्धमा देख्न सकिन्छ ।

यस चरणका अन्य उल्लेखनीय प्रतिभाहरूमा हृदयचन्द्रसिंह प्रधान आफ्नो सम्पादकत्वमा **साहित्य स्रोत** पत्रिका प्रकाशित गर्दै नौला बान्की भएका निजात्मक निबन्धहरू लिएर देखा पर्छन् । निबन्धमा कवितात्मक गद्य, रागात्मक सम्वेदना, प्रतीकात्मक प्रस्तुति, राजनीतिक, सामाजिक र आर्थिक विसङ्गतिका पक्षहरूको व्यङ्ग्यात्मक प्रस्तुतीकरण गर्ने नवगद्यात्मक रचना सिर्जना गर्नु हृदयचन्द्रसिंहको निबन्धात्मक विशेषता हन् ।

यसैगरी यस चरणका अर्का सशक्त प्रतिभा केशवराज पिंडालीका निबन्धहरूमा वैयक्तिकताको प्रतिपादन, आधुनिकताको नाममा भित्रिदै गरेको अवैज्ञानिक र अव्यवहारिक प्रवृत्तिको विरोध, हास्यव्यङ्ग्यात्मक प्रस्तुति, चिन्तनगत प्रतिवद्धताको फितलोपन तर कवितात्मक गद्यको प्रयोग जस्ता विशेषताहरू रहेका छन् । यस चरणमा रामकृष्ण शर्मा, रूपनारायणसिंह, कमलमणि दीक्षित, भीमनिधि तिवारी, तारानाथ शर्मा, ईश्वर बल्लभ, बदरीनाथ भट्टराई, बासुदेव शर्मा लुइँटेल, चूडानाथ भट्टराई, श्रीधर खनाल,

अच्छाराई रसिक आदि निबन्धकारहरू निबन्ध विधामा सक्रिय रूपमा लागिपरेका देखिन्छन् ।[75]

बदरीनाथ भट्टराई र भीमनिधि तिवारीका निबन्धहरू परात्मक तथा वस्तुपरक छन् भने प्रेमराज शर्माले सुरु गरेको हास्यव्यङ्ग्य निबन्धलाई केशवराज पिँडाली, बासुदेव शर्मा लुइँटेल आदिले अगाडि बढाए । खोज, अनुसन्धानपरक निबन्धलाई कमलमणि दीक्षितले अगाडि बढाए भने लक्ष्मीप्रसाद देवकोटाको क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्तिले यस अवधिमा चरमोत्कर्ष प्राप्त गरेको छ । त्यसैगरी भैरव अर्याल, तारानाथ शर्मा, श्रीधर खनाल, गोविन्द भट्ट, बालमुकुन्ददेव पाण्डे, आनन्ददेव भट्ट, विष्णु नवीन जस्ता नवपुस्ताको पनि यस अवधिमा अभ्युदय भएको पाइन्छ । देवकोटाको **युगवाणी**मार्फत् आह्वान गरेको प्रजातन्त्रको अवसान भइ पञ्चायती सत्ताको पनि अभ्युदय भएको छ ।

### ग) आधुनिक नेपाली निबन्धको तेस्रो चरण (वि.सं. २०१८-२०३५)

वि.सं. २०१७ सालको राजनैतिक परिवर्तनसँगै समाजमा वाक् तथा प्रकाशन स्वतन्त्रतामा व्यवधान सुरु भएको भए तापनि **रूपरेखा** (२०१७) को प्रकाशनसँगै देशभित्र र देश बाहिरबाट अनेकौँ समाचारमूलक र साहित्यिक पत्रपत्रिकाको प्रकाशनको बाढी नै आएको पाइन्छ ।[76] विभिन्न संघ-संस्थाको मुखपत्रबाट निबन्ध प्रकाशनमा तीव्रता आउनुका साथै विश्वमा प्रकाशनका ढोकाहरूले लेखनलाई निरन्तरता दिने क्रममा दुरुहता र तीव्र व्यङ्ग्यात्मक दिशाको चयन गर्ने अवस्थाको जन्म हुँदै गएको देखिन्छ ।

यस चरणका निबन्धकारहरू मध्ये शङ्कर लामिछानेलाई प्रयोगशील निबन्धका श्रेष्ठ प्रतिभाका रूपमा लिन सकिन्छ । उनका **एब्स्ट्र्याक चिन्तन : प्याज** (२०२४), **गोधूली संसार** (२०२६), **बिम्ब प्रतिबिम्ब** (२०२८), **अन्तर्वार्ता सङ्कलन र लामिछाने** (२०३२) जस्ता लयात्मक, चित्रात्मक र काव्यात्मक भाषामा बौद्धिकता, चिन्तनशीलता तथा प्रयोगधर्मिताको सफल प्रयोग भएका

---

75 निर्मल सापकोध्ा, **दाद्दिमको रुखनेर निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोत्रपत्र (त्रि.वि., केन्द्रीय नेपाली विभाग, द्दण्छट), पृ. ज्ञड ।

76 गोपीकृष्ठा शर्मा, **नेपाली निबन्ध परिचय,** (चौ.सं.), का७मा८ौँ: रत्न पुस्तक भ०८ार, पृ. छद्ध ।

उनका निबन्धहरूले आधुनिक निबन्धमा नयाँ मोड ल्याएका छन् । पाश्चात्य साहित्यको नवीन चिन्तन र वादहरूसँग परिचित उनका निबन्ध अमूर्त र गहन खालका छन् । शैल्पिक अमूर्तता तथा चिन्तन प्रवाहका दृष्टिले बौद्धिक गहनताको दृष्टिले यो धारामा मात्र नभएर उनी आधुनिक नेपाली निबन्धको सम्पूर्णतामै वैशिष्ट्य हाँसिल गर्दै तेस्रो चरणका प्रतिनिधि निबन्धकारका रूपमा स्थापित छन् । शिल्पमा अमूर्तता एवम् चेतन प्रवाहका दृष्टिले बौद्धिक गहनताले भरिएका यिनका निबन्धले परिवर्तित विश्व परिवेशमा सिद्धान्ततः तदनुकूल बन्दै प्रस्तुत भइरहेका छन् । त्यस्तै प्रयोगधर्मी निबन्धकार शङ्कर लामिछानेका उत्तरवर्ती भएर प्रस्तुत भएका कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा शैलीगत नवीनता, प्रयोगधर्मिता-वैचारिक स्पर्श, प्रगतिवादी स्वर आदि प्रवृत्ति पाइन्छन् । यसैगरी यस चरणमा हास्यव्यङ्ग्यात्मक, नियात्रात्मक, संस्मरणात्मक निबन्ध लेखनमा कलम चलाउनेहरूमा भैरव अर्याल, श्रीधर खनाल, बालमुकुन्द पाण्डे, रामकुमार पाँडे, लैनसिंह वाङ्देल, तारानाथ शर्मा, जनकलाल शर्मा, विश्वेश्वरप्रसाद कोइराला, पारिजात, श्यामप्रसाद शर्मा आदि निबन्धकारहरू रहेका छन् ।

यस अवधिका अन्य व्यापक चर्चित निबन्धकारहरूमा रमेश विकल, गोविन्द भट्ट, चूडामणि रेग्मी, मदनमणि दीक्षित, बालकृष्ण पोखरेल, बल्लभमणि दहाल, गोविन्द लोहनी, भीमप्रसाद लामिछाने, धनुषचन्द्र गौतम, कमल दीक्षित, कृष्णप्रसाद ज्ञवाली, बासुदेव त्रिपाठी, मोहनराज शर्मा, रामलाल अधिकारी आदिले निबन्धलाई एकातिर जटिल र बौद्धिक दुरूहताको धरातलमा पुऱ्याएको छ भने अर्कोतिर हार्दिकताको तहसम्म पुऱ्याएको छ ।

**घ) आधुनिक निबन्धको चौथो चरण (वि.सं. २०३६ देखि यता)**

वि.सं. २०३६ को राजनैतिक परिवर्तनले केही हदसम्म प्राप्त लेखन स्वतन्त्रता, सार्वजनिक स्थलमा गोष्ठी, सम्मेलन आदिको आरम्भ भएपछि पञ्चायतको निर्विकल्पमा बहुदलको रेखाङ्कनसम्मको प्रयास हुन थालेको पाइन्छ । यसै क्रममा निबन्ध चिन्तनमा बहुआयामिकताको प्रस्तुति, नवचिन्तन र बहुल संस्कृति ग्रहण गर्ने परम्पराको अभ्यास भएको पाइन्छ । विभिन्न राजनैतिक उतार-चढाव, समसामयिक मूल्य र मान्यतामा देखापरेका परिवर्तन,

अनेक अन्तर्राष्ट्रिय परिवर्तन आदिले निबन्धका विषय वा स्वरमा परिवर्तन आउने क्रममा निबन्धमा तत्कालीन व्यवस्थाप्रतिको विद्रोह, तत्कालीन राजनैतिक पक्षको यथार्थ वातावरण, विसङ्गतिलाई केही परोक्ष रूपमा र त्यसपछि खुल्ला रूपमा प्रहार गर्न थालेका निबन्धात्मक प्रवृत्तिहरू देखा परेका छन् ।[77]

वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनले उच्च आदर्श अभिप्रेरित यथार्थको प्रारूपीकरण र कलात्मक प्रतिबिम्ब वीरता र बलिदानमा आधारित उदात्त भाववोध एवम् नयाँ प्रतिबिम्बहरूको विन्यास र शिल्पका लागि गुणात्मक दिशा निर्देशसहित रचना प्रक्रियाको क्षेत्रमा नयाँ आयाम थपिएको पाइन्छ ।[78] यस चरणमा परम्परागत धारामा नवीन आयाम र विविध कोणको अविर्भाव भएको छ । समसामयिक सृजनाका नामबाट सम्बोधित यो प्रवृत्ति विस्तारित हुँदै गएको छ । यसै समयमा रागात्मक सम्वेदनाका उत्कर्षतिर ढल्केका निबन्धकारहरूमा राममणि रिसाल, मनुजबाबु मिश्र, नारायण ढकाल, राजव, श्रीओम श्रेष्ठ 'रोदन', माधवप्रसाद पोखेल आदि रहेका छन् । यसैगरी हास्यव्यङ्ग्यात्मक निबन्धको उत्कर्षतातिर ढल्केका निबन्धकारहरूमा चोलेश्वर शर्मा, नरेन्द्रराज पौड्याल, मुकुन्द आचार्य, राजेन्द्र सुवेदी, रुद्र खरेल, नरनाथ लुइँटेल आदि रहेका छन् ।

यसै गरी नियात्रात्मक निबन्ध लेखनमा उत्कर्षतिर अभिमुख निबन्धकारहरूमा विजय चालिसे, निर्मोही व्यास, गङ्गा उप्रेती, यादव खरेल, भीष्म उप्रेती, देवीचन्द्र श्रेष्ठ, राजेन्द्र सुवेदी आदि रहेका छन् भने संस्मरणात्मक निबन्ध लेखनको उत्कर्षतिर महेश्वर शर्मा, नारायण ढकाल, माधव पोखरेल आदि रहेका छन् ।

यसरी परम्परागत धार र ढाँचाका अतिरिक्त समाजमा देखिन आएका नयाँ प्रयोग र मूल्यहरूको प्रभावलाई नयाँ शिल्प र नयाँ बिम्बमा एउटा यात्रा र निजात्मकताभित्र व्यङ्ग्योचित बिम्बको समायोजन गर्ने, आदर्श र अनादर्श विषयलाई निबन्धको प्रतिष्ठा प्रदान गर्ने, वर्तमानका विकृत पक्षहरूलाई समेत निबन्धात्मक परिधिको मर्यादा प्रदान गर्नु यस समयको उपलब्धिको रूपमा रहेको छ ।

[77] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध शिक्षण,** पूर्ववत्, पृ. ज्ञड ।

[78] चैतन्य, *समकालीन यथार्थ र साहित्यिक अभिव्यञ्जन,* **जनादेश साप्ताहिक** (वर्ष ज्ञद्द, अङ्क द्द्द, द्दण्टण भाद्र द्दण गते), पृ. ज्ञड ।

## ३.३ निष्कर्ष

निबन्ध साहित्यको सबैभन्दा कान्छो विधा हो । 'नि' उपसर्ग जोडिएको 'बन्ध' धातुमा 'घञ्' प्रत्यय लागेर बनेको 'निबन्ध' संस्कृत तत्सम शब्द हो, जसले गद्यमा लेखिने स्वतन्त्र साहित्यिक रचनालाई बुझाउँछ । यसको बीजारोपण पूर्वीय साहित्यमा भएको देखिए तापनि संरचना र स्वरूपका दृष्टिले यो पाश्चात्य साहित्यकै देनको रूपमा रहेको छ । पश्चिमी मुलुक फ्रान्समा जन्मेर अङ्ग्रेजी, हिन्दी हुँदै नेपाली साहित्यमा देखापरेको निबन्ध साहित्यको आधुनिक विधा हो । पाश्चात्य साहित्यबाट सुरुवात भए तापनि नेपाली साहित्यको क्षेत्रमा भने वि.सं. १८३१ सालमा लेखिएको पृथ्वीनारायण शाहको **दिव्योपदेश**लाई आधार मानेर यहीँबाट नेपाली निबन्ध लेखनको सुरुवात भएको मानिन्छ । नेपाली साहित्यमा यसको विकासलाई प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन कालमा विभाजन गरिएको छ । निबन्धलेखनको पृष्ठभूमि तयार पार्ने काम प्राथमिक कालले गऱ्यो भने माध्यमिक कालले निबन्धलेखनको रेखाङ्कनसहित विधागतस्वरूपलाई स्पष्ट पार्ने काम गऱ्यो । आधुनिक कालमा भने नेपाली निबन्धमा नयाँ-नयाँ मूल्य र मान्यताहरू देखा पर्दै गएका छन् । यिनै नयाँ-नयाँ मूल्य, मान्यतालाई आत्मसात गर्दै हाल यो विधा आफ्नै मौलिक स्वरूप र संरचनाका साथ स्वतन्त्र विधाका रूपमा आफ्नो परिचय दिँदै अगाडि बढ्दै गएको छ ।

## परिच्छेद चार

# रामबाबु घिमिरेको साहित्यिक क्षेत्रमा प्रवेश र निबन्धयात्रा

## ४.१ नेपाली निबन्धमा रामबाबु घिमिरेको प्रवेश

नेपाली साहित्यका बहुमुखी व्यक्तित्वका धनी साहित्यकार रामबाबु घिमिरे मुख्यतः निबन्ध विधामा बढी परिचित छन् । उत्कृष्ट साहित्यिक प्रतिभाका कारण चौध वर्षको उमेरमा कविता सिर्जना गरी साहित्यिक क्षेत्रमा प्रवेश गरेका घिमिरेको पहिलो प्रकाशित रचना **गुन्द्रुकको झोल** (२०२०) निबन्ध हो ।[79] यस निबन्धबाट नै नेपाली साहित्यको निबन्ध विधामा घिमिरे देखापरेका हुन् । घिमिरेका हालसम्म प्रकाशित निबन्धात्मक कृतिहरू (निबन्धसङ्ग्रह) निम्नानुसार रहेका छन् :-

- क) **म हरेस खान थालेको छु** (२०४७)
- ख) **लेख्न नपर्ने कुराहरू (२०५६)**
- ग) **अनर्गल प्रलाप** (२०६५)
- घ) **म हरेस खान थालेको छु** (२०६०, **द्वि.संस्क.**)

यिनका निबन्धसङ्ग्रहहरू मध्ये **म हरेस खान थालेको छु** निबन्धसङ्ग्रह चितवनकै पहिलो निबन्धसङ्ग्रह हो । नेपाली साहित्यका प्रसिद्ध निबन्धकार लक्ष्मीप्रसाद देवकोटा र शङ्कर लामिछानेका निबन्धबाट आफू प्रभावित र प्रेरित भएको बताउने घिमिरेले साहित्यभित्र जीवन-जगत्को व्यापक अभिव्यक्ति हुनुपर्छ र साहित्य साहित्यकै रूपमा प्रकट हुनुपर्छ भन्ने मान्यता राखेका छन् ।[80] यिनका निबन्धहरू फुटकर रूपमा **आरन, अभिव्यक्ति, मूर्छना, ओयाशिस, सम्प्रेषण, वागीश्वरी, इन्द्रकमल** आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन । विसङ्गत जीवनलाई सरल शब्दमा यथार्थपरक ढङ्गबाट देखाउनु यिनको निबन्ध लेखनगत वैशिष्य रहेको छ । वक्रोक्ति वा व्यङ्ग्य उनको लेखनको प्रमुख विशेषता हो ।[81] विशिष्ट लेखन शैली, रसास्वादन, हास्य र व्यङ्ग्य, यौनसम्बन्धी अभिव्यक्ति, कटाक्षभाव वा विद्रोही

---

[79] शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

[ङण] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** पूर्ववत्, पृ. ढट ।

[81] ०ि.आर. पोखरेल, *अनर्गल प्रलापको सार्थक वक्रोक्ति,* (**पारदर्शी,** द्दण्टट, कार्तिक ठ गते ।)

चेतनाजस्ता कुराहरू घिमिरेका निबन्धमा पाइन्छन् । विषयवस्तुको खँदिलो प्रस्तुति भएका घिमिरे चितवनका एक सशक्त निबन्धकारका रूपमा परिचित रहेका छन् ।

समसामयिक धाराका समाजपरक निबन्धकार घिमिरेका निबन्धमा जुन विचार अभिव्यक्त भएका छन्, ती सबै सुन्दर र स्वच्छ समाजको निर्माणार्थ लक्षित छन् ।[82] घिमिरेका निबन्धले वस्तुपरकताभन्दा आत्मपरकतालाई अङ्गालेका छन् । अन्तर्मुखी स्वभाव भएका घिमिरे विशेषतः वैयक्तिक जीवनका निजी अनुभूतिहरू, सामाजिक जीवनका भोगाइहरू, प्राध्यापन पेसा, आर्थिक अभावबाट उब्जिएका अनेकौं विकराल समस्याहरू र अन्य विविध अनुभूतिहरूलाई निबन्धको विषयवस्तु बनाउँदछन् । यिनका निबन्धहरूमा जीवनसम्बन्धी दृष्टिकोण निस्सारतामा केन्द्रित रहेको प्रतीत हुन्छ । आधुनिक जीवन-जगत्लाई समेटेर लेखिएका निबन्धमा व्यक्ति, परिवार, समाज, राष्ट्रिय-अन्तर्राष्ट्रिय एवम् विश्व मानव परिवेशमा हेर्दा सङ्गतिका तुलनामा देखिएका बढी विकृति, विसङ्गति, कुण्ठा, जतिलता र तत्सम्बन्धी चिन्तनको प्रस्तुति पाइन्छ ।

समयको अन्तरालसँगै घिमिरेका निबन्धहरूमा केही अन्तर पाइन्छ । निबन्धको सुरुवातको चरण आभ्यासिक चरण भए तापनि पछि गएर यिनका निबन्धहरू उच्चताको शिखरमा पुगेका छन् । शङ्कर लामिछनेको शैलीमा हुर्केका र आक्कल-झुक्कल देवकोटाको महक आउने घिमिरेका निबन्धहरूमा अनौपचारिक एवम् आत्मपरक शैली, शिल्पजस्ता विशेषता पाइन्छन् ।[83]

नेपाली साहित्यमा अमूल्य योगदान दिएका घिमिरेका हालसम्म पाँचवटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । जसमा तीनवटा निबन्धात्मक कृति प्रकाशित छन् भने एक/एक वटा उपन्यास र मुक्तकका पुस्तकाकार कृति रहेका छन् । निबन्ध विधामा कलम चलाउने घिमिरे चितवनका पहिलो निबन्धकारका रूपमा परिचित छन् । नामले रामबाबु भनेर चिनिने घिमिरे साँच्चै नै निबन्धका बाबु बनेका छन् ।[84]

## ४.२ रामबाबु घिमिरेको निबन्धयात्रा

वि.सं. २०३० सालमा कीर्तिपुर क्याम्पसबाट स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूद्वारा प्रकाशन गरिएको **क्रान्ति** पत्रिकामा *गुन्द्रुकको झोल* शीर्षकको निबन्ध

---

82 पूर्ववत् ।

83 केदारनाथ खनाल (प्रका.), **अनर्गल प्रलाप,** ले. रामबाबु ३िमिरे, (चितवनः चितवन साहित्य परिषद्, द्दण्टछ।

84 कपिल अ११त, *निबन्धका बाबु रामबाबु,* **चितवन पोष्द,** वर्ष ज्ञज्ञ, अङ्क घद्धढ, द्दण्टछ, जेष्७ द्दछ गते ।

प्रकाशित भएदेखि सुरु भएको घिमिरेको निबन्धयात्राले आजसम्म निरन्तरता पाइरहेको छ । यिनका तीनवटा निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । जसमा कुल चौँसठ्ठीवटा निबन्धहरू रहेका छन् । विभिन्न पत्रपत्रिकामा पनि फुटकर रूपमा अन्य निबन्धहरू प्रकाशित गरेका छन् । यिनका निबन्धमा वस्तुपरकताभन्दा आत्मपरकता पाइन्छ । आत्मपरक शैलीका धनी निबन्धकार घिमिरेको निबन्धयात्रालाई कृति प्रकाशनका आधारमा चरण विभाजन गरी यहाँ प्रस्तुत गरिएको छ -

क) पहिलो चरण (वि.सं. २०३०-२०४६ सालसम्म)

ख) दोस्रो चरण (वि.सं. २०४७ सालदेखि हालसम्म)

**क) पहिलो चरण**

वि.सं. २०३०-२०४६ सालसम्म घिमिरेको निबन्धकारिताको पहिलो चरणलाई आभ्यासिक चरण वा फुटकर रचनाको चरणको रूपमा लिन सकिन्छ । किनभने यस समयमा निबन्धकार घिमिरेको एउटा पनि निबन्धसङ्ग्रह प्रकाशित भएको पाइँदैन । यस अवधिमा घिमिरे सिकारु निबन्धकारका रूपमा देखापरेका छन् । घिमिरेले वि.सं. २०३० सालमा **क्रान्ति** पत्रिकामा *गुन्द्रुकको झोल* शीर्षकको निबन्ध प्रकाशन गरेर आफ्नो निबन्धयात्राको थालनी गरेका हुन् । यसपछि उनका *गुरु* (**अभिव्यक्ति,** २०३४), *दुई शब्द कवि कटुवालको सम्झनामा* (**इन्द्रकमल,** २०३७), *स्मृति रेखाङ्कन* (**श्रमकण,** २०३८), *आकर्षण एउटी नारीप्रतिको* (**आरन,** २०४३) गरी यस चरणमा जम्मा-जम्मी सातवटा निबन्धहरू प्रकाशित भएको देखिन्छ ।

फुटकर रचना प्रकाशनको चरणको रूपमा लिइने यस चरणमा निबन्धकारले निबन्धबाहेक साहित्यका अन्य विधामा पनि कलम चलाएका छन् । वि.सं. २०३२ सालमा **रित्तो आकाश** उपन्यास प्रकाशित गर्नुका साथै यस चरणमा घिमिरेले कथा, कविता पनि प्रकाशित गरेका छन् । घिमिरेको यो चरण निबन्ध लेखनका दृष्टिले त्यति उर्वर देखिँदैन । यस चरणमा लेखिएका निबन्ध आत्मपरकका साथै राष्ट्रियता झल्कने खालका छन् । यिनको पहिलो निबन्ध *गुन्द्रुकको झोल*मा पनि राष्ट्रियता झल्केको पाइन्छ ।

घिमिरेको यो चरणका निबन्धहरूमा व्यङ्ग्यचेत, निबन्धसङ्ग्रह प्रकाशनको अभाव, निबन्धभन्दा अन्य विधाप्रति बढी झुकाव, भाषिक परिष्कारको कमी जस्ता प्रवृत्तिहरू पाइन्छन् ।

**ख) दोस्रो चरण**

वि.सं. २०४७ सालदेखि हालसम्मको समयलाई निबन्धकार घिमिरेको दोस्रो चरणको रूपमा लिइएको छ । निबन्धकार घिमिरेको निबन्धयात्राको यो चरणलाई उत्कृष्ट वा परिष्कृत सिर्जनाको चरण अथवा पुस्तककार प्रकाशनको चरणको रूपमा लिन सकिन्छ । यस चरणको सुरुवातसँगै यिनका निबन्धहरू निबन्धसङ्ग्रहमा सङ्गृहीत हुन पुगेका छन् । यिनको पहिलो निबन्धसङ्ग्रह **म हरेश खान थालेको छु** (२०४७) हो । यस पछिका निबन्धसङ्ग्रहमा **लेख्न नपर्ने कुराहरू** (२०५६), **अनर्गल प्रलाप** (२०६५) प्रकाशित भएका छन् । यस चरणमा फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा उनका निबन्धहरू प्रकाशित भइसकेका छन् । त्यसैले यस चरणमा उनका तीनवटा निबन्धसङ्ग्रहको प्रकाशन र फुटकर रूपमा प्रकाशित निबन्धले उनको यो चरणलाई निबन्ध सिर्जनाको विकासको चरणमा लिन सकिन्छ ।

रामबाबु घिमिरेको पहिलो निबन्धसङ्ग्रह **म हरेश खान थालेको छु** (२०४७) चितवनकै पहिलो निबन्धसङ्ग्रहको रूपमा परिचित रहेको छ ।[85] वस्तुपरकताभन्दा आत्मपरकताका धनी घिमिरेको यस चरणका निबन्धहरू सङ्ख्यात्मकताका साथै गुणात्मक रूपमा पनि उत्कृष्ट छन् । यिनका निबन्धहरूको अध्ययन गर्दा अधिकांश निबन्ध बौद्धिकता र हार्दिकताले युक्त देखिन्छन् । स्वभावले अन्तर्मुखी र नेपाली साहित्यमा शङ्कर लामिछाने र महाकवि देवकोटाबाट प्रभावित घिमिरेलाई नेपाली साहित्य क्षेत्रका दोस्रो शङ्कर लामिछाने पनि भन्न खोजेको पाइन्छ ।[86] विसङ्गत जीवनलाई शब्दमा बिछ्याएर यथार्थतामा देखाउनु निबन्धकार घिमिरेको निबन्ध लेखनगत विशेषता हो । यस चरणको प्रथम निबन्धसङ्ग्रहको प्रकाशनको प्रथम संस्करण वि.सं. २०४७ सालमा र दोस्रो संस्करण वि.सं. २०६० सालमा भएको हो ।

---

85 पूर्णप्रसाद अधिकारी, *निबन्धकार रामबाबु श्मिरे र उनको म हरेश खान थालेको ५ निबन्धको समीक्षा०,* **समुन्नत,** (का७माडौं: वर्ष घ, अङ्क घ, द्दण्छद्ध) ।

86 ऐजन ।

यस निबन्धसङ्ग्रहमा जम्मा-जम्मी अठार वटा निबन्धहरू छन् । यी निबन्धहरू मध्ये *निष्काम कर्मयोग, जीवनको गोरेटोका सन्दर्भमा, दुई शब्द कवि कटुवालको सम्झनामा, स्मृति रेखाङ्कन र आकर्षण एउटी नारीप्रतिको* शीर्षकका निबन्धहरू पहिले नै विभिन्न पत्र-पत्रिकामा क्रमशः **अभिव्यक्ति** (२०३५), **सङ्कलन** (२०३५), **इन्द्रकमल** (२०३७), **श्रमकण** (२०३८), **आरन** (२०४३) मा प्रकाशित भइसकेका छन् भने बाँकी *प्रौढावस्था, प्लिज एक चान्स, एकलव्य, द्रोणाचार्य अनि म, नगद नारायण, व्यावहारिक मान्छे, पेशाले म विद्वान् हुँ, म हरेस खान थालेको छु, टिपिएका केही क्षणहरू, नायिकाको खोजीमा, मबाट केही लेखिने सम्भावना नै छैन, आमा नै मरिन्, म आस्तिक हुँ कि नास्तिक हुँ, तिमी त्यति राम्री नहुनु पर्ने* शीर्षकका निबन्धहरू भने यो सङ्ग्रहमा पहिलो पटक प्रकाशित भएका छन् । यो निबन्धसङ्ग्रहको प्रमुख उद्देश्य आत्मप्रकाशन रहेको छ । विसङ्गत सामाजिक संरचनाभित्र जीवनमा भोगेका कटु यथार्थता र व्यक्तित्वको आत्मप्रकटीकरण गर्नु नै यस निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको प्रमुख उद्देश्य रहेको देखिन्छ ।

निबन्धमा औपेदेशिकता र नैतिक आदर्श नपाइनु घिमिरेको वैशिष्ट्यको रूपमा रहेको छ । घिमिरेको यसै चरणमा प्रकाशित अर्को निबन्धसङ्ग्रह **लेख्न नपर्ने कुरा** हो । यस सङ्ग्रहमा पनि जम्मा अठारवटा निबन्धहरू रहेका छन् । जसमध्ये *राष्ट्रियता र मनस्ताप, अमर बनेका मृत क्षणहरू, सम्पादकीयभित्र प्रधान सम्पादक, नलेख्न पर्ने कुराहरू, अप्रासङ्गिक कुराहरू, टिकटका लागि साझाको टिकट, समाजवाद र रक्सी, संझौता, रातारात प्रख्यात, अपदस्त हुँदा, भवितव्य पऱ्यो भने, एउटा कुकुर र घर-तीन सहरमा, नारीदेह मूल्याङ्कन, गुन्द्रुकको झोल, गुरु* शीर्षकका निबन्धहरू पहिले नै विभिन्न पत्रपत्रिकाहरूमा क्रमशः **सम्प्रेषण** (अङ्क ४), **वागीश्वरी** (वर्ष २, अङ्क २), **सम्प्रेषण** (अङ्क ९), **वागीश्वरी** (अङ्क ४, २०५३), **सम्प्रेषण** (वर्ष २, अङ्क २), **ओयाशिश** (?), **कर्मचारी सन्देश** (?), **मूर्च्छना** (वर्ष १, अङ्क २), **अभिनव प्रस्तुति** (२०५३), **वागीश्वरी** (अङ्क ६, २०५५), **सम्प्रेषण** (अङ्क ११, २०४९), **सम्प्रेषण** (अङ्क १२), **कान्ति** (२०३०), **अभिव्यक्ति** (वर्ष ८, अङ्क २, २०३४) मा प्रकाशित भइसकेका छन् भने बाँकी *आसन्न आपत्ति र बीमा, मदिरा र नारी*

*स्वतन्त्रता, नली खुट्टाको हाड र डिस्कोमा एक रात* शीर्षकका निबन्धहरू भने यस सङ्ग्रहमा पहिलो पटक प्रकाशित भएका छन् । घिमिरेका यस निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको प्रमुख उद्देश्य आत्मप्रकाशन भए पनि आत्मप्रकाशकै क्रममा सामाजिक जीवन भोगाइका तीता-मीठा अनुभव, राजनीतिक भ्रष्टाचार, विसङ्गति, संस्कारगत विकृति, असमानता जस्ता जीवन-जगत्का विविध विषयवस्तुका रूपमा रहेका छन् । यिनै विविध पक्षमा देखिएका नकारात्मक प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गर्नु निबन्धलेखनको उद्देश्य रहेको देखिन्छ ।

घिमिरेको यसै चरणमा प्रकाशित अर्को निबन्धसङ्ग्रह **अनर्गल प्रलाप** हो । यो सङ्ग्रह वि.सं. २०६५ सालमा प्रकाशित भएको हो । विरोधात्मक शीर्षक राखेर उर्जा भर्ने रामबाबु राजनीतिमा हारे पनि निबन्ध साहित्य सिर्जनामा जितेर विरोधीहरूका आँखाका नानी भएका छन् ।[87] **अनर्गल प्रलाप** व्यङ्ग्योक्तिपूर्ण निबन्धसङ्ग्रह हो । यिनी सामाजिक धाराका समाजपरक निबन्धकार हुन् । वक्रोक्ति वा व्यङ्ग्य यिनको लेखनको प्रमुख विशेषता हो । यस सङ्ग्रहमा जम्मा अठ्ठाइसवटा निबन्धहरू सङ्गृहीत छन्, जसमध्ये *आफैं हराएको सूचना, आफ्नो शोकसभामा आफैं वक्ता, ब्रह्मचर्यदान अर्थात् वीर्यदान, वस्तुगत साक्षात्कार, कालेसँगको विछोडमा, पुराना कुराहरू, मृत्युबोध र आत्मचिन्तन, अनर्गल प्रलाप, पशुपतिनाथ जस्तो तिमी उस्तै म, निर्मोहीसँग मोह, सल्लाहकार,* शीर्षकका निबन्धहरू पहिले नै विभिन्न पत्रपत्रिकाहरूमा क्रमशः **अन्नपूर्ण स्मारिका** (वर्ष १, अङ्क १, २०६१), **चितवन टाइम्स** (२०५९), **जस्मिन राष्ट्रिय त्रैमासिक** (२०५७, वर्ष १, अङ्क ३), **सोभिनियर** (अप्रिल, २००२), **आदर्शपुञ्ज** (वर्ष १, अङ्क २), **चितवन : रत्ननगर स्मारिका** (२०६०), **चितवन पोष्ट** (वर्ष ७, अङ्क ४, २०६०), **सम्प्रेषण** (अङ्क १३, २०६१), **राष्ट्रदर्पण** (वर्ष ६, अङ्क १, २०५९), **मधूलिका** (वर्ष ६, पूर्णाङ्क ४, २०५७), **एमनेष्टी आवाज** (२००४) मा प्रकाशित भइसकेका छन् भने बाँकी *शीर्षक नै बुद्ध र शान्ति, विचार संक्रमण, भाडाको मान्छे, कवि विनोदीको 'अविश्रान्त' पढ्नु पूर्व, अनिर्णित निर्णय, नाम परिवर्तनको अपरिहार्यता,*

---

[87] दि.आर. पोखरेल, पूर्ववत्, पृ. द ।

*अनिद्राको अन्वेषण, मेरो हालखबर के छ?, बिम्ब हराएकोमा, मधुमेह र समाजसेवा, गजल र गाजलु आँखा, श्रमजीवी साहित्यकार, जुलुस र मलामी, द्वन्द्व व्यवस्थापन, प्लुटो मान्यताच्युत हुँदा, अनुत्तरित प्रश्न* शीर्षकका निबन्धहरू भने प्रथम पटक यसै सङ्ग्रहमा सङ्गृहीत छन् । यस सङ्ग्रहका निबन्धमा साहित्यिक परिवेश, साहित्यकारहरूसँगका अन्तरङ्ग सन्दर्भहरू, क्याम्पसका प्रशासनिक सन्दर्भहरू, राजनीतिक भोगाइका प्रसङ्ग र अनुभूतिहरू, आध्यात्मिक-दार्शनिक चेतनाका विविध चिन्तनका परिदृश्य आदि अनेकौँ प्रसङ्गहरू पाइन्छन् ।

निबन्धको उर्वर चरणको रूपमा रहेको यस समयमा घिमिरे साँच्चिकै निबन्धका बाबुका रूपमा चिनिएका छन् । यिनी कसैको अधीनमा बस्न चाहँदैनन् । अव्यवस्थित जिन्दगीलाई मनमाफिक ढङ्गले भोग्न चाहने घिमिरेसँग कलाको पारदर्शी चश्मा छ जसबाट जे-जे देख्दछन् त्यसैको बिम्ब-बिम्ब बोल्दछन् ।[88] निबन्धका धनी घिमिरेको यो चरण निबन्ध लेखनको विकासको चरणको रूपमा रहेको छ । निबन्धको दोस्रो चरणमा प्रवेश पछिमात्र यिनका निबन्धले स्पष्ट दिशा ग्रहण गर्न थालेको पाइन्छ । यस चरणका निबन्धमा आत्मपरकता, वैयक्तिकता, भावको सार्वभौमिकता, चिन्तन र भावनाको सम्मिश्रण, विषयगत विविधता, पौराणिक मिथक, बिम्ब एवम् काव्यात्मकता जस्ता प्रवृत्ति देखिन्छन् । निबन्धात्मक मूल्यका दृष्टिले घिमिरेको यस चरणलाई निबन्धयात्राको स्वर्णीम चरणको रूपमा लिन सकिन्छ ।

## ४.३ निष्कर्ष

आधुनिक नेपाली साहित्यका चर्चित प्रतिभा रामबाबु घिमिरेले साहित्यका विविध विधामा कलम चलाए तापनि उनको प्रिय विधा भने निबन्ध हो । वि.सं. २०३० सालमा **क्रान्ति** पत्रिकामा *गुन्द्रुकको झोल* शीर्षकको निबन्ध प्रकाशित गरेर घिमिरे नेपाली निबन्धका क्षेत्रमा प्रवेश गरेका हुन् । उनका हालसम्म **म हरेश खान थालेको छु** (२०४७), **लेख्न नपर्ने कुराहरू** (२०५६), **अनर्गल प्रलाप** (२०६५) गरी तीनवटा निबन्धसङ्ग्रह प्रकाशित भएको देखिन्छ । उनले जीवनजगत्मा आफूले देखे-भोगेका र सुनेका कुरालाई आत्मपरक शैलीमा

---

[88] कपिल अ१ात, *निबन्धका बाबु : रामबाबु*, पूर्ववत्, पृ. द ।

निबन्धमा प्रस्तुत गरेका छन् । कृति प्रकाशनका आधारमा उनको निबन्धयात्रालाई प्रथम र द्वितीय गरी दुई भागमा विभाजन गरिएको छ । प्रथम चरणमा फुटकर रूपमा सातवटा निबन्धको रचना र द्वितीय चरणमा तीनवटा निबन्धसङ्ग्रहको प्रकाशन भएको देखिन्छ । उनका निबन्धमा विषयगत विविधता पाइन्छ । सामाजिक, आर्थिक, धार्मिक, राजनैतिक आदि जीवन भोगाइका कटु यथार्थलाई अव्यवस्थित र विशृङ्खलित ढङ्गले आत्मपरक शैलीमा प्रस्तुत गर्नु उनको निबन्धकारिताको महत्त्वपूर्ण विशेषता हो ।

## परिच्छेद पाँच

# 'अनर्गल प्रलाप' निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन

### ५.१ पृष्ठभूमि

**अनर्गल प्रलाप** (२०६५) निबन्धकार रामबाबु घिमिरेको तेस्रो निबन्धसङ्ग्रह हो । यो निबन्धसङ्ग्रह वि.सं. २०६५ सालमा चितवन साहित्य परिषद्, चितवनद्वारा प्रकाशनमा ल्याइएको हो । यससङ्ग्रहमा वि.सं. २०४९ देखि २०६३ सालसम्म लेखिएका र कुनै विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका लामा-छोटा अठ्ठाइसवटा निबन्धहरू सङ्गृहीत छन् । जम्मा-जम्मी एकसय तेइस पृष्ठभित्र आवद्ध यस सङ्ग्रहका निबन्धहरूको आकारगत स्वरूप प्रायः लघु तथा मध्यम देखिन्छन् । यस सङ्ग्रहमा सङ्कलित उनका निबन्धहरूमा क्रमशः *शीर्षक नै बुद्ध र शान्ति, विचार संक्रमण, भाडाको मान्छे, कवि विनोदीको 'अविश्रान्त' पढ्नु पूर्व, आफै हराएको सूचना,* निरन्तर प्रवाहित छु म, *अनिर्णित निर्णय, आफ्नो शोकसभामा आफै वक्ता, ब्रह्मचर्यदान अर्थात् वीर्यदान, वस्तुगत साक्षात्कार, कालेसँगको विछोडमा, नाम परिवर्तनको अपरिहार्यता, पुराना कुराहरू, अनिद्राको अन्वेषण, मृत्युबोध र आत्मचिन्तन, अनर्गल प्रलाप, पशुपतिनाथ जस्तो तिमी उस्तै म, मेरो हालखबर के छ ?, निर्मोहीसँग मोह, बिम्ब हराएकोमा, सल्लाहकार, मधुमेह र समाजसेवा, गजल र गाजलु आँखा, श्रमजीवी साहित्यकार, जुलुस र मलामी, द्वन्द्व व्यवस्थापन, प्लुटो मान्यताच्युत हुँदा, अनुत्तरित प्रश्न* रहेको छ ।

**अनर्गल प्रलाप** जस्तो निषेधात्मक शीर्षक राखेर नामकरण गरिएको यस सङ्ग्रहमा उनले आफ्नो लेखन पनि जीवन जस्तै विशृङ्खलित छ भनेका छन् । त्यसैले उनका निबन्धको विषयवस्तु पनि कुनै एक विषयको सीमामा मात्र नरही विशृङ्खलित देखिन्छ । यस सङ्ग्रहका

प्रायःजसो निबन्धमा देशमा चलिरहेको हत्या, हिंसा, धर्मको क्षेत्रमा देखिएको विकृति-विसङ्गति, देशमा बढ्दै गएको राजनीतिक चलखेल, मानिसमा दिन-प्रतिदिन बढ्दै गएको भौतिकताप्रतिको मोह, स्वार्थी मानवीय प्रवृत्ति, मानिसमा देखिने वैराग्य भाव आदिजस्ता समसामयिक सन्दर्भहरूलाई विषयबस्तु बनाई निबन्ध रचना गरिएको छ । यसैगरी यस्ता विभिन्न क्षेत्रमा देखा परेका विकृति, विसङ्गतिप्रति हास्यको माध्यमबाट चोटिलो व्यङ्ग्य पनि गरिएको देखिन्छ । उनका यस सङ्ग्रहमा सङ्गृहीत निबन्धहरूलाई क्रमशः शीर्षक, संरचना, विषयवस्तु, उद्देश्य र भाषाशैलीका आधारमा अध्ययन गरिएको छ ।

## ५.१.१ शीर्षक नै बुद्ध र शान्ति

### ५.१.१.१ शीर्षक

*शीर्षक नै बुद्ध र शान्ति* शीर्षकको निबन्ध रामबाबु घिमिरेको **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्कलित पहिलो निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । यस निबन्धमा वर्तमान समयमा देशमा भइरहेको हत्या, हिंसा, मानवीय स्वार्थीपन, भ्रष्टाचार आदिलाई सङ्केत गर्दै शान्तिको सन्देश फैलाउने बुद्ध जन्मिएको देशमा आज जताततै अशान्ति नै अशान्ति छाएको कुरा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यसैले विषयवस्तु र भाव अनुकूल शीर्षक सार्थक रहेको छ ।

### ५.१.१.२ संरचना

यसको संरचना तीन पृष्ठको लघु आयाममा फैलिएको छ । यसमा सात अनुच्छेद रहेका छन् । यसमा तीन वाक्यदेखि छब्बीस वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । ७९ पङ्क्तिसम्ममा फैलिएको यो निबन्ध सङ्क्षिप्त आकारको भए पनि यसले देशको समसामयिक हिंसाजन्य अवस्थाले गर्दा बुद्धको देश भन्दा पनि व्यङ्ग्य गरेजस्तो हुने कुरालाई अभिव्यक्त गरेको छ ।

### ५.१.१.३ विषयवस्तु

यस निबन्धमा निबन्धकारले देशमा भएको राजनैतिक चहलपहल र त्यसले ल्याएको द्वन्द्वात्मक परिवेशलाई व्यक्त गरेका छन् । यसमा समसामयिक नेपाली राजनीतिक अवस्थाको चित्रण गर्दै निबन्धकारको देशप्रेमी भावनालाई अभिव्यक्त गरिएको छ । मान्छेमा रहेको जसरी

भए पनि नाम कमाउने प्रवृत्तिलाई प्रस्तुत निबन्धमा यसरी व्यक्त गरिएको छ - *नेताजी अर्थात् सुवाषचन्द्र बोसले भनेका थिए रे राजनीतिकर्मी अरू केही काम नपाएर गुडिरहेको बसमा ढुङ्गा हानेर भए पनि चर्चामा आउनुपर्छ ।"* (पृ. २)

प्रस्तुत निबन्धमा वर्तमान समयमा देखिएको मानवीय स्वार्थी प्रवृत्ति र त्यसले गर्दा देशमा अशान्ति छाएको कुरा देखाइएको छ । त्यस्तै राजनीतिक, धार्मिक, सामाजिक आदि विभिन्न क्षेत्रमा देखिएका विकृत र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.१.१.४ उद्देश्य

यस निबन्धमा देशको वर्तमान अवस्था र त्यसले गर्दा भोग्नु परेको सङ्कटलाई देखाइएको छ । यसमा मान्छेमा आएको लुब्धता र अवसरवादी प्रवृत्तिका कारण शान्तिको देश नेपालमा शान्ति नै हराएको कुरा व्यक्त गर्नु नै यस निवन्धको उद्देश्य रहेको छ ।

### ५.१.१.५ भाषाशैली

आत्मपरक व्यङ्ग्यात्मक शैलीमा लेखिएको शीर्षक नै *बुद्ध र शान्ति* शीर्षक निबन्धको भाषाशैली सरल र सहज छ । यसमा कतैकतै *बर्खिलाप, कगार* जस्ता हिन्दी शब्दको प्रयोग पनि गरिएको छ । यसै गरी *बटिङ्ग इस्यु, टक अफ द टाउन, लास्ट स्टेज* जस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । यस निबन्धमा ठाउँ ठाउँमा उखानको पनि प्रयोग गरिएको पाइन्छ । जस्तैः बूढा र भुरा एकै हुन्छन्, नौ दिनमा नौलो, बीस दिनमा बिर्स्यो, आए आँप गए झटारो जस्ता उखानको प्रयोगले निबन्धलाई रोचक र प्रभावकारी बनाएको छ ।

## ५.१.२ विचार सङ्क्रमण

### ५.१.२.१ शीर्षक

*विचार सङ्क्रमण* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रह अन्तर्गतको दोस्रो निबन्ध हो । यसको शीर्षक शब्दावली ढाँचाको छ । यस निबन्धमा प्रत्येक मान्छेको मनमा खेल्ने सबै कुरालाई निबन्धकारले आफ्ना मनभित्रका विचारका माध्यमद्वारा अभिव्यक्त गरिएको छ । मान्छेको मनमा खेल्ने सबै कुरालाई बाहिर व्यक्त गर्न नहुने प्रसङ्गका साथै आफ्नो विचार जसरी नराम्रो कुराबाट सङ्क्रमित भएको छ त्यसरी देशपनि नराम्रो परिस्थितिबाट सङ्क्रमित भएको कुरा व्यक्त गरेका छन् । यस्ता विचार सङ्क्रमणले दिनप्रतिदिन देशमा द्वन्द्व, हिंसा,

हत्या बढ्दै गइरहेको कुरालाई यसमा प्रकट गरिएको छ । यस निबन्धको विषयवस्तु र शीर्षक बीचमा मेल देखिएकोले यसको शीर्षक सार्थक रहेको छ ।

### ५.१.२.३ संरचना

*विचार सङ्क्रमण* निबन्ध चार पृष्ठमा फैलिएको छ । तीन वाक्यको अनुच्छेददेखि सत्र वाक्यसम्मका अनुच्छेदहरू रहेको यसमा जम्मा-जम्मी बाह्र अनुच्छेदहरू रहेका छन् । एकसय चार पङ्क्तिसङ्ख्यामा संरचित यस निबन्धमा मान्छेभित्र मडारिने अनेक विचार र भावना अभिव्यक्त गरिएको छ ।

### ५.१.२.२ विषयवस्तु

*विचार सङ्क्रमण* शीर्षकको निबन्धमा मान्छेको मनभित्र मडारिने अनेकौं विचार र भावनालाई निबन्धको विषयवस्तु बनाइएको छ । यसमा निबन्धकारका मनमा खेलेका कुराहरूबाट निबन्धको सुरुवात गरिएको छ । यसको साथै देशको समसामयिक अवस्थाको चित्रणसमेत गरिएको छ । मानिस जन्मपछि विचारको सुरुवात हुन्छ । विचार सकारात्मक र नकारात्मक हुने र सकारात्मक विचारहरू नकारात्मक विचारबाट सङ्क्रमित हुन्छ । विचार सकारात्मक र नकारात्मक हुने र सकारात्मक विचारको सङ्क्रमण सुस्त हुने तर नकारात्मक विचारको सङ्क्रमण द्रुत हुने कुराको चर्चा गरिएको यस निबन्धमा मानिस मरेपछि पनि विचार शून्य नहुने कुरा व्यक्त गरिएको छ । मनमा जे-जस्ता विचार उब्जिए पनि नकारात्मक विचारलाई सकारात्मक विचारले दबाउनु पर्ने कुराको चर्चा गरिएको छ । यसको पुष्टि गर्नको लागि महात्मा गान्धी र नाथुराम गोड्सेको प्रसङ्गलाई ल्याइएको छ । वर्तमान समयमा मानिसमा भएको नकारात्मक विचार सङ्क्रमणका कारण देशले आज यो अवस्था भोग्नु परेकोमा निबन्धकारले खेद प्रकट गरेका छन् । यदि सरकार र समाजमा सकारात्मक विचारको सङ्क्रमण हुने हो भने नेपाललाई गौतम बुद्धको देश भन्दा व्यङ्ग्य उब्जने थिएने भन्ने कुरा व्यक्त गरिएको छ ।

### ५.१.२.४ उद्देश्य

प्रस्तुत *विचार सङ्क्रमण* शीर्षकको निबन्धमा मान्छेको चेतन र अवचेतन मनमा उब्जने राम्रा र नराम्रा विचारमध्ये राम्रो विचारलाई मात्र लिनुपर्छ, नराम्रो विचारलाई परित्याग गर्नुपर्छ भन्ने कुरा देखाइएको छ । सकारात्मक विचारले मानिस सकारात्मक दिशातर्फ बढाउने

र नराम्रो विचारले नकारात्मक दिशातर्फ अगाडि बढाउँछ । त्यसैले मान्छे नकारात्मक विचारलाई छाडेर सकारात्मक विचार लिएर अगाडि बढ्नु पर्छ भन्ने कुराको प्रस्तुति गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ५.१.२.५ भाषाशैली

प्रथम पुरुषात्मक कथन ढाँचाको प्रयोग गरी आत्मपरक शैलीमा लेखिएको यस निबन्धको भाषाशैली सरल, सहज र प्रभावमय छ । यसमा सकारात्मक र नकारात्मक विचारको बिम्बका रूपमा क्रमशः महात्मा गान्धी र नाथुराम गोडसेको उपस्थिति गराइएको छ । यसमा *लाइफ आफ्टर डेथ मेडिकल्ली* जस्ता अङ्ग्रेजी शब्दको प्रयोग प्रसङ्ग अनुसार गरिएको छ । यसैगरी *मर्ने विचार मनमा दीर्घावधिसम्म रहन्छ भने कुनै क्षणिक* जस्ता केही क्रियापदहीन वाक्यको प्रयोग पनि यसमा गरिएको छ ।

## ५.१.३ भाडाको मान्छे

### ५.१.३.१ शीर्षक

*भाडाको मान्छे* यस निबन्धसङ्ग्रहमा सङ्कलित तेस्रो निबन्ध हो । यो निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । यस निबन्धको शीर्षकले मान्छे वा अन्य वस्तुलाई कुनै कामको लागि प्रयोग गर्न दिइने पैसा वा अन्य वस्तुलाई भाडा भनिएको छ । निबन्धमा आजको मान्छेमा रहेको पद, पैसा र प्रतिष्ठाको लागि आप्नो स्वाभिमानलाई समेत बेच्न सक्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यसमा आजका मान्छे भाडाका हुन्, जसलाई रूपैयाँ-पैसा दिएर जस्तोसुकै काम पनि गर्न सकिन्छ भन्दै सामाजिक, धार्मिक, राजनैतिक, शैक्षिक आदि विभिन्न क्षेत्रमा देखिएको यस प्रकारका विकृतिले समाजमा पारेको प्रभावलाई प्रस्तुत गरिएकोले यस आधारमा यस निबन्धको शीर्षक र विषयवस्तु-बीच तालमेल देखिन्छ ।

### ५.१.३.२ संरचना

*भाडाको मान्छे* शीर्षकको निबन्ध चार पृष्ठको लघु आयाममा फैलिएको निबन्ध । यसमा सात वाक्यको अनुच्छेददेखि बाइस वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । यसमा

आठवटा अनुच्छेद रहेका छन् । जम्मा-जम्मी अन्ठानब्बे पङ्क्तिसङ्ख्यामा फैलिएको यस निबन्धले भाडामा बिक्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ ।

### ५.१.३.३ विषयवस्तु

*भाडाको मान्छे* शीर्षकको निबन्धले आफ्नो स्वतन्त्र पहिचान र अस्तित्वलाई बिर्सेर भाडामा बिक्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ । वर्तमान समयमा रूपैया-पैसा बिना केही काम गर्न नसकिने तर मान्छेसँग पैसा भयो भने जस्तोसुकै कुरा पनि प्राप्त गर्न सकिने कुराको चर्चा गर्दै मान्छेमा बढ्दै गएको भौतिकताप्रतिको मोहलाई अत्यन्त रोचक ढङ्गमा प्रस्तुत गरिएको छ । वर्तमान समयमा आफ्नो ज्यानको बाजी थापेर लड्ने सैनिकदेखि लिएर भाडामा गर्भाधारण गर्ने आइमाई, परीक्षार्थी, शैक्षिक योग्यता आदि समेत भाडामा लिएर आफ्नो स्वार्थपूर्ति गर्न पल्केका मानवीय प्रवृत्तिको चित्रणले मान्छेमा बढ्दै गएको अर्थमुखी संस्कृतिलाई सङ्केत गरेको छ । यसमा विचार, आदर्श, सिद्धान्त नभएका जतातिर बोलाउँछ त्यतैतिर जाने त्यस्ता स्वार्थी स्वभावका भाडाका टट्टुहरूका कारण समाज, राजनीति, धर्म आदि विविध क्षेत्रमा भित्रिएको विकृति, विसङ्गतिलाई चित्रण गरिएको छ । यस्तै राज्य सञ्चालन गर्न उच्चतहका बुद्धिजीवी भनाउँदाको आचार, अवसरवादी प्रवृत्ति आदि जस्ता भ्रष्ट नीतिले गर्दा नै देश नराम्रो अवस्थामा गुज्रिरहेको छ भन्दै यसप्रति चिन्ता प्रकट गरिएको छ । यसमा अर्थशास्त्रीको भनाइलाई ल्याएर यस प्रकारका भ्रष्ट व्यक्तिहरूलाई यसरी प्रहार गरिएको छ- *बुद्धिजीवी विकासोन्मुख देशका विकासमा तगारा हुन् । त्यति त नभनौं, बुद्धिजीवी विकासका संवाहक नभई बाधक पनि हुन्छ । बुद्धिजीवी भनेको एक प्रकारको आजका मान्छे हुन् ।* (पृ. ११)

### ५.१.३.४ उद्देश्य

यस निबन्धले मान्छेले आफ्नो स्वार्थपूर्तिका लागि भाडामा मान्छे लिएर जे-जस्ता क्रियाकलाप गर्न पनि अग्रसर हुन्छन् भन्ने कुरा देखाउँदै यसले विभिन्न क्षेत्रमा फिँजाएको विकृति, विसङ्गतिलाई प्रस्तुत गरिएको छ । यस्तो भाडामुखी संस्कृतिले गर्दा योग्यता र इमान्दारिताको कुनै पनि कदर नभएको कुराको प्रस्तुति गर्नु नै यस निबन्धको प्रमुख उद्देश्य रहेको देखिन्छ ।

### ५.१.३.५ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज र प्रवाहमय छ । यसमा *कस्मेटिक, जोक, पी.एच.डी., रेड लेभल, कोट*जस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । त्यस्तै *पत्थर, दिलवाली, इरादा*जस्ता हिन्दी भाषाका शब्दको पनि प्रयोग गरिएको र निपातको पनि प्रयोग भएको देखिन्छ । सरल वाक्यको अधिक प्रयोग देखिने यस निबन्धमा *के पाइन्छ भाडामा ? त्यो के भने गणेश किन गोबरको बनाउँछन् ? र लम्फूलाई किन दिमाखमा गोबर भरिएको भन्छन् ?* जस्ता प्रश्नवाचक वाक्यको प्रयोगले निबन्ध अझ रोचक बनेको छ । यसमा आलङ्कारिक शैली पनि स्पष्ट देख्न सकिन्छ । जस्तै - *नानिचा थाँक्रोमा काँक्रोझैँ बेरिन खोजेकी थिई ।* (पृ. १०)

## ५.१.४ कवि विनोदीको 'अविश्रान्त' पढ्नुपूर्व

### ५.१.४.१ शीर्षक

*कवि विनोदीको 'अविश्रान्त' पढ्नुपूर्व* शीर्षकको निबन्ध यस सङ्ग्रहको चौथो निबन्ध हो । यो निबन्धको शीर्षक पदावली ढाँचामा रहेको छ । यसमा निबन्धकारले साहित्यिक व्यक्तित्व कवि विनोदीको प्रशंसा गर्दै आफ्ना वैयक्तिक धारणाहरू व्यक्त गरेका छन् । विनोदीका काव्यकृतिहरू औपचारिक र नीति-नियममा बाँधिएको हुनाले निबन्धकार उनको काव्यशिल्पबाट अत्यन्त प्रभावित भएको कुरा यसमा व्यक्त गरिएको छ । शीर्षकको सेरोफेरोमा विषयवस्तु केन्द्रित भएकोले शीर्षक र विषयवस्तु बीच राम्रो तालमेल भएको देखिन्छ ।

### ५.१.४.२ संरचना

*कवि विनोदीको 'अविश्रान्त' पढ्नुपूर्व* शीर्षकको निबन्ध चार पृष्ठमा फैलिएको छ । यसमा चार वाक्यका अनुच्छेददेखि सोह्र वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । जम्माजम्मी एकसय तीन पङ्क्तिसङ्ख्यामा फैलिएको यस निबन्धमा साहित्यिक व्यक्तित्व कवि विनोदीको काव्यकृतिको चर्चा गर्दै नेपालमा साहित्यिक व्यक्तित्वको मूल्याङ्कन नभएको कुरा व्यक्त गरिएको छ ।

### ५.१.४.३ विषयवस्तु

प्रस्तुत निबन्ध साहित्यिक व्यक्तित्व कवि विनोदीका काव्य गुणको चर्चा गरिएको निबन्ध हो । कवि विनोदीबाट प्रभावित निबन्धकारले उनका कवितामा पाइने गहिरो भावले आफू पनि भावुक भएको कुरा व्यक्त गर्दै निबन्धकार आफू कविता लेखनतर्फ आकर्षित भए

पनि काव्यका नीति-नियम नजानेको हुनाले निबन्ध विधातर्फ मोडिएको कुरा उल्लेख गरेका छन् । यसमा वर्तमान समयमा देखिएका साहित्यिक स्रष्टाहरूमा आएको आधुनिकपनले गर्दा साहित्यिक कृतिमा नीति, नियम र अनुशासनको उल्लङ्घन भएको कुराको चर्चा गरिएको छ । यसमा कविताका माध्यमबाट मान्छे भित्रका सम्पूर्ण कुराहरू नाङ्गो रूपमा प्रकट गर्दै काव्यकृति सिर्जना गर्ने कविहरूलाई निबन्धकारले साहित्यिक गुण्डाको उपमा दिएका छन् । त्यस्तै हातपात नगरी सौन्दर्यको वर्णन गर्ने काव्यानुरागी गुण्डालाई नै निबन्धकारले मन पराएका छन् । विनोदीको **'अविश्रान्त'** कृति विमोचित हुनुभन्दा अगाडि फुटकररूपमा प्रकाशित विनोदीका रचनाहरू पढेका निबन्धकारले **'अविश्रान्त'** कृतिको विमोचनलाई विज्ञापनको रूपमा लिएका छन् । यसमा निबन्धकारले चर्चामा आउनका लागि विज्ञापन अनिवार्य भएको कुरा उल्लेख गरेका छन् । यसलाई निम्न पङ्क्तिले पुष्टि गरेको छ-

*विज्ञापनबिनाको व्यवसाय अँध्यारोमा तरुणीलाई आँखा भिम्क्याएजस्तै हो । तपाईंलाई थाहा छ तपाईं आँखा झिम्काउँदै हुनुहुन्छ तर उसले देखेकी हुन्न ।* पृ. १५ ।

### ५.१.४.४ उद्देश्य

यस निबन्धमा निबन्धकारले आजभोलिका सस्ता साहित्यिक लेखनप्रति वितृष्णा व्यक्त गर्दै विज्ञापनको अभावमा उत्कृष्ट साहित्यिका स्रष्टाहरू ओझेलमा पर्न सक्ने कुराको जानकारी दिनु नै यस निबन्धको प्रमुख उद्देश्य रहेको देखिन्छ ।

### ५.१.४.५ भाषाशैली

यस निबन्धमा सबैले बुझ्न सक्ने किसिमको सरल र सहज भाषाशैलीको प्रयोग गरिएको छ । यसमा *आषाढ मासे प्रथमः दिवसे* जस्ता संस्कृतका तत्सम शब्दको प्रयोग गरिएको छ । यसमा *थाहा छैन किन त्यो मान्छे मलाई निसर्त माया गर्छ ?, कविको मनमा के छ ?* जस्ता प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ । अधिकांश छोटा-छोटा सरल वाक्य रहेको यस निबन्धमा साहित्यिक व्यक्तित्व विनोदीको गुणगान गरिएको छ ।

## ५.१.५ आफै हराएको सूचना

### ५.१.५.१ शीर्षक

*आफै हराएको सूचना* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्कलित पाचौं निबन्ध हो । शब्दावली ढाँचामा शीर्षक रहेको यस निबन्धमा निबन्धकारले आफू विविध क्षेत्रमा आफ्नै कारणले हराएको कुरालाई आत्मपरक शैलीका माध्यमबाट व्यक्त गरेका छन् । वर्तमान समयमा देशमा भएको राजनीतिक अस्थिरताले कतै प्रजातन्त्र हराउने त होइन भन्ने चिन्ता व्यक्त गर्दा-गर्दै निबन्धकार आफू पनि सुरा, सुन्दरी र साहित्य जस्ता विविध विषयवस्तुमा हराएको कुरा गरेका छन् । यसमा निबन्धकारले कतै नेपालीको पहिचान हराउने त होइन ? भन्ने कुरा पनि प्रकट गरेका छन् । यस निबन्धको शीर्षक र विषयवस्तुबीच एकदमै राम्रो तालमेल रहेको देखिन्छ ।

### ५.१.५.२ संरचना

*आफै हराएको सूचना* शीर्षकको निबन्ध पाँच पृष्ठमा फैलिएको छ । यसमा एघार वाक्यका अनुच्छेददेखि एकतीस वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । जम्माजम्मी एक सय छत्तीस पङ्क्तिसङ्ख्यामा फैलिएको यस निबन्धमा निबन्धकारले विविध विषयवस्तुका माध्यमबाट आफू हराएको कुरा व्यक्त गरेका छन् ।

### ५.१.५.३ विषयवस्तु

*आफै हराएको सूचना* शीर्षकको निबन्धमा वर्तमान राजनैतिक अन्यौलता र आफ्नै देशमा परदेशीझैँ हराएर बाँच्नु परेको बाध्यात्मक परिस्थितिमाथि व्यङ्ग्य गरिएको छ । यसमा वर्तमान परिस्थितिले गर्दा देशमा आएको प्रजातन्त्र कतै हराउने त होइन भन्ने कुराको चिन्ता निबन्धकारलाई रहेको छ । देशमा समसामयिक परिस्थितिले गर्दा नेपालीको स्वतन्त्र अस्तित्व गुमेको र त्यसमा आफू पनि हराएको कुरा व्यक्त गरिएको छ । देशमा भएको राजनैतिक खिचातानी र त्यसबाट देशले भोग्नु परेको परिणाम, बेरोजगारीको चरम अवस्थाले रोजगारका लागि दक्ष जनशक्ति विदेश पलायन भएको कुरालाई पनि यसमा चर्चा गरिएको छ ।

### ५.१.५.४ उद्देश्य

यस निबन्धमा देशमा राजनैतिक अस्थिरताले गर्दा देशवासी तथा निबन्धकार आफू नै आफ्नो देशमा शरणार्थी बन्नु पर्ने अवस्थाको सिर्जना भएको कुरा दर्शाएका छन् । यदि यस्तो अवस्था चलिरहेमा साँच्चै नै सबैजना एकदिन आफ्नो राष्ट्रियता हराएको टुलुटुलु हेर्नुपर्ने स्थिति सिर्जना हुनसक्ने कुरालाई व्यक्त गरेका छन् । यस्तो अवस्था ल्याउने राजनेताहरूलाई समयमै सम्झाउनु पर्छ भन्नु नै यस निबन्धको प्रमुख उद्देश्य रहेको देखिन्छ ।

### ५.१.५.५ भाषाशैली

सरल, सहज भाषामा लेखिएको प्रस्तुत निबन्धको शैली आत्मपरक रहेको छ । *रेट हाइ, इ.सि.जी., स्पेस होल, नम्बर, फङ्सनल, डिसअर्डर, ग्रायण्ड डिजाइन, फलो अप, एडिक्ट, कर्फ्यू* जस्ता अङ्ग्रेजी शब्दको प्रयोगका साथै कतै-कतै हिन्दी शब्दको पनि प्रयोग गरिएको छ । निबन्धलाई रोचक बनाउन -

*तिम्रो आफ्नै, मेरो आफ्नै परिवेश थियो*

*तिम्रो मेरो भेट नहुनु नै वेश थियो ।*

जस्तो कवितात्मक शैलीको पनि प्रयोग गरिएको छ । यसमा कतै-कतै कोष्ठीकरणको प्रयोग जस्तै- (चर्चयार्ड) र कतै प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ ।

## ५.१.६ निरन्तर प्रवाहित छु म

### ५.१.६.१ शीर्षक

*निरन्तर प्रवाहित छु म* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत छैठौं निबन्धका रूपमा रहेको छ । यो निबन्धको शीर्षक वाक्यात्मक ढाँचामा रहेको छ । यस निबन्धमा निबन्धकारले आफू साहित्यिक क्षेत्रमा निरन्तर प्रवाहित भएको कुरा व्यक्त गर्दै आफ्नो जीवन रहेसम्म साहित्यिक अध्ययन र लेखनकार्यलाई निरन्तरता दिने कुरा व्यक्त गरेका छन् । शीर्षककै सेरोफेरोमा विषयवस्तु रहेकोले यस निबन्धको शीर्षक र विषयवस्तु बीच तादात्म्य रहेको देखिन्छ ।

### ५.१.६.२ संरचना

*निरन्तर प्रवाहित छु म* शीर्षकको निबन्ध चार पृष्ठमा फैलिएको लघु आकारको निबन्ध हो । यसमा लामा-छोटा गरी सात वाक्यको अनुच्छेद सङ्ख्या रहेको छ । जम्माजम्मी एक सय पङ्क्तिको सीमामा रहेको यस निबन्धमा निबन्धकारले जीवन-जगत्सम्बन्धी आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् ।

### ५.१.६.३ विषयवस्तु

*निरन्तर प्रवाहित छु* शीर्षकको निबन्धमा निबन्धकारले जीवनसम्बन्धी आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । *गति, गति रोकियो कि जीवन सकियो* भन्ने ब्रेख्तको भनाइबाट प्रारम्भ गरिएको यस निबन्धमा जीवनलाई गति र निरन्तरताको रूपमा लिइएको छ भने यति अर्थात् विश्रामले जीवनको समाप्ति अर्थात् मृत्युलाई सङ्केत गरेको छ । यसमा जीवनलाई निरन्तर अगाडि बढाउनका लागि सङ्घर्ष गर्नुपर्ने कुरालाई व्यक्त गरिएको छ । त्यसैले निबन्धमा आफू पनि साहित्यिक क्षेत्रमा निरन्तर लागिरहेको कुरा उल्लेख गर्दै मान्छेको सङ्घर्षशील जीवन शैलीलाई यसमा देखाइएको छ । यसमा निबन्धकारमा राम्रो साहित्यिक रचनाको संभावना देख्ने उदय अधिकारीले विभिन्न साहित्यिक कृतिहरू ल्याएर पढ्न बारम्बार आग्रह गरे तापनि त्यतिबेला पढाइलाई त्यति गहिरिएर नलिएको कुरा अभिव्यक्त गरिएको छ । यही अध्ययनको न्यूनताले उनका कृतिरचनामा निखार नआएको महसुस गर्दै निखारका लागि अध्ययनको आवश्यकता रहेको कुरा व्यक्त गरिएको छ । यसमा वर्तमान समयमा विज्ञापित हुन चाहने अहिलेका सस्ता साधनाविहीन साधकको जे-जस्ता कार्य गरेर भए पनि आफू चर्चामा आउन चाहने प्रवृत्तिलाई उल्लेख गरिएको छ । त्यस्तै यस निबन्धमा निबन्धकारले हरेक कुरा नीति, नियम, अनुशासनको मर्यादामा रही गर्नुपर्ने आफ्नो दृष्टिकोण अभिव्यक्त गरेका छन् । आफ्नो लेखनलाई बानीका रूपमा लिने निबन्धकारले अरू जुनसुकै क्षेत्रमा पराजय भोग्नु परेपनि साहित्यिक क्षेत्रमा भने पराजित नहुने लक्ष्यले साहित्यिक कृति लेख्ने कार्यमा निरन्तर लागिरहेको कुरालाई प्रस्तुत गरेका छन् । यसमा निबन्धकार आर्जनशील नभई सिर्जनशील जीवन बिताउनका लागि साहित्यिक क्षेत्रमा निरन्तर लागेको कुरा झल्किन्छ ।

### ५.१.६.४ उद्देश्य

प्रस्तुत निबन्धमा कुनै पनि कार्यमा सफलता प्राप्त गर्नका लागि त्यसलाई निरन्तरता दिनुपर्ने कुरालाई व्यक्त गरिएको छ । सङ्घर्षले नै मान्छेलाई अगाडि बढाउँछ भन्दै मान्छेको सङ्घर्षशील जीवनशैलीको प्रस्तुति गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.१.६.५ भाषाशैली

*निरन्तर प्रवाहित छु म* शीर्षकको निबन्धमा निबन्धकारका निजी जीवनका भोगाइहरू अआत्मपरक शैलीमा अभिव्यक्त गरिएको छ । यो निबन्धमा प्रयोग गरिएका भाषाशैली सरल, सहज र प्रभावमय छन् । यस निबन्धमा *शब्दब्रह्म*जस्तो संस्कृत शब्दको प्रयोग गरिएको छ

भने यसका साथै *लभ एट फस्ट साइट, वन मेन आर्मी, ह्याविट इज सेकेण्ड नेचर*जस्ता अङ्ग्रेजी शब्दको प्रयोगले गर्दा साधारण पाठकलाई निबन्धको भाव बुझ्न अप्ठ्यारो महसुस हुन सक्छ । बीच-बीचमा मुक्तकीय शैलीको प्रयोगका साथै *मामाको धन फुपुको श्राद्ध* जस्ता उखानको प्रयोगले निबन्धको भाषाशैली रोचक बन्न पुगेको छ । यसमा *जीवन गति हो, निरन्तरता हो* जस्ता आलङ्कारिक भाषाशैलीको पनि प्रयोग गरिएको छ ।

## ५.१.७ अनिर्णित निर्णय

### ५.१.७.१ शीर्षक

*अनिर्णित निर्णय* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत सातौँ निबन्ध हो । यो शीर्षक शब्दावली ढाँचाको रहेको छ । यस निबन्धमा सोचविचार नगरी गरिएको निर्णय जुनपछि कार्यान्वयन हुँदैन त्यसैलाई अनिर्णित निर्णयका रूपमा लिएको छ । निबन्धकारले आफ्ना जीवनमा घटित विभिन्न प्रसङ्गहरू प्रस्तुत गर्दै हतारमा गरिएको निर्णयले कालान्तरमा पिरोलिरहने कुराको चर्चा गरेका छन् । शीर्षककै सेरोफेरोमा यस निबन्धको विषयवस्तु केन्द्रित रहेकोले शीर्षक र विषयवस्तु बीच तादात्म्य देखिन्छ ।

### ५.१.७.२ संरचना

*अनिर्णित निर्णय* शीर्षकको निबन्धमा साना-ठूला गरी एघार अनुच्छेदसङ्ख्या रहेका छन् । यसमा चार वाक्यदेखि पच्चीस वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । यो निबन्ध पाँच पृष्ठमा फैलिएको छ । यस्तै एक सय एक्काइस पङ्क्तिसङ्ख्यामा फैलिएको यस निबन्धमा निबन्धकारले आफ्नो निजी जीवनमा घटेका विविध घटनाहरूको भोगाइजन्य अनुभव, अनुभूतिका माध्यमबाट विविध क्षेत्रमा गरिएको अनिर्णित निर्णयको बारेमा चर्चा गरेका छन् ।

### ५.१.७.३ विषयवस्तु

प्रस्तुत निबन्ध *अनिर्णित निर्णय* निबन्धमा निबन्धकारले आफ्नो जीवनमा कतिपय निर्णयहरू सोचविचार नगरिकन गर्दा कालान्तरमा पछुताउनु परेको र अरूको पनि यस्तै प्रकारको निर्णयले आफूलाई समेत प्रभाव पारेको कुरा व्यक्त गरेका छन् । मान्छेले कतिपय निर्णयहरू हतारमा लिने र फुर्सदमा पछुताउने गर्छन् भन्ने कुरालाई व्यक्त गरिएको छ । निर्णय

गरिएका तर कार्यान्वयन नभएका अनिर्णित निर्णयलाई निम्न उदाहरणले अझ स्पष्ट पारेको छ- कुनै एउटा विद्यालयको सञ्चालक समितिको बैठक बसेछ र तीनवटा ठोस निर्णय गरेछन् जो यसप्रकार छन्-

*क) विद्यालय भवन धेरै पुरानो भएकोले भत्काउने निर्णय गरियो ।*

*ख) नयाँ विद्यालय भवन बनाउँदा पुरानो विद्यालय भवनका सामग्रीहरू (काठ, ढुङ्गा, इँट्टा, जस्ता) आदि प्रयोग गर्ने निर्णय गरियो ।*

*ग) पुरानो विद्यालय भवन भत्काउँदा पठन-पाठनमा बाधा पर्ने भएकोले हाल नभत्काउने निर्णय गरियो ।* (पृ. २५)

यस उदाहरणमा निर्णय आफैमा पूर्ण भए तापनि समष्टिमा कुनै पनि निर्णय नभएको कुरालाई व्यक्त गरिएको छ । यसमा निबन्धकारले कुनै पनि निर्णय लिनुभन्दा अगाडि अत्यन्त सोचविचार गर्नुपर्ने कुरालाई विभिन्न उदाहरणका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

### ५.१.७.४ उद्देश्य

प्रस्तुत निबन्धमा हतारमा गरिने निर्णयले अप्ठ्यारो स्थितिको सृजना गराउँछ भन्ने कुरा देखाइएको छ । हतारमा निर्णय लिएर पछि पछुताउनुभन्दा कुनै पनि निर्णय गर्दा अत्यन्त सोचविचार गरी गर्नुपर्दछ भन्ने कुरा प्रस्तुत गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.१.७.५ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको *अनिर्णित निर्णय* शीर्षकको निबन्धको भाषाशैली सरल, सहज र मनोरञ्जनात्मक किसिमको रहेका छन् । यस निबन्धमा *अहम्ब्रह्मास्मि* जस्तो संस्कृत तत्सम शब्दको प्रयोग गरिएको छ भने यसका साथै *ड्रास्टिक चेन्ज, नट टु टेक डिसिजन इज अल्सो अ डिसिजन, एक्सन ओरियन्टेड म्यान, रियक्सन* जस्ता अङ्ग्रेजी शब्दको प्रयोग भएको पाइन्छ । *रात रहे अग्राख पलाउँछ* जस्ता उखान-टुक्का र आख्यानचूर्णको प्रयोगले निबन्धको भाषाशैली रोचक बन्न पुगेको छ ।

## ५.१.८ आफ्नो शोकसभामा आफै वक्ता

### ५.१.८.१ शीर्षक

**अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत आठौँ निबन्धको शीर्षक *आफ्नो शोकसभामा आफै वक्ता* रहेको छ । यो निबन्धको शीर्षक पदावलीको ढाँचामा रहेको छ । यस निबन्धमा निबन्धकारले आफू मरेको र आफ्नो शोकसभामा आफै वक्ता बनेको कल्पित घटनाक्रमबाट आफूलाई नै अपमानित गरिएको अभिधात्मक कथन आए तापनि व्यक्तिगत रूपमा आफ्नो व्यक्तित्व र योगदानको कदर नगर्ने समाजप्रति तिखो प्रहार गरेका छन् । यसमा असल मानिस जिउँदो छउञ्जेल जस्तोसुकै राम्रो काम गरे तापनि उसको नाम आउन गाह्रो हुने र छली, कपटी, फटाहा मान्छेहरूले नै इज्जत, प्रतिष्ठा पाउने तर सज्जन व्यक्तिलाई भने मरेपछि सम्मान गरी गोहीको आँसु चुहाउने जस्तो प्रवृत्ति हाम्रो समाजमा रहेको छ भन्ने कुरालाई व्यक्त गरिएको छ ।

### ५.१.८.२ संरचना

*आफ्नो शोकसभामा आफै वक्ता* शीर्षकको निबन्ध चार पृष्ठमा फैलिएको लघु आकारको निबन्ध हो । यसमा लामा-छोटा गरी छ अनुच्छेद रहेका छन् । यसमा आठ वाक्यदेखि सत्ताइस वाक्यसङ्ख्यासम्मका अनुच्छेदहरू रहेका छन् । छयानब्बे पङ्क्तिसङ्ख्या भएको यस निबन्धमा निबन्धकारले कल्पनाको माध्यमबाट विभिन्न प्रसङ्गहरू समेटेर आफ्नो शोकसभामा आफै वक्ता भएको कुरा उल्लेख गरेका छन् ।

### ५.१.८.३ विषयवस्तु

*आफ्नो शोकसभामा आफै वक्ता* शीर्षकको निबन्धमा निबन्धकारले समसामयिक युगको यथार्थ चित्रण गरेका छन् । यसमा निबन्धकारले आफ्नो शोकसभामा आफू नै वक्ता भएको काल्पनिक घटनाको चित्रणद्वारा देश र समाजमा रहेको विकृति, विसङ्गतिमाथि व्यङ्ग्य गरेका छन् । यस निबन्धमा निबन्धकारले सच्चा र इमान्दार मानिसको कुनै पनि कदर नहुने तर मरेपछि देखावटी सहानुभूति दर्शाउने नेपाली परम्पराप्रति निबन्धकार खेद प्रकट गरेका छन् । आफ्नो शोकसभामा आफै वक्ता भएर निबन्धकारले देखेका, भोगेका, सुनेका यथार्थ घटनाहरूको अनुभवहरूका आधारमा भीडको बोलबाला हुने, बहुमतको कदर गरिने देशमा कुनै एक व्यक्तिको कदर नगरिने, उसको अस्तित्व नै नहुने कुरालाई प्रस्तुत निबन्धमा देखाइएको छ । समाजमा रहेका स्वार्थी, छली, कपटी मान्छेहरू र ती मान्छेहरूको देखावटीस्वरूप एउटा र वास्तविकता अर्कै हुने कुरालाई यसमा व्यक्त गरिएको छ ।

### ५.१.८.४ उद्देश्य

प्रस्तुत निबन्धमा मान्छेमा रहेको स्वार्थी प्रवृत्ति र त्यसले गर्दा देश, समाजमा कस्तो असर पर्छ भन्ने कुरालाई देखाइएको छ । यसमा असल मान्छेले बाँचुन्जेल जति नै राम्रो काम गरे पनि त्यसको वेवास्ता गरिने तर मृत्युपछि भने त्यसप्रति देखावटी सहानुभूति र सम्मान दर्शाउने नेपाली परम्परालाई व्यङ्ग्यात्मक रूपमा देखाउनु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.१.८.५ भाषाशैली

*आफ्नो शोकसभामा आफै वक्ता* शीर्षकको निबन्ध निबन्धकारको निजी जीवनसँग सम्बन्धित विविध प्रसङ्ग, अनुभूतिहरूलाई आत्मपरक शैलीमा लेखिएको व्यङ्ग्यात्मक निबन्ध हो । यस निबन्धमा सरल र सहज भाषाशैलीको प्रयोग गरिएको छ । *पार्टी, मेयर, टिकट, पोलिटिक्स* जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोगका साथै *क्वारक्वारती* जस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि गरिएको छ । *के कहिल्यै नदेखेको जसरी हेर्नु भएको ? अन्त्यमा श्रीमती मात्र भई र उसले रुन्चे अनुहारले प्रश्न गरी लौ अब भन्नोस् म सधवा कि विधवा ?* जस्ता प्रश्नात्मक वाक्य र संवादात्मक अभिव्यक्तिको प्रयोगले निबन्धमा रोचकता ल्याएको छ ।

## ५.१.९ ब्रह्मचर्यदान अर्थात् वीर्यदान

### ५.१.९.१ शीर्षक

*ब्रह्मचर्य दान अर्थात् वीर्यदान* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत नवौं निबन्ध हो । यस निबन्धको शीर्षक प्रतीकात्मक ढाँचामा रहेको छ । यस निबन्धमा ब्रह्मचारिणीहरूले निबन्धकारलाई पठाएको पत्रमा उनको खराब बानी दक्षिणा स्वरूप माग गरिएको तर उक्त दक्षिणाको स्वरूप थाहा नभएको कुराको उल्लेख गर्दै कन्यादान, वीर्यदान, भूमिदान जस्ता दानका विविध स्वरूप मध्ये एउटा दान गर्ने र आफूले कुन दान गर्ने हो भन्ने कुरामा निबन्धकार स्पष्ट नभएको कुरालाई विभिन्न प्रसङ्गका माध्यमबाट व्यक्त गरेका छन् । ब्रह्मचारिणीहरूमा भएका यौनेच्छाहरू त्यसै नमर्ने कुरालाई यसमा देखाइएको छ । संभोग र समाधिका कुराहरूलाई विभिन्न धार्मिक प्रसङ्गसँग समावेश गरेर व्यक्त गरिएकोले शीर्षक र कथ्यवस्तुबीच तालमेल रहेको देखिन्छ ।

### ५.१.९.२ संरचना

*ब्रह्मचर्य दान अर्थात् वीर्यदान* शीर्षकको निबन्ध तीन पृष्ठको सङ्क्षिप्त आयाममा फैलिएको छ । लामा-छोटा गरेर दस अनुच्छेदमा संरचित प्रस्तुत निबन्धका अनुच्छेदहरू दुई वाक्यका अनुच्छेददेखि तेह्र वाक्यसम्मका रहेका छन् । एकहत्तर पङ्क्तिसङ्ख्या भएको यस निबन्धमा निबन्धकारले देश, समाज, राजनीति, धर्मका साथै नारीसम्बन्धी प्रसङ्गलाई रोचक ढङ्गबाट अभिव्यक्त गरेका छन् ।

### ५.१.९.३ विषयवस्तु

आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धमा निबन्धकारले वर्तमान युगमा विभिन्न क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई प्रकट गरेका छन् । यसमा निबन्धकारले धार्मिक किम्बदन्तीहरूका माध्यमबाट आफूभित्र रहेको चाहनालाई व्यक्त गर्नुका साथै वर्तमानमा देखापरेका विसङ्गति परापूर्वकालदेखि चलिआएको परम्परा भएको कुरा व्यक्त गरेका छन् । यसमा जिन्दगीलाई अस्विकार गरेर श्वेतवस्त्र धारण गरेका प्रति व्यङ्ग्य गरिएको छ । यसमा श्वेतवस्त्र धारण गरेका ब्रह्मचारिणीहरूमा भएका इच्छाहरू र चाहना त्यसै बिलाउँदैनन् भन्ने कुरालाई देखाउँदै निबन्धकारभित्र खराब बानी भएको र त्यसलाई दान गर्न चाहने इच्छा प्रकट भएको कुरालाई यसरी व्यक्त गरेका छन् - *जिन्दगी अस्विकार गरी श्वेतवस्त्र धारण गरेका नवयौवनाहरूमा शुक्रकीट प्रत्यारोपण गर्ने चाहना उब्जनु पनि मेरो कमजोरी नै हो । त्यो मनोभाव नै दान गरौँ भने संसार शून्य हुन सक्छ ।* (पृ. ३५)

यसमा नारीसम्बन्धी विभिन्न प्रसङ्गहरूलाई समावेश गर्दै प्रसङ्गअनुसार संभोग र समाधिका कुराहरू आएका छन् । मान्छेमा देखिने बाहिरी रूप र भित्री रूपमा भिन्नता भएको कुरालाई पनि देखाइएको छ । यसमा मान्छेमा भएका भ्रष्ट आचारलाई राजनीतिक, सामाजिक, धार्मिक आदि विविध विषयवस्तुका माध्यमबाट प्रकट गरिएको छ ।

### ५.१.९.४ उद्देश्य

*ब्रह्मचर्य दान अर्थात् वीर्यदान* शीर्षकको निबन्धमा मान्छेमा भएका खराब विचारहरूलाई त्याग्नु पर्ने कुरा व्यक्त गरिएको छ । यसमा आजको समसामयिक परिवेशमा विभिन्न क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई नाङ्गो रूपमा देखाउनु र मानिसले आफूभित्र रहेका यावत विकृतिहरूलाई त्याग्न सक्नु पर्दछ भन्ने सन्देश दिनु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.१.९.५ भाषाशैली

प्रस्तुत निबन्धको भाषा सरल र व्यङ्ग्यात्मक किसिमको रहेको छ । यसमा बिम्ब र प्रतीकको पनि प्रयोग गरिएको छ । ठाउँ-ठाउँमा धार्मिक किम्बदन्तीको प्रयोग गर्नुका साथै *संभोग से समाधिकी ओर, मुझे मृत्यु भी नसिब नही हुआ* जस्ता हिन्दी शब्दको प्रयोग गरिएको छ । यसैगरी *गोर्खालीज आर थ्री 'डब्ल्यु' यानेकी वार, वाइफ एण्ड वाइन* जस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ ।

एउटा मन्त्रीले गरेको चुनावी भाषणमा - *गरिबी हटाउन सरकारले स्यालको सिङ निर्यात गर्ने लक्ष्य राखेको छ* जस्ता व्यङ्ग्यात्मक वाक्यको प्रयोगले निबन्धमा रोचकता ल्याएको छ ।

## ५.१.१० वस्तुगत साक्षात्कार

### ५.१.१०.१ शीर्षक

*वस्तुगत साक्षात्कार* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत दसौँ निबन्ध हो । यस निबन्धमा विभिन्न क्षेत्रका वस्तुगत यथार्थलाई विभिन्न घटना-प्रसङ्गका माध्यमबाट चित्रण गरिएको छ । आजको मान्छे वस्तुगत यथार्थबाट पलायन हुँदै गएको कुराको चित्रण गरिएकोले यसको शीर्षक विषयवस्तु अनुकूल देखिएको छ ।

### ५.१.१०.२ संरचना

प्रस्तुत निबन्ध पाँच पृष्ठको मझौलो आकारको निबन्ध हो । यसमा लामा र छोटा गरेर दस अनुच्छेदहरू रहेका छन् । जसमा पाँच वाक्यका अनुच्छेददेखि तेह्र वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । एकसय पैँतीस पङ्क्ति सङ्ख्या रहेको यस निबन्धमा निबन्धकारले जीवन-जगत्मा देखा परेका यथार्थ वस्तुगत पक्षलाई अभिव्यक्त गरेका छन् ।

### ५.१.१०.३ विषयवस्तु

*वस्तुगत साक्षात्कार* शीर्षकको निबन्ध जीवन-जगत्मा देखापरेका वस्तुगत यथार्थलाई प्रस्तुत गर्दै लेखिएको निबन्ध हो । यसमा बस्तुगत यथार्थबाट पलायन हुँदै गएको स्वार्थी मानवीय चरित्रप्रति विभिन्न घटना-प्रसङ्गको माध्यमबाट व्यङ्ग्य गरिएको छ । धार्मिक, राजनीतिक आदि जीवन-जगत्का विविध वस्तुगत यथार्थ पक्षको चित्रण गरिएको यस

निबन्धमा बाचुन्जेल मात्र नभई मरेपछि पनि सुरक्षा चाहने मानवीय प्रवृत्तिका कारण नै धर्मको उत्पत्ति भएको कुराको चर्चा गरिएको छ । यसमा मान्छेको शरीर नाशवान् भए पनि आत्मा कहिल्यै नमर्ने कुराको चर्चा गरिएको छ । शरीरलाई आत्माको पिँजडाका रूपमा लिँदै नेपाल पनि पिँजडाभित्रको सुगाको रूपमा रहेको यथार्थ चित्रण गरिएको छ । यसले नेपालमाथि भएको वैदेशिक हस्तक्षेपप्रति सङ्केत गरेको देखिन्छ । यसलाई निम्न उदाहरणले पुष्टि गरेको छ - *घरभित्र नै यमराजले ताण्डव नृत्य देखाउन थालेपछि पर्खाल घाँडो हुँदोरहेछ ।* (पृ. ३९)

यसैगरी यसमा नेपाली राजनीतिक पार्टीहरूमा देखापरेको अर्न्तकलह, धार्मिक युद्ध, भ्रष्टाचार, घुसखोरी र कमिशनतन्त्री संस्कृति अघि पुगेको र सत्मार्गमा हिँड्ने असल व्यक्ति सधैँ पछाडि परेको वास्तविक यथार्थलाई चित्रण गरिएको छ । आफ्नो स्वतन्त्रता र मुक्तिका लागि पिँजडारूपी सारा बन्धनहरू चुँडालेर सङ्घर्ष गर्दै अगाडि बढ्नु पर्छ भन्ने भाव यसमा पाइन्छ ।

## ५.१.१०.४ उद्देश्य

*वस्तुगत साक्षात्कार* शीर्षकको निबन्धले यथार्थबाट पलायन हुने मानवीय प्रवृत्तिको चित्रण गर्दै वास्तविक यथार्थतिर लाग्नु पर्ने सङ्केत गरेको छ । यसैगरी मुक्तिका लागि सारा बन्धनहरू चुँडालेर अघि बढ्नु पर्ने कुराको सङ्केत गर्नु नै यसको उद्देश्य रहेको देखिन्छ ।

## ५.१.१०.५ भाषाशैली

*वस्तुगत साक्षात्कार* शीर्षकको निबन्धको भाषाशैली सरल र सहज छ । अधिकांश नेपाली भाषाको प्रयोग गरे पनि *ब्रह्मसत्य जगन्मिथ्या* जस्तो संस्कृत शब्दको प्रयोग, *ग्रयाण्ड डिजाइन्ड, थाइल्याण्ड, कमिशन* जस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि यसमा स्पष्ट देख्न सकिन्छ । आत्मपरक शैलीका माध्यमबाट अगाडि बढेको यो निबन्धमा निबन्धकारले आफ्ना भनाइलाई स्पष्ट पार्नका लागि विविध आख्यानचूर्णको प्रयोग र प्रश्नात्मक वाक्यको प्रयोगका साथै *हेर्नोस् न यतिखेर देशको हविगत* जस्ता क्रियापदहीन वाक्यको प्रयोग गरेको पाइन्छ । साथै यसमा काव्यात्मक शैलीको प्रयोग पनि देखिएको छ । यसको प्रयोगले निबन्धलाई थप रोचक बनाएको छ । जस्तै -

*घुम्टोमा राख अनुहार - हे सुन्दरताकी देवी !*
*हेर्दाहेर्दै तिमीलाई, कोही सडक दुर्घटनामा नपरोस् ।* (पृ. ४०)

### ५.१.११ कालेसँगको बिछोडमा

#### ५.१.११.१ शीर्षक

*कालेसँगको बिछोडमा* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत एघारौँ निबन्ध हो । यस निबन्धको शीर्षक पदावली ढाँचाको छ । शीर्षक नै प्रतीकात्मक रहेको कालेलाई कुकुर भनिएको छ । यसमा निबन्धकारले काले कुकुरको बिछोडमा आफ्नो मनमा विभिन्न कुरा खेलेको प्रसङ्गका साथै ऊ स्वाभिमानी र आज्ञाकारी भएको कुरा उल्लेख गरेका छन् । यस्तै निबन्धकारले आजका देशभक्त नेताहरूको स्वभाव पनि उनको काले कुकुरको जस्तो हुने हो भने देशमा सङ्कट आउने थिएन भन्ने कुरा व्यक्त गरेका छन् । देशको समसामयिक परिवेश र देशमा जनशक्ति पलायन भएको कुरा र देश हाँक्ने नेताहरूको भ्रष्ट प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको यस निबन्धको विषयवस्तु र शीर्षक मिल्दो रहेको देखिन्छ ।

#### ५.१.११.२ संरचना

*कालेसँगको बिछोडमा* शीर्षकको निबन्ध छ पृष्ठमा फैलिएको छ । यसमा तीन वाक्यको अनुच्छेददेखि बाइस वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । यसमा दश अनुच्छेदसङ्ख्या रहेका छन् । जम्माजम्मी एकसय बाउन्न पङ्क्तिसङ्ख्या रहेको यस निबन्धमा कालेसँगको बिछोडमा निबन्धकारको हृदयमा रहेका पीडालाई विभिन्न बिम्ब र प्रतीकका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

#### ५.१.११.३ विषयवस्तु

प्रस्तुत *कालेसँगको बिछोडमा* शीर्षकको यस निबन्धमा कालेसँगको विछोड भएकोमा दु:ख व्यक्त गरेका छन् । कालेलाई प्रतीकका रूपमा लिइएको यस निबन्धमा निबन्धकारका मनमा विविध कुरा खेलेको प्रसङ्गलाई यसमा उल्लेख गरेका छन् । यसमा कतै कुकुरलाई स्वामीभक्त, देशभक्तका साथै पौराणिक समयमा धार्मिक ग्रन्थहरूमा पनि कुकुरलाई मानेका कुरा व्यक्त गर्दै कुकुर मान्छेभन्दा बुद्धिजीवी प्राणी मानिएको कुरा उल्लेख गरिएको छ । हाम्रो देशको समसामयिक परिवेशमा देशभक्त नेताहरूमा पनि कुकुरको जस्तो स्वभाव भइदिएको भए आज नेपालीहरूले नेपालको अस्तित्व कतै हराउने त होइन भन्ने चिन्ता गर्नु पर्दैनथ्यो भन्ने कुरालाई यसमा उल्लेख गरिएको छ । मान्छेमा हराउँदै गएको मानवतालाई प्रस्तुत

निबन्धका माध्यमबाट व्यक्त गरेका छन् । मान्छेले कुकुरलाई खासै महत्त्व नदिए पनि विश्वमा कुकुरकै माध्यमबाट मान्छेले गर्न नसक्ने काम गरेको कुरालाई पनि यसमा उल्लेख गरिएको छ ।

### ५.१.११.४ उद्देश्य

प्रस्तुत निबन्धमा मान्छेमा भएको मानवता हराएको कुराको साथै मान्छेभन्दा कुकुर सर्वश्रेष्ठ भएको र कुकुरले मान्छेले गर्न नसक्ने कामहरू गरेको कुरालाई देखाइएको छ । देशमा समसामयिक परिस्थिति र त्यसले गर्दा भोग्नु परेको अवस्थालाई देखाउनु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ५.१.११.५ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धको भाषा सरल र सहज रहेको छ । यसमा व्यङ्ग्यको पनि प्रयोग गरिएको छ । *कुकुरलाई मासु पैँचो, बाह्रवर्ष ढुङ्ग्रामा राखेपनि कुकुरको पुच्छर बाङ्गै* जस्ता उखानको पनि प्रयोग गरिएको पाइन्छ । निबन्धमा रोचकता ल्याउनको लागि कवितात्मक शैलीको प्रयोगद्वारा ह्रासोन्मुख मानवीय प्रवृत्तिको पर्दाफास गरिएको छ । यसलाई निम्न उदाहरणहरूले स्पष्ट पारेको छ -

*कुकुर र छोरामा ठूलो अन्तर छ, कुकुर चोरमाथि जाइलाग्छ, छोरो आफ्नै ठूलो स्वरमाथि आइलाग्छ* जस्ता उदाहरणका साथै पहिलादेखि चलिआएका भनाइको प्रयोग र निबन्धमा कतै-कतै कोष्ठीकरणको प्रयोग पनि पाइन्छ ।

## ५.१.१२ नाम परिवर्तनको अपरिहार्यता

### ५.१.१२.१ शीर्षक

*नाम परिवर्तनको अपरिहार्यता* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत बाह्रौँ निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक पदावली ढाँचाको रहेको छ । यसमा निबन्धकारले आफ्नो नाम मन नपरेको कुरालाई आत्मपरक शैलीका माध्यमबाट व्यक्त गरेका छन् । 'बाबु' शब्दले बालापन र बृद्धपन दुबै अर्थ व्यक्त गरेको भन्दै आफूलाई आफ्नो बाल्यकाल स्मरण गर्न नचाहेको कुराका साथै बृद्धपनको स्मरण गर्न पनि नचाहेको कुरा व्यक्त

गरेका छन् । आफ्नो जीवनमा नामले गर्दा पारेको प्रभावलाई यसमा उल्लेख गरिएको प्रस्तुत निबन्धको शीर्षक र विषयवस्तु बीच तादात्म्य  रहेको देखिन्छ ।

### ५.१.१२.२ संरचना

*नाम परिवर्तनको अपरिहार्यता* शीर्षकको निबन्ध लामा र छोटा गरी जम्मा एघार अनुच्छेदमा फैलिएको निबन्ध हो । यसमा चार वाक्यदेखि अठार वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । पाँच पृष्ठको आयाममा संरचित यसमा एकसय बाइसवटा पङ्क्तिसङ्ख्या रहेका छन् । यस निबन्धमा निबन्धकारले आफ्नो नाम परिवर्तन गर्न चाहेका प्रसङ्गहरू व्यक्त गरेका छन् ।

### ५.१.१२.३ विषयवस्तु

प्रस्तुत निबन्धमा निबन्धकार आफ्नो नामबाट सन्तुष्ट नभएको र त्यसलाई परिवर्तन गर्नु पर्ने कुरालाई विभिन्न प्रसङ्गबाट उल्लेख गरेका छन् । आफ्नो जीवनको विविध कुराहरूलाई देखाउँदै वा स्मरण गर्दै आफ्नो नामले गर्दा आफ्नो जीवनमा परेका अप्ठ्याराहरूलाई यसमा व्यक्त गरेका छन् । निबन्धकारले आफ्नो नाममा रहेको बाबु शब्दले विविध अर्थ दिने कुराका साथै नाम परिवर्तनले गर्दा आफूलाई कसैले धोका दिन नसक्ने धारणा व्यक्त गरेका छन् । नाम परिवर्तन गरेर आफ्नो जीवनमा घटेका विविध घटनाहरूलाई बिर्सने कुरा गर्दै आफूले नयाँ जीवनको सुरुवात गर्ने कुरा व्यक्त गरिएको छ । यसमा निबन्धकारले राजनैतिक, सामाजिक, शैक्षिक लगायत विविध क्षेत्रमा पटक-पटक धोका खाएको साथै त्यो धोखा पनि आफ्नो नामले गर्दा त होइन भन्ने चिन्ता व्यक्त गरेका छन् । उच्च पदमा आसिन व्यक्तिहरूले आफ्नो फाइदाको लागि जस्तोसुकै कार्य पनि गर्न सक्ने कुरालाई पनि उनले नाम परिवर्तनको अपरिहार्यताका माध्यमबाट देखाएका छन् । मान्छेमा आएको भ्रष्ट नीति र त्यसले गर्दा भित्रिएका विकृतिप्रति व्यङ्ग्य गरिएको छ । यसमा निबन्धकारले आफ्ना निजी अनुभवहरूलाई देखाउँदै आजका मान्छेले आफ्नो करतुत बिर्सनको लागि नाम परिवर्तन गर्नु परेको कुरालाई पनि व्यङ्ग्यात्मक रूपमा देखाएका छन् ।

### ५.१.१२.४ उद्देश्य

प्रस्तुत निबन्धमा निबन्धकारले आफ्नो नामको बाबु शब्दले बूढो र बच्चाको द्विअर्थ दिएको र मानिसले सोही नामको कारणले आफूलाई जहिले पनि हीन तथा तुच्छ सम्झेको र सदासर्वदा पराजित र पराधिन बनाउन खोजेकोले उनलाई आफ्नो नाम नै परिवर्तन गर्ने इच्छा जागेको कुरा देखाएका छन् । मान्छेमा भएको मानवता हराएको र भ्रष्ट बन्दै गएको कुराको यथार्थता देखाउनु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ५.१.१२.५ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको यस निबन्धको भाषा सरल, सहज र प्रभावमय रहेको छ । यसमा *इरर इज ह्युमन, ब्ल्याक लिष्टेड* जस्ता अङ्ग्रेजी शब्दहरूका साथै *उर्जु, कारगर, बखत्* जस्ता हिन्दी शब्दको पनि प्रयोग पाइन्छ । एउटै संस्थाबाट पटक-पटक निष्कासन हुने अवसर कसरी पाइयो ? जस्ता प्रश्नात्मक वाक्यको प्रयोगका साथै प्रसङ्गअनुसार आख्यानको पनि प्रयोग गरिएको छ । यस निबन्धमा रोचकता ल्याउनको लागि मुक्तकको पनि प्रयोग स्पष्ट देखिन्छ । जस्तै -

*साहूको सूची लम्बिएको छ*
*मलाई खुसी लागेको छ*
*कारण मेरो मृत्युले धेरैलाई रुवाउने छ ।*

### ५.१.१३ पुराना कुराहरू

### ५.१.१३.१ शीर्षक

**अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत तेह्रौं निबन्धको शीर्षक *पुराना कुराहरू* रहेको छ । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । दुईवटा शब्दबाट बनेको प्रस्तुत निबन्धमा निबन्धकारका जीवन भोगाइका विभिन्न प्रसङ्गलाई उल्लेख गरिएको छ । निबन्धकारले आफ्नो जीवनमा बितेका कुराहरूको संस्मरण गर्दै वर्तमानमा देखिएका विकृतिलाई नङ्ग्याउने प्रयास गरेका छन् । निबन्धकारको विगतले वर्तमानलाई बेला-बेलामा घचघच्याएको कुरा यसमा व्यक्त गरिएको छ । यसमा निबन्धकारले आत्मपरक शैलीका माध्यमबाट आफ्ना विगतका कुराहरूलाई उल्लेख गरेका छन् ।

### ५.१.१३.२ संरचना

पाँच पृष्ठको आयाममा फैलिएको *पुराना कुराहरू* शीर्षकको यस निबन्धमा साना-ठूला गरेर सात अनुच्छेद रहेका छन् । जसमा आठ वाक्यका अनुच्छेददेखि तीस वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । यसमा एकसय चौँतीसवटा पङ्क्तिसङ्ख्या रहेको यस निबन्धमा निबन्धकारले आफ्नो जीवनमा वितेका कुराहरूलाई उल्लेख गरेका छन् ।

### ५.१.१३.३ विषयवस्तु

प्रस्तुत निबन्धमा निबन्धकारले आफ्ना विगतका तीता-मीठा अनुभवहरूलाई आत्मपरक शैलीका माध्यमबाट व्यक्त गरेका छन् । निबन्धकारले आफ्ना विगतका कामहरूले वर्तमानमा अप्ठ्यारो परेको कुरा पनि यसमा उल्लेख गरेका छन् । आफू शिक्षण पेसामा आवद्ध भएको र त्यहाँ आफूले राजनीतिक कार्यकर्तालाई पढाएको प्रसङ्गलाई यसरी देखाएका छन् - *हुन त आफ्नो बाइस वर्षको शिक्षण कलामा यदाकदा विद्यार्थी र मूलतः अखिल र ने.वि.संघलाई नै पढाएँ । हाम्रा शिक्षण संस्थाहरू पार्टी विशेषका कार्यकर्ता प्रशिक्षण केन्द्र बनेका छन् ।* (पृ. ५३)

यस निबन्धका माध्यमबाट वर्तमानमा देखिएका राजनीतिक विकृतिप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो विगतलाई बिसर्न खोजेपनि बिर्सन नसकिने कुरा व्यक्त गर्दै शिक्षण पेशामा आफैले पाएका वा भोगेका विविध अनुभवहरूलाई निबन्धमा व्यक्त गरेका छन् । वर्तमान समयमा देखापरेको राजनीतिक विसङ्गतिले गर्दा आज देशका दक्ष जनशक्ति विदेशतर्फ पलायन भएको कुराका साथै आजका मान्छेमा आएको पैसामुखी प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । आफ्नो जीवनमा आफू पटक-पटक आफ्नै मान्छेले गरेको धोका र त्यसले गर्दा उत्पन्न भएको मानसिक पीडालाई पनि व्यक्त गरेका छन् । मान्छेको वर्तमानमा जस्तोसुकै सुख सुविधाहरू भए पनि उसले विगतलाई बिर्सन नसक्ने कुरालाई यसमा आख्यानका माध्यमबाट स्पष्ट पारिएको छ । जस्तै- *एकादेशमा राजाले एउटी चेपाङ्नीलाई आफ्नी रानी बनाएछन् र दरबारमा सम्पूर्ण ऐश-आरामका साथ चौरासी व्यञ्जन उपलब्ध गराएछन् । राजा चेपाङ्नीलाई ज्यास्ती माया गर्दा रहेछन् । एक दिन राजाले सोधेछन्- भन तिमीलाई के खान मन छ ? जवाफमा चेपाङ्नी रानीले भनिछन्- गिठा, भ्याकुर र तरुल* । यसमा वर्डस्वर्थको प्रकृतितर्फ फर्क भन्ने भनाइको झल्को पाइन्छ ।

### ५.१.१३.४ उद्देश्य

मान्छेको विगतले वर्तमानको बोध गराउँछ भन्ने कुरा देखाउनु नै यस निबन्धको उद्देश्य रहेको छ । मान्छेले कुनै पनि काम गर्नु भन्दा पहिला आफ्नो विगतलाई सम्झनु पर्ने कुरालाई यसमा उल्लेख गरिएको छ ।

### ५.१.१३.५ भाषाशैली

प्रस्तुत निबन्धमा निबन्धकारले आफ्नो जीवनमा वितेका विविध कुराहरूलाई 'स्व' का माध्यमबाट देखाएका छन् । यसको भाषा सरल र सहज हुनुको सार्थ व्यक्तिबिम्ब र प्राध्यापन पेशाका कुराहरू पनि आएका छन् । *ब्याक टु नेचर, स्लोगन*जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ भने *सम्भोग से समाधि कि ओर, कहानी* जस्ता हिन्दी शब्दको प्रयोग गरिनुका साथै कवितात्मक शैलीको पनि प्रयोग गरिएको छ । जस्तै -

*भो, भो मलाई नसोध*

*यो देशमा के-के होला ? के-के होला ?*

*यो देशको भविष्य*

*कि ज्योतिषीलाई थाहा होला, कि विदेशीलाई थाहा होला ।*

साथै यस निबन्धमा कतै-कतै आख्यानको प्रयोग गरिनुका साथै कतै-कतै प्रश्नात्मक वाक्य र कोष्ठीकरणको पनि प्रयोग गरिएको छ ।

### ५.१.१४ अनिद्राको अन्वेषण

### ५.१.१४.१ शीर्षक

प्रस्तुत *अनिद्राको अन्वेषण* निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत चौधौँ निबन्ध हो । यसमा निबन्धकारले निद्रा नलाग्नुका कारणहरूको चर्चा गरेका छन् । निद्रा नलाग्नुको कारणहरू विभिन्न भए पनि आफूलाई निद्रा नलाग्नुको मुख्य कारण मानसिक भएको कुरा उल्लेख गरेका छन् । निबन्धकारको मनमा खेलेका विविध कुराहरूका माध्यमबाट प्रस्तुत निबन्धको विषयवस्तु अगाडि बढेको छ । यसमा मान्छेलाई निद्रा नलाग्नुका कारणमा शारीरिक, मानसिक, आर्थिक लगायत विविध कारणहरू रहेका कुरालाई उल्लेख गरिएको छ । यसको विषयवस्तु शीर्षककै सापेक्षतामा घुमेको पाइन्छ ।

### ५.१.१४.२ संरचना

**अनिद्राको अन्वेषण** शीर्षकको निबन्ध आठ अनुच्छेदमा फैलिएर रहेको एक सङ्क्षिप्त आकारको निबन्ध हो । यसमा सात वाक्यदेखि एघार वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । चार पृष्ठमा फैलिएको प्रस्तुत निबन्धको एकसय तीनवटा पङ्क्ति सङ्ख्या रहेका छन् । यस निबन्धमा निबन्धकारले आफ्नो मनमा खेलेका मनोगत कुराहरूलाई उल्लेख गरिएको छ ।

### ५.१.१४.३ विषयवस्तु

*अनिद्राको अन्वेषण* शीर्षकको निबन्ध मनोगत कुरासँग सम्बन्धित छ । यसमा मान्छेका मनका कुरालाई निद्रासँग समायोजन गरिएको छ । मान्छेका चेतन र अवचेतन मनमा भएका विविध कुराहरूले निद्रा नलाग्ने कुरा व्यक्त गरिएको यस निबन्धमा निबन्धकारलाई निद्रा नलाग्नुको कारणको खोजी गरिएको छ । यसमा मान्छेहरू धार्मिक, सामाजिक विविध कारणहरूले सुखी बस्ने र त्यस्तो अवस्थालाई जाग्राम भनिने र त्यसबाहेक अन्य कारणले निद्रा नलाग्नुलाई भने अनिद्रा हुनु भन्ने क्रियाका माध्यमबाट निद्राको क्रियात्मक रूपमा भिन्नता भएको कुरा उल्लेख गरिएको छ । यसमा निबन्धकारले अनिद्रा बस्ने विभिन्न कारणहरू मध्ये राता-रात प्रख्यात हुने वा बुढ्यौलीको सङ्केतमध्ये आफू कुनैमा पनि नपर्ने कारणलाई उल्लेख गर्दै निद्रा नलाग्नुको कारण मनलाई नै मुख्य मानेका छन् । मान्छेका चेतन र अवचेतन मनोभाव नै अनिद्राको कारण हुनसक्ने कुरा उल्लेख गर्दै यसमा चेतन मनमा भएका कुराहरू अवचेतन मनमा आउने र त्यसले निद्रालाई प्रभाव पार्ने कुरा उल्लेख गरिएको छ । चिकित्सा विज्ञानमा निद्रा नलाग्नुलाई रोग भनिन्छ भन्ने कुरा पनि उल्लेख गरेका छन् । निबन्धकारले आफूलाई निद्रा नलाग्नुको कारण कतै रोग त होइन भन्दै आफ्नो अनिद्राको कारणको अन्वेषण छिटो हुनुपर्ने कुरामा विशेष जोड दिएका छन् । निबन्धकारको मनमा निद्रा अनिद्रासम्बन्धी खेलेका विविध मनोगत कुरालाई यसमा प्रस्तुत गरिएको छ ।

### ५.१.१४.४ उद्देश्य

प्रस्तुत निबन्धमा मान्छेका मनमा भएका यावत कुराहरूले जीवनमा अप्ठ्यारो ल्याउन सक्दछ भन्दै मनभित्र खेल्ने कुरा सकारात्मक हुनुपर्ने, नकारात्मक कुराले मान्छेलाई मृत्युको मुखमा पुऱ्याउन सक्ने कुरालाई देखाइएको छ । मनोगत कारणले ल्याएको रोगको कुनै उपचार हुन नसक्ने कुरा उल्लेख गर्नु नै यसको उद्देश्य रहेको छ ।

### ५.१.१४.५ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धको भाषा सरल र सहज छ । यसमा मनोगत कुरालाई व्यक्त गरिएको छ । *साइड इफेक्ट* जस्ता अङ्ग्रेजी र *निद हराम*जस्ता हिन्दी शब्दको पनि प्रयोग गरिएको छ । कतै-कतै प्रसङ्ग मिलाएर प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ ।

## ५.१.१५ मृत्युबोध र आत्मचिन्तन

### ५.१.१५.१ शीर्षक

*मृत्युबोध र आत्मचिन्तन* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहित पन्ध्रौँ निबन्ध हो । यसमा निबन्धकारले आत्मपरक शैलीका माध्यमबाट आजको मान्छेमा भएका स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । मृत्युबोध भन्नाले मान्छेका जीवनको उत्तरार्द्धको समय जहाँ उसले आफू बूढो भएको महसुस गर्दछ र मृत्यु हुने समय आयो भन्ने कुरालाई सङ्केत गरेका छन् भने आत्मचिन्तन भन्नाले मान्छेले आफ्नो मृत्युबोध स्मरण, धर्म (ईश्वरीय मननतर्फ लाग्नु पर्छ) भन्ने भाव आउने कुरालाई यसमा उल्लेख गरिएको छ । मृत्यु र आत्मासम्बन्धी कुराहरूलाई विभिन्न प्रसङ्गका माध्यमबाट उल्लेख गरिएको विषयवस्तु र शीर्षक मिल्दो रहेको छ ।

### ५.१.१५.२ संरचना

*मृत्युबोध र आत्मचिन्तन* शीर्षकको निबन्ध दस अनुच्छेदमा फैलिएर रहेको एक सङ्क्षिप्त आकारको निबन्ध हो । पाँच पृष्ठसङ्ख्यामा रहेको प्रस्तुत निबन्धमा आठ वाक्यदेखि बीस वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । जम्मा-जम्मी एक सय छब्बीसवटा पङ्क्तिसङ्ख्यामा फैलिएको यसमा मान्छे जब मृत्यून्मुख हुन्छ, तब ईश्वरलाई सम्झन्छ भन्ने कुरालाई अत्यन्त सरल ढङ्गबाट अभिव्यक्त गरिएको छ ।

### ५.१.१५.३ विषयवस्तु

आत्मचिन्तन जस्तो गहनतम विषयवस्तु रहेको प्रस्तुत निबन्धमा निबन्धकारले 'स्व' का माध्यमबाट मान्छेमा आउने मृत्यु र आत्मासम्बन्धी धारणालाई अभिव्यक्त गरेका छन् । मान्छेले जीवनमा जे-जस्तो कार्य गरेपनि अन्त्यमा एक दिन मृत्युको मुखमा पर्नु पर्छ भन्ने यथार्थलाई यसमा अभिव्यक्त गरिएको छ । आजका मान्छेले मृत्यु जस्तो शाश्वत कुरालाई बिर्सेर धर्मका नाममा कुकर्म गर्नेले पैसालाई नै सर्वोपरी ठानेर धर्म नै बेचेका विविध प्रसङ्गहरूलाई यसमा कलात्मक ढङ्गबाट समावेश गरिएको छ । मान्छेले शरीरमा बल हुने बेलासम्म मृत्युलाई बिर्सने र जब शरीरमा बल सकिन्छ वा अशक्त हुन्छ त्यसपछि मृत्युलाई सम्झने र उसले धर्म गर्न थाल्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । आजका मान्छेले धर्मको नाममा गरेका कुकर्महरूलाई यथार्थरूपमा चित्रण गर्नुका साथै देह र आत्माको भिन्नता,

तत्त्वज्ञान र आत्माको अमरता, देहको क्षणभङ्गुरतालाई यसमा उल्लेख गरिएको छ । धर्मका नाममा समाजका विविध क्षेत्रमा वा समसामयिक परिवेशमा देखा परेका भ्रष्ट प्रवृत्तिलाई यसमा व्यङ्ग्य गरिएको छ ।

### ५.१.१५.४ उद्देश्य

पैसाले गर्दा मानवताको पलायन भएको प्रसङ्का साथै धर्मको नाममा भइरहेको कुकर्मप्रति व्यङ्ग्य गर्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको देखिन्छ ।

### ५.१.१५.५ भाषाशैली

*मृत्युबोध र आत्मचिन्तन* निबन्धको भाषाशैली सरल र सहज छ । यसमा आत्मपरक शैलीको प्रयोग गरिएको यस निबन्धमा आख्यानको प्रयोगका साथै मुक्तकीय शैलीको पनि प्रयोग गरेका छन् । *मौनम् सम्मति लक्षणम्* जस्तो संस्कृत भाषाको श्लोकको प्रयोगको साथै *लाइफ आफ्टर डेथ, आउट एक्ट अफ ट्र्याक* जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोग गरेको देखिन्छ । निबन्धमा कतैकतै व्यक्तिबिम्बको पनि प्रयोग भएको पाइन्छ । यसमा *आत्मालाई माया गरिन्छ भने आफन्तको मृत्युमा मान्छे किन रुन्छ ?, मन रूपसी देख्दा आकर्षित र कुरूपा देख्दा विकर्षित किन हुन्छ ?* जस्ता प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ जसले निबन्धलाई अत्यन्त रोचक बनाएको छ ।

## ५.१.१६ अनर्गल प्रलाप

### ५.१.१६.१ शीर्षक

*अनर्गल प्रलाप* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत सोह्रौं निबन्ध हो । निबन्धसङ्ग्रहकै शीर्षकको रूपमा समेत प्रस्तुत शीर्षक रहेको छ । यसको शीर्षक शब्दावली ढाँचाको छ । यसमा अनर्गल भन्नाले नियन्त्रणरहित, बाधा-अवरोध नभएको भन्ने बुझिन्छ भने प्रलाप भन्नाले अर्थ न बर्थको बोली, विलाप भन्ने बुझिन्छ । निबन्धकारले यसमा आफ्नो जीवनमा देखेभोगेका विविध कुराहरूलाई जस्ताको तस्तै यथार्थरूपमा अभिव्यक्त गरेका छन् । जीवनलाई आफ्नो लेखन जस्तै अव्यवस्थित ठान्ने निबन्धकारले बिना अवरोध, बिना रोकतोक जे देख्छन् त्यही कुरालाई निबन्धमा उतार्दछन् । जीवनमा आफूले पटक-पटक

खाएको धोका, मदिरा, नारी, धर्म, राजनीति विषयका साथै समाजका विविध घटनाहरूलाई विषयवस्तुका रूपमा समेटेर अनर्गल प्रलापका माध्यमबाट उल्लेख गरिएको विषयवस्तु र शीर्षक मिल्दो रहेको छ ।

### ५.१.१६.२ संरचना

चार पृष्ठमा फैलिएको *अनर्गल प्रलाप* शीर्षकको निबन्धमा नौ अनुच्छेद रहेका छन् । दुई वाक्य सङ्ख्यादेखि उन्नाइस वाक्यसङ्ख्यासम्मका अनुच्छेद रहेको यस निबन्धमा अन्ठानब्बेवटा पङ्क्तिसङ्ख्या रहेको छ । जीवनबोध सम्बन्धी चिन्तन प्रस्तुत गरिएको यस निबन्धमा निबन्धकारले विविध विषयवस्तुलाई समावेश गरेर आफ्ना अन्तर्मनमा उब्जिएका विषयसम्बद्ध विकीर्ण चिन्तनलाई प्रस्तुत गरेका छन् ।

### ५.१.१६.३ विषयवस्तु

**अनर्गल प्रलाप** निबन्धसङ्ग्रहको शीर्षकको नाममा रहेको *अनर्गल प्रलाप* निबन्ध यस सङ्ग्रहको उत्कृष्ट निबन्ध हो । यसमा निबन्धकारले जीवनको वास्तविक चित्रण र देशको बिग्रँदो स्थितिप्रति विभिन्न विषयवस्तुका माध्यमबाट टीका-टिप्पणी गरेका छन् । निबन्धकारले आफ्नो जीवनजस्तै लेखन पनि विशृङ्खलित भएको कुरा यसमा व्यक्त गर्नुका साथै जीवनबोध, सामाजिक परिवेश, राजनैतिक विकार, प्रणय सम्बन्ध, धार्मिक क्रियाकलापका बारेमा अनर्गल प्रलाप गरेका छन् । मान्छेले सोचेजस्तो जीवन हुँदो रहेनछ भन्दै आफ्नो जीवनमा नखानुपर्ने कुराहरू पनि खाएको अभिव्यक्ति गर्दै वर्तमान समसामयिक परिवेशमा, विभिन्न क्षेत्रमा देखा परेका विकृति र विसङ्गतिलाई *अनर्गल प्रलाप*मा नाङ्गो रूपमा देखाएका छन् । आफूले जीवन जिउने क्रममा जीवन-जगतमा देखे-भोगेका अनुभूतिहरूलाई जस्ताको तस्तै उतार्ने निबन्धकार घिमिरेले *अनर्गल प्रलाप* निबन्धमार्फत् मान्छेको जीवनका विविध पाटाहरूको अध्ययन गर्नुका साथै तत्सम्बन्धी आफ्ना दृष्टिकोणहरूलाई अभिव्यक्त गरेका छन् ।

### ५.१.१६.४ उद्देश्य

प्रस्तुत *अनर्गल प्रलाप* निबन्धमा जीवन-जगत्का विभिन्न राम्रा-नराम्रा सबै कुरालाई यथार्थ चित्रण गरिएको छ । जीवन भोगाइका विविध पाटाहरूको उल्लेख गरिएको यस निबन्धको मुख्य उद्देश्य जीवनको वास्तविक चित्रण र देशको बिग्रँदो स्थितिप्रति विभिन्न

विषयवस्तुका माध्यमबाट उल्लेख गर्नु रहेको छ । यस्तै यसमा समकालीन चेतनाको प्रकटीकरण गर्नु पनि यस निबन्धको उद्देश्य रहेको छ ।

### ५.१.१६.५ भाषाशैली

आत्मपरक शैलीको प्रयोग गरिएको यस निबन्धको भाषाशैली सरल र सहज छ । यसमा कतै-कतै *कम्प्युटर, कोड, प्राक्टिकल, ग्लोबल भिलेज* जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग हुनाका साथै *कर्म गर फलको आशा नगर* जस्ता गीतावचन (धार्मिक प्रसङ्ग) को पनि प्रयोग पाइन्छ । यसका साथै प्रसङ्ग अनुसार *यो कम्प्युटरको जमानामा नामको सट्टा कोड नं. राखे पनि के फरक पर्ला र ?* जस्ता प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ । जसले गर्दा यसमा हास्यको मिश्रणका साथै व्यङ्ग्यको पनि प्रयोग भएको छ, जसले गर्दा निबन्धले मनोरञ्जकता प्रदान गर्दछ । कवितात्मक भाषाशैलीको प्रयोग पनि पाइन्छ । कतै-कतै व्यक्तिबिम्बका कुरा पनि आएका छन् । *कमलो मन र दुर्वल तन भएको म विचरोलाई शकुनीहरूले सखाप पारेका छन् ।* (पृ. ६९) जस्ता अलङ्कारयुक्त वाक्यको प्रयोगले निबन्धलाई कलात्मक बनाएको छ ।

## ५.१.१७ पशुपतिनाथ जस्तो तिमी उस्तै म

### ५.१.१७.१ शीर्षक

*पशुपतिनाथ जस्तो तिमी उस्तै म* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत सत्रौं निबन्ध हो । यसको शीर्षक वाक्याँश ढाँचाको रहेको छ । यस निबन्धमा निबन्धकारले आफूलाई पशुपतिनाथसँग तुलना गरे जसरी पशुपतिनाथले विष, भाङ, धतुरो सेवन गरेका छन् त्यसैगरी आफूले पनि मदिरापान गरेको प्रसङ्गलाई उल्लेख गरेका छन् । यसमा पशुपतिनाथको नाममा भएका विकृतिहरू माथि व्यङ्ग्य गरिएको छ । पशुपतिनाथ र आफूमा केही असमानता भए तापनि धेरै कुरामा समानता भएको भन्दै समसामयिक युगबोधको यथार्थ चित्रण गरिएकोले पनि यसको विषयवस्तु र शीर्षकमा समानता देखिन्छ ।

### ५.१.१७.२ संरचना

*पशुपतिनाथ जस्तो तिमी उस्तै म* तीन पृष्ठमा फैलिएको लघु आकारको निबन्ध हो । यो निबन्ध आठ अनुच्छेद सङ्ख्यामा फैलिएर रहेको छ । यसमा पाँच वाक्यको अनुच्छेददेखि

बाह्र वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । यस निबन्धमा जम्मा-जम्मी एकहत्तर पङ्क्ति सङ्ख्यामा रहेको छ र निबन्धमा धार्मिक तथा राजनीतिक क्षेत्रमा देखापरेका विकृति-विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.१.१७.३ विषयवस्तु

आत्मपरक शैलीको प्रयोग गरेर लेखिएको प्रस्तुत निबन्धमा निबन्धकारले आफूलाई पशुपतिनाथसँग तुलना गर्दै पशुपतिनाथ र आफूमा त्यति फरक नभएको कुरा व्यक्त गरेका छन् । यसमा देशको बिग्रँदो स्थिति, राजनैतिक परिवेश र त्यसले गर्दा ल्याएको विकृति, धर्मको नाममा भएको भ्रष्टाचार र बल वा शक्तिशाली व्यक्तिको जहाँ पनि पहुँच हुने कुरालाई बिम्ब र प्रतीकका माध्यमबाट अभिव्यक्त गरिएको छ । आफूलाई राजनीति मन परेपनि राजनीतिक क्षेत्रमा बारम्बार पराजित हुनु परेको प्रसङ्गलाई व्यक्त गर्दै राजनीतिमा बुद्धिजीवी व्यक्तिको कुनै काम नभएको, बल र शक्तिवान् व्यक्तिको मात्र काम हुने कुरालाई पशुपतिका साँढेका माध्यमबाट व्यङ्ग्य गरेका छन् । आफूलाई पशुपतिनाथसँग तुलना गर्दै पशुपतिनाथमा भएको भ्रष्टाचारलाई पशुपतिनाथले जसरी टुलटुलु हेरिरहन्छन् त्यसरी नै आफूले पनि देशमा भएका विकृति, विसङ्गतिलाई हेरिरहेको र केही गर्न नसकेको कुरालाई उल्लेख गरेका छन् । यस निबन्धमा सामयिक परिवेशमा देखापरेका राजनीतिक, सामाजिक, धार्मिक, आर्थिक आदि क्षेत्रका विकृति र विसङ्गतिलाई निबन्धकारले आफ्नै माध्यमबाट व्यङ्ग्य गरेका छन् ।

### ५.१.१७.४ उद्देश्य

प्रस्तुत *पशुपतिनाथ जस्तो तिमी उस्तै म* निबन्धमा देशमा धर्मको नाममा भएको विकृतिलाई देखाउनुका साथै आजका राजनीतिक पदमा रहेका नेताहरूको भ्रष्टाचारी प्रवृत्तिप्रति व्यङ्ग्य गर्नु नै यो निबन्धको उद्देश्य रहेको छ ।

### ५.१.१७.५ भाषाशैली

प्रस्तुत निबन्धमा सरल र सहज भाषाशैलीका माध्यमबाट धार्मिक तथा राजनीतिक क्षेत्रमा देखापरेका भ्रष्टाचारी प्रवृत्तिलाई देखाइएको छ । यसमा पशुपतिनाथलाई बिम्बका रूपमा लिइएको छ । *हस्पिटल, कलेज, किड्नी*जस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । छोटा-छोटा सरल वाक्यको अधिकता रहेको यस निबन्धमा *नेपालको सन्दर्भमा विलकुल नौलो व्यवसायजस्तो* क्रियापदहीन वाक्यको पनि प्रयोग गरिएको छ । कहीँ-कहीँ प्रश्नात्मक वाक्यको

पनि प्रयोग गरिएको छ । यस निबन्धमा प्रयोग गरिएका मुक्तकीय शैलीले निबन्धमा रोचकता र काव्यात्मकता प्रदान गरेको छ । जस्तै-

*अबेर भट्टीबाट निस्केको छु*

*सडक सुनसान छ*

*लाग्छ सडकले सम्मान गरेको छ ।*

## ५.१.१८ मेरो हालखबर के छ ?

### ५.१.१८.१ शीर्षक

प्रस्तुत निबन्ध *मेरो हालखबर के छ ?* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत अठारौँ निबन्ध हो । यस निबन्धको शीर्षक प्रश्नात्मक वाक्य ढाँचाको रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो हालखबरका माध्यमबाट नेपालको हालखबरका बारेमा विदेशी शक्तिसँग सोधपुछ गर्नुपर्ने दयनीय स्थितिको चित्रण गरिएको छ । यसमा निबन्धकारको राष्ट्रप्रेमको भावना अभिव्यक्त भएको छ । शीर्षककै सेरोफेरोमा निबन्धको विषयवस्तु केन्द्रित रहेकोले विषयवस्तु र शीर्षकबीच तालमेल रहेको देखिन्छ ।

### ५.१.१८.२ संरचना

*मेरो हालखबर के छ ?* छ पृष्ठमा फैलिएको मझौला आकारको निबन्धको रूपमा रहेको छ । यो निबन्धमा सात वाक्यको  अनुच्छेददेखि चौँतीस वाक्यसम्मका जम्मा-जम्मी सात अनुच्छेद रहेका छन् । यस निबन्धमा लामा-छोटा गरी जम्मा एक सय अठ्तीस पङ्क्तिसङ्ख्यामा फैलिएको यस निबन्धमा समसामयिक नेपाली राजनीतिक द्वन्द्वले वैदेशिक शक्तिको चलखेल बढ्दै गएको कुरालाई विषयवस्तु बनाइएको छ ।

### ५.१.१८.३ विषयवस्तु

प्रस्तुत निबन्धमा निबन्धकारले प्रत्यक्षतः आफ्नो हालखबरलाई व्यक्त गरेका छन् भने परोक्ष रूपमा देशको हालखबरलाई अभिव्यक्त गरेका छन् । यसमा निबन्धकारले आफ्नो हालखबर अरूलाई सोध्नु परेका प्रसङ्गका साथै देशले रगत बमन गरेको कुरालाई पनि व्यङ्ग्य गरिएको छ । देशको राजनीतिक परिवेश र देश हाँक्ने नेताहरूको देशद्रोही कार्यले गर्दा देशमा छाएको सङ्कटलाई अभिव्यक्त गरिएको छ । देशमा भएको अशान्ति, आतङ्क, युद्धले गर्दा आएको

सङ्कट र यसको कारणले गर्दा कतै हामीले हाम्रो नेपाली अस्तित्वलाई गुमाउने त होइनौँ भन्ने चिन्ता निबन्धकारले व्यक्त गरेका छन् । देशको राजनीतिक परिवेशलाई यथार्थरूपमा देखाइएको यस निबन्धमा नेताहरूले देशलाई खैँजडीको अवस्थामा पुऱ्याएको कुरा उल्लेख गरिनुका साथै समसामयिक राजनीतिक परिवेशले गर्दा नेपालीले भोग्नु परेको सङ्कटलाई विविध प्रसङ्गका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

### ५.१.१८.४ उद्देश्य

*मेरो हालखबर के छ ?* निबन्धमा देशको समसामयिक नेपाली राजनीतिक परिवेशमा नेताहरूको लुछाचुँडीले कस्तो अवस्थामा देश पुगेको छ ? भन्ने कुरा हामीलाई थाहा नभएकोले विदेशीलाई आफ्नो देशको अवस्था कस्तो छ भनेर सोध्नु पर्ने लाजमर्दो अवस्था आएको कुरालाई प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ । देश चलाउने जिम्मा लिएर उच्च पदमा आसीन नेताहरूको नालायकीपनाका कारण देश बर्बाद हुँदै गइरहेको कुरालाई व्यङ्ग्यात्मक तरिकाबाट प्रस्तुत गर्नु नै यसको उद्देश्य रहेको छ ।

### ५.१.१८.५ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज र प्रवाहमय छ । यसमा *अनलोड, टु इन वन, फोल्डिङ्ग, ब्रेकफास्ट* जस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । प्रसङ्ग अनुसार कतै-कतै *देशले रगत बमन गर्दा को-को आनन्दित हुन्छन् ?, थरिथरिका भनाइले गर्दा म के पत्याऊँ ?* जस्ता प्रश्नात्मक वाक्यको प्रयोग पनि पाइन्छ । यसमा -

*वृत्तमा घुम्दा-घुम्दै चुँडिएको चङ्गा हुँ म*
*तिमीले जे-जे ठान पवित्र त्रिशुली गंगा हुँ म ।*

जस्तो कवितात्मक शैलीको प्रयोग गरिएको छ । जसले गर्दा निबन्धमा रोचकता थपेको पाइन्छ ।

## ५.१.१९ निर्मोहीसँग मोह

### ५.१.१९.१ शीर्षक

प्रस्तुत निबन्ध *निर्मोहीसँग मोह* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत उन्नाइसौँ निबन्ध हो । यस निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यस

निबन्धमा साहित्यिक व्यक्तित्व निर्मोहीसँग बिताएका क्षणहरूलाई निबन्धकारले संस्मरणात्मक शैलीमा अभिव्यक्त गरेका छन् । उनले यसमा नाम निर्मोही भए पनि यथार्थमा उनी अत्यन्त सम्मोही भएको कुरा व्यक्त गरेका छन् जसले निबन्धको शीर्षक र विषयवस्तुबीच तालमेल भएको देखिन्छ ।

### ५.१.१९.२ संरचना

प्रस्तुत निबन्ध तीन पृष्ठमा फैलिएको लघु आकारको निबन्ध हो । यसमा जम्मा-जम्मी सात अनुच्छेदसङ्ख्या र पाँच वाक्यको अनुच्छेददेखि सोह्र वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । जम्मा एकहत्तर पङ्क्तिसङ्ख्यामा फैलिएको यस निबन्धमा निबन्धकार निर्मोहीप्रति निबन्धकारको मोहलाई अभिव्यक्त गरिएको छ ।

### ५.१.१९.३ विषयवस्तु

*निर्मोहीसँग मोह* शीर्षकको निबन्ध साहित्यिक व्यक्तित्व निर्मोही व्याससँग सम्बन्धित निबन्ध हो । यस निबन्धमा निबन्धकारले आफू निर्मोहीको व्यक्तित्वबाट अत्यन्त प्रभावित भएको र निर्मोही नामले मात्र 'निर्मोही' तर व्यवहार तथा वास्तविकतामा भने उनी सम्मोही भएको कुरा अभिव्यक्त गरेका छन् । कुनै पनि हस्तक्षेप नचाहने, समानता र स्वतन्त्रताका पक्षधर निर्मोहीका निजी कुराहरूलाइ थाँती राखी सतही टिप्पणी गर्ने क्रममा जीवन-जगतका टिप्पणीकर्ता निर्मोहीलाई जीवन-जगतले नै सखाप पारेको र उनकी प्राणप्यारी सुख-दु:खकी सङ्गिनी पत्नीलाई दैवले चुँडेर लगेकोले उनी निर्मोही नभइ स्नेह र आँसुका पोखरी भएको कुरा लेखकले प्रस्तुत गरेका छन् । निबन्धकारले निर्मोहीसँगको प्रथम भेटमा आफू अत्यन्त सम्मोहित भएको प्रसङ्ग कोट्याउँदै आफ्ना वैयक्तिक र आत्मपरक भावहरूको स्मृति रेखाङ्कन गर्न पुगेका छन् । यसमा आफैमा एक संस्था बनिसकेका निर्मोहीको साहित्यप्रतिको लगावले उनलाई मोहित बनाएको कुराको चर्चा गर्दै साहित्य व्यवसायमूलक हुन नसकेको अवस्थामा साहित्यकारको पीडानुभवलाई आत्मपरक शैलीका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

### ५.१.१९.४ उद्देश्य

*निर्मोहीसँग मोह* शीर्षकको निबन्धमा साहित्यिक व्यक्तित्व निर्मोहीको जीवन शैलीका माध्यमबाट सुख-दु:ख भन्ने कुरा जीवनको चक्र हो । त्यसैले दु:खमा कत्तिपनि हतोत्साही नभइ

जीवन यात्रामा अगाडि बढेमा नै सुख र सफलता प्राप्त गर्न सकिन्छ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ५.१.१९.५ भाषाशैली

संस्मरणात्मक शैलीमा लेखिएको प्रस्तुत निबन्धको भाषा सरल र सहज छ । यसमा *फुर्रफुर्र, हट्टाकट्टा, ढलपल-ढलपल* जस्ता अनुकरणात्मक शब्दका साथै *बेसक्याम्प, एल्बम, अमेरिकन स्टाइल, ट्रेकिङ्ग* जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोग गरिएको छ । *पो, त* जस्ता निपातको प्रयोग पनि यसमा देखिन्छ । *झट्ट हेर्दा मनमौजी जस्तो देखिने म आगोले खाएको सिमलको रुखझैँ भएको छु* जस्ता आलङ्कारिक भाषाशैलीको प्रयोग पनि स्पष्ट देखिएको छ । जसले गर्दा निबन्ध अत्यन्त प्रभावपरक बन्न पुगेको छ ।

## ५.१.२० बिम्ब हराएकोमा

### ५.१.२०.१ शीर्षक

प्रस्तुत *बिम्ब हराएकोमा* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत बीसौँ निबन्ध हो । यस निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । बाल्यकालको स्मरण गरेर लेखिएको यस निबन्धमा निबन्धकारले बाल्यकालमा बिताएको ठाउँलाई बाढीले पुरेर मरुभूमितुल्य बनाएको कुरालाई विषयवस्तु बनाएका छन् । यस निबन्धमा बाल्यकालमा देखेका ती रमणीय स्थल र बिताएका पलको आफ्नो स्मृतिपटमा अङ्कित भएर रहेका तर त्यहाँको वर्तमान अवस्था आफ्नो संझना अनुरूप नरहेकोले उनलाई बाल्यकालीन बिम्ब हराएको अनुभव भएको अनुभूति भएको उल्लेख गरेका छन् । शीर्षककै सेरोफेरोमा विषयवस्तु रहेकोले विषयवस्तु र शीर्षकबीच निकटता देखिन्छ ।

### ५.१.२०.२ संरचना

प्रस्तुत निबन्ध चार पृष्ठमा फैलिएको मझौलो आकारको निबन्ध हो । यसमा तीन वाक्यको अनुच्छेददेखि अठार वाक्यसम्मका दसवटा अनुच्छेद रहेका छन् । जम्मा नब्बे पङ्क्तिसङ्ख्यामा फैलिएको यस निबन्धमा निबन्धकारले बाल्यकालमा बिताएका ठाउँको स्मरण गरेका छन् ।

### ५.१.२०.३ विषयवस्तु

*बिम्ब हराएकोमा* शीर्षकको निबन्ध निबन्धकारको बाल्यकालीन समय बिताएको स्थानको स्मरण गरेर लेखिएको संस्मरणात्मक निबन्ध हो । यस निबन्धमा निबन्धकारले पूर्वस्मृतिलाई बिम्बको रूपमा प्रस्तुत गरेका छन् । यहाँ निबन्धकारले आफ्नो पुर्ख्यौली घर ओल्र्याङलाई वि.सं. २०२६ सालको बाढीले बगाएर नामोनिसान मेटाएको तर सो स्थानको बिम्ब आफ्नो मानसपटलमा आजसम्म पनि ताजै रहिरहेको कुरालाई निबन्धको विषय बनाएर आत्मपरक शैलीमा प्रस्तुत गरेका छन् ।

### ५.१.२०.४ उद्देश्य

प्रस्तुत निबन्धमा निबन्धकारले बाल्यकालमा बिताएको ठाउँको प्राकृतिक सुन्दरता वा त्यहाँको पुरानो बिम्ब र वर्तमानको यथार्थसँग मेल नखाएको कुरालाई आत्मपरक शैलीका माध्यमबाट व्यक्त गर्नु नै यसको उद्देश्य रहेको छ ।

### ५.१.२०.५ भाषाशैली

आत्मपरक शैलीको प्रयोग गरिएको यस निबन्धको भाषा सरल र सहज रहेको छ । यसमा बिम्ब भनेर निबन्धकारले आफ्नो बाल्यकालीन समय बिताएको स्थललाई सङ्केत गरेका छन् । यसमा *हली, गोठाला* जस्ता ठेट नेपाली शब्दको प्रयोग गरिएको छ भने कतै-कतै *ट्युमर, क्यान्सर, ह्यापोथेटिकल, अपग्रेडिङ* जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोग गरिएको छ ।

## ५.१.२१ सल्लाहकार

### ५.१.२१.१ शीर्षक

प्रस्तुत *सल्लाहकार* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत एक्काइसौँ निबन्ध हो । यस निबन्धको शीर्षक शब्दात्मक ढाँचाको छ । यसमा निबन्धकारलाई विभिन्न संघ-संस्थाले आफूलाई सल्लाहकारको रूपमा मनोनित गर्ने तर आफूसँग कुनै पनि सल्लाह नै नगरी ठूला-ठूला निर्णयहरू गर्ने गरेकोले त्यस्ता संघ-संस्थाहरूप्रति व्यङ्ग्य गरेका छन् तसर्थ *सल्लाहकार* निबन्धको शीर्षक सार्थक देखिन्छ ।

### ५.१.२१.२ संरचना

प्रस्तुत *सल्लाहकार* शीर्षकको निबन्ध पाँच पृष्ठमा फैलिएको निबन्ध हो । यसमा आठ अनुच्छेदहरू रहेका छन् । छ वाक्यको अनुच्छेदको आयामदेखि एक्काइस वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । जम्मा-जम्मी एक सय उन्नाइस पङ्क्तिसङ्ख्याको सीमामा आवद्ध यस निबन्धमा आफू सल्लाहकार नभइ प्रतिष्ठा, पैसा र पजेरो पाउने पदमा मनोनीत हुन चाहने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.१.२१.३ विषयवस्तु

*सल्लाहकार* शीर्षकको निबन्ध घिमिरेको जीवनवृत्तसँग सम्बन्धित छ । यस निबन्धमा घिमिरेलाई सल्लाहकार पदमा मनोनयन गरिएको तर उनका सल्लाह र सुझावलाई कसैले पनि वास्ता नगरेको र यसरी नामको लागि सल्लाहकार राख्ने संघ-संस्थाहरूप्रति व्यङ्ग्य गरिएको छ । घिमिरे राजनीतिमा चाख राख्ने व्यक्ति भएपनि पटक-पटकको पराजयले आफूलाई पीडा दिएको कुरा समेत यसमा अभिव्यक्त गरेका छन् । सल्लाहकारमा आफूलाई सन्तुष्टि नभएको कुरा व्यक्त गर्दै यसमा कुनै पनि निर्णय कार्यान्वयनमा कुनै प्रभाव पार्न नसक्ने निरीह प्राणीका रूपमा सल्लाहकारलाई लिइएको छ । यसमा निबन्धकारले आफ्नो जीवनलाई कुशसँग तुलना गरेका छन् । जसरी कुशलाई पूजा-आजामा प्रयोग गरिन्छ र काम पूरा भएपछि फ्याँकिन्छ त्यसैगरी घिमिरेको जीवनमा पनि विभिन्न संघ-संस्थाले आफूलाई कुशको जस्तो व्यवहार गरेको कुरा यसमा उल्लेख गरिएको छ । यसमा मान्छेमा रहेको उपभोक्तावादी संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ । यसका साथै संघ-संस्थाको प्रवृत्तिबाट आफू असन्तुष्ट भएको र जतिसुकै नराम्रो काम गरेपनि दान गरेपछि त्यस पापबाट मुक्त भइन्छ भन्ने पुरातनवादी सोचप्रति पनि निबन्धकारले व्यङ्ग्य गरेका छन् । उनले जातपात, धर्म, दानसम्बन्धी कुराको विरोध गर्दै धर्मका नाममा गरिने शोषणको पनि चर्चा गरेका छन् । यस निबन्धमा निबन्धकार सल्लाहकार पदमा असन्तुष्ट भई प्रतिष्ठा, पैसा र पजेरो पाउने पदमा मनोनित हुन चाहन्छन् ।

### ५.१.२१.४ उद्देश्य

विविध क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको चर्चा गर्दै काम छउञ्जेलको भाँडो काम सकिएपछि ठाँडो भन्ने मानवीय स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ५.१.२१.५ भाषाशैली

*सल्लाहकार* शीर्षकको निबन्धमा निबन्धकार सल्लाहकार पदमा मनोनयन गर्ने तर कुनै पनि सल्लाह नलिने असन्तुष्टिलाई सरल र सहज भाषाशैलीमा यसमा अभिव्यक्त गरिएको छ । *नेसेसरी इभिल, डर्टी गेम, लङ लङ अगो, शो, रोड, मास्टर* जस्ता अङ्ग्रेजी शब्दका साथै *निर्वस्त्र, मुखाग्नि, प्रज्ज्वलित, गरुडपुराण* जस्ता संस्कृत तत्सम शब्दको प्रयोग निबन्धको बीच-बीचमा पाइन्छ । (*तलब भत्ता पाउने भए कमसे कम.......... तर उल्टै सदस्यता शुल्क वा चन्दा पो माग्छन्*) जस्तो कोष्ठीकरणको प्रयोगका साथै *मलाई किन सल्लाहकारमा मनोनित गरिदैछ ? जीवनमा अब के गर्ने ?* जस्ता प्रश्नात्मक वाक्यको प्रयोग गरिएको छ ।

यसमा, *ऊ धनी छ मरेपछि पनि चन्दा दिन सक्छ*
*उसको नाममा संस्थाको नामाङ्कन हुन सक्छ*
*जो देश र जनता हितार्थ मर्छ*
*उसको लाश उठाउन चन्दा उठाउनु पर्छ*

जस्ता मुक्तकीय शैलीको पनि प्रयोग गरिएको छ । जसले गर्दा निबन्ध अत्यन्त कलात्मक र मार्मिक बन्न पुगेको छ ।

## ५.१.२२ मधुमेह र समाजसेवा

### ५.१.२२.१ शीर्षक

प्रस्तुत *मधुमेह र समाजसेवा* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत बाइसौँ निबन्ध हो । यस निबन्धमा निबन्धकार मधुमेह रोगबाट ग्रस्त भएको र त्यो रोग लागेकोमा आफू दुःखी नभएको कुरा व्यक्त गरेका छन् । आजसम्म खानको लागि बाँचेका रामबाबुले जीवनमा केही गर्नु पर्दोरहेछ भन्ने कुरा बुझी अब भने बाँच्नको लागि खानुपर्ने कुरा व्यक्त गरेका छन् । उनले जीवनमा जे-जस्तो अवस्था आएपनि आफूले अब उप्रान्त मधुमेह रोगसँग जुध्दै समाजसेवाको मार्गतर्फ लाग्ने कुराको चर्चा गरेकोले यस निबन्धको विषयवस्तु र शीर्षक बीच मेल देखिन्छ ।

### ५.१.२२.२ संरचना

चार पृष्ठको आयाममा फैलिएको प्रस्तुत निबन्ध मझौलो आकारको छ । यसमा छ वाक्यदेखि तेईस वाक्यसम्मका छ अनुच्छेदहरू रहेका छन् । एकानब्बे पङ्क्तिसङ्ख्यामा

फैलिएको यस निबन्धमा निबन्धकार मधुमेह रोगले ग्रसित भए तापनि समाजसेवामा निरन्तर लागिरहने कुरा अभिव्यक्त गरेका छन् ।

### ५.१.२२.३ विषयवस्तु

*मधुमेह र समाजसेवा* शीर्षकको निबन्ध निबन्धकारका नितान्त वैयक्तिक घटनाहरूलाई समावेस गरेर लेखिएको निबन्ध हो । यस निबन्धमा निबन्धकारले अत्यधिक रक्सी सेवन गरेकै कारण विभिन्न पदबाट पटक-पटक निस्काशित हुनु परेको कुरा पनि निकै इमान्दारीका साथ अभिव्यक्त गरेका छन् । मदिरा सेवनको प्रसङ्गमा उनले देवकोटा, कोइराला, कृष्णप्रसाद भट्टराईसँग आफूलाई तुलना गरेका छन् तर आफूलाई भने अन्य क्यान्सर, एड्स जस्ता प्राणघातक रोग नलागी आर्थिक रूपमा फाइदाजनक मधुमेह जस्तो रोग लागेकोले उनले त्यस रोगले आफूलाई सत्मार्गतर्फ लैजाने कुराको सङ्केत गरेका छन् । रक्सीका कारण अत्यधिक बदनाम भएका घिमिरेले अबको जीवन भने सादा र सात्विक रूपमा बिताउने र समाजसेवामा समर्पित हुने विचार अभिव्यक्त गरेका छन् । उनी अब मदिरा सेवन छाडी रक्स्याहा, जँड्याहा रामबाबु नभई छुट्टै आफ्नो पहिचान कायम गरी मधुमेहसँग जुध्दै समाजसेवी रामबाबुका रूपमा परिचित हुन चाहन्छन् । यिनै कुराहरूलाई यस निबन्धमा विषयवस्तु बनाइएको छ ।

### ५.१.२२.४ उद्देश्य

*मधुमेह र समाजसेवा* शीर्षकको निबन्धमा वैयक्तिक स्वार्थ भन्दा पर रहेर सामाजिक हितका लागि कार्य गर्नु पर्ने कुराको सङ्केत गरिएको छ । यसले जीवनमा आइपरेको अनेकौं समस्यासँग जुध्दै जीवनमार्गमा अगाडि बढ्नु पर्ने सन्देश दिनु निबन्धको उद्देश्य रहेको छ ।

### ५.१.२२.५ भाषाशैली

आत्मपरक शैलीको प्रयोग गरी आफ्नो मदिरापान सम्बन्धी कुराहरू समावेश गरी लेखिएको प्रस्तुन निबन्धको भाषाशैली सरल र सहज छ । यसमा *फ्रिसाइज, पाइन्ट, क्याम्पस, यु आर भेरी कम्प्लीकेटेड म्यान*जस्ता अङ्ग्रेजी शब्द तथा वाक्यको समेत प्रयोग गरिएको छ । निबन्धको बीच-बीचमा आएका मुक्तकीय शैलीले निबन्धमा रोचकता थपेको छ । यस्तै *बाँदरको हातमा नरिवल* जस्तो उखानको प्रयोगले निबन्धलाई थप आकर्षक बनाएको छ ।

### ५.१.२३ गजल र गाजलु आँखा

#### ५.१.२३.१ शीर्षक

प्रस्तुत *गजल र गाजलु आँखा* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत तेईसौँ निबन्ध हो । यो शीर्षक शब्दावली ढाँचामा रहेको छ । यसमा गजललाई नारी सौन्दर्यको गाजलु आँखासँग तुलना गर्दै वर्तमान समयमा युवाहरूमा देखिएको गजलप्रतिको मोहलाई व्यक्त गरिएको छ । गजललाई कविता विधाको गाजलका रूपमा लिइएकोले निबन्धको विषयवस्तु र शीर्षक बीच तालमेल रहेको छ ।

#### ५.१.२३.२ संरचना

प्रस्तुत निबन्ध पुग-नपुग पाँच पृष्ठमा फैलिएको छ । यो निबन्धमा बाह्र अनुच्छेद सङ्ख्या रहेका छन् । एक वाक्यदेखि चौध वाक्यसम्मका अनुच्छेदमा निबन्ध फैलिएको छ । जम्मा-जम्मी एक सय बयालीस पङ्क्ति सङ्ख्यामा फैलिएको यस निबन्धमा पहिलेका गजलका तुलनामा आजभोलिका गजलहरूमा नीतिनियमको उल्लङ्घन भएको कुरा अभिव्यक्त गरिएको छ ।

#### ५.१.२३.३ विषयवस्तु

*गजल र गाजलु आँखा* शीर्षकको निबन्ध नारी सौन्दर्यसँग सम्बन्धित निबन्ध हो । यस निबन्धमा गजल र गाजल बीचको अभेद्य सम्बन्धलाई प्रस्तुत गरिएको छ । यसमा वर्तमान समयमा युवा पुस्ताको गजलप्रतिको बढ्दो आकर्षण र गजल सृजनामा नीति-नियमको उल्लङ्घन भएको कुराको चर्चा गरिएको छ । गजलको मुख्य विषय प्रेम नै भएको र प्रेमपरक अभिव्यञ्जनाले नै निबन्धकार पनि गजल लेखनतिर आकर्षित भएको कुरालाई निबन्धमा प्रयुक्त गजलले सङ्केत गरेको छ । यसमा शास्त्रीय रचना गजलको मूलभूत मान्यता उल्लङ्घन गरेमा गजलको आत्मा नै मर्ने हुँदा यसका मूलभूत मान्यतालाई नै अवलम्बन गरी गजल सृजना गर्न समकालीन युवापुस्तालाई आग्रह गरिएको छ । यसमा गजलको उत्पत्तिको चर्चा गर्दै आँखाको सौन्दर्यमा निखारपन ल्याउन गाजल लगाए जस्तै कविता विधाको गाजलका रूपमा गजललाई लिइएको छ । गजल शृङ्गारिक हुने र यो शृङ्गार रसमा नै लेखिने हुनाले यो स्वतः शृङ्गारिक हुन्छ । यसमा विछोड र मिलनका दुबै भाव भए पनि वियोगान्त भावकै प्रवलता र विप्रलम्ब शृङ्गारमा नै मार्मिक र हृदयस्पर्शी गजल सृजित हुने कुरा अभिव्यक्त गरिएको छ ।

### ५.१.२३.४ उद्देश्य

वर्तमान समयमा युवाहरूको गजल प्रतिको बढ्दो आकर्षणलाई मध्यनजर राख्दै शास्त्रीय नीति-नियमको उल्लङ्घन नगरी नियम र अनुशासनमा रहेर गजल लेख्नुपर्ने सन्देश दिनु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.१.२३.५ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धको भाषाशैली साधारण पाठकले पनि बुझ्न सक्ने सरल र सहज छ । यस निबन्धको बीच-बीचमा आएका हिन्दी र नेपाली गजलले निबन्धलाई रोचक र आकर्षक बनाएको छ । जस्तै -

*क्या कह गई है उनकी नजर कुछ न पूछिए*
*क्या कुछ हुआ है दिल पे असर कुछ न पूछिए ।*

यसमा *लभ सङ और पोएम, लभ पोएम, ट्रेनिङ्ग*जस्ता अङ्ग्रेजी शब्दको प्रयोगका साथै निबन्धको बीच-बीचमा व्यक्ति बिम्ब पनि आएको छ । लौकिक, अलौकिक जस्तो कोष्ठीकरण शब्दको प्रयोग पनि निबन्धमा कतै-कतै गरिएको छ ।

## ५.१.२४ श्रमजीवी साहित्यकार

### ५.१.२४.१ शीर्षक

प्रस्तुत *श्रमजीवी साहित्यकार* शीर्षकको निबन्ध यस निबन्धसङ्ग्रहमा सङ्गृहीत चौबीसौँ निबन्ध हो । निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यसमा कस्ता साहित्यकार श्रमजीवी हुन् र कस्ता होइनन् भन्ने कुराको उल्लेख गरिएको छ । आफ्नो लेखनबाट जीविकोपार्जन गर्ने लेखक कसैको अधिनमा हुँदैन, उनीहरू स्वतन्त्र हुन्छन्, त्यस्ता लेखकले लेखेका कृतिमात्र साहित्यिक हुने र त्यस्ता लेखक नै श्रमजीवी साहित्यकार भएको कुरा उल्लेख गरिएको छ । यसमा श्रमजीवी साहित्यकारको जीवनचर्चा गरिएको छ । त्यसैले यसका शीर्षक र विषयवस्तु बीच तालमेल रहेको छ ।

### ५.१.२४.२ संरचना

प्रस्तुत निबन्ध आठ अनुच्छेदको आयाममा संरचित छ । पाँच वाक्यदेखि अठ्चालीस वाक्यसम्मका अनुच्छेदहरू रहेको यो निबन्धमा छ पृष्ठ सङ्ख्या रहेको छ । जम्मा-जम्मी एक

सय बयालीस पङ्क्तिसङ्ख्यामा रहेको यस निबन्धमा श्रमजीवी साहित्यकारको जीवनको यथार्थतालाई अभिव्यक्त गरिएको छ ।

### ५.१.२४.३ विषयवस्तु

प्रस्तुत निबन्धमा श्रमजीवी साहित्यकार छुट्याउने मुख्य आधार जीविकोपार्जनलाई लिइएको छ । जीविकोपार्जन गर्नका लागि लेखनमा लाग्ने साहित्यकार नै श्रमजीवी भएको कुरा व्यक्त गर्दै समाजमा देखापरेका राज्यसत्ताका अन्धभक्त र धर्मसम्प्रदायका प्रचारकहरू श्रमजीवी साहित्यकार नभएको कुरा उल्लेख गरिएको छ । यसमा श्रमजीवी साहित्यकारको जीवनको यथार्थ चित्रण गरिएको छ । यसमा जीवन चलाउनका लागि लेख्ने पेसालाई अवलम्बन गरेका लेखकको दयनीय स्थितिको चित्रण गर्नुका साथै उसलाई समाजमा गरिने व्यवहार, देशले गर्ने व्यवहारलाई प्रष्ट पारिएको छ । वर्तमान समयमा देखापरेका लेखक, जसले पैसाको लोभमा अरूको गुणगान गरेर लेख्ने गर्दछन् त्यस्ता लेखक श्रमजीवी नभएको कुरा गर्दै सच्चा श्रमजीवी साहित्यकारलाई पहिचान गर्नु पर्ने कुरा व्यक्त गरिएको छ । नाम कमाउने चाहनाले लेखक बनेका सस्ता लेखकहरू र जीविकोपार्जनका उद्देश्यले लेखन गर्ने लेखकमा धेरै नै फरक भएको कुरा यस निबन्धमा अभिव्यक्त गरिएको छ । श्रमजीवी साहित्यकारले नै वास्तविक जिन्दगी बाँचेको कुरा उल्लेख गर्दै यस्ता लेखक कसैको बन्धनमा नरहेर स्वतन्त्र विचरण गर्ने कुरा यसमा उल्लेख गरिएको छ । श्रमजीवी साहित्यकारले आफ्नो जीवनको हरेक चुनौतीलाई सहर्ष स्वीकार्ने र उसले आँखाले देखेका सबै कुरा आफ्नो लेखमा लेख्नुका साथै उसको मन र शरीर दुबै निरन्तर क्रियाशील हुने कुरा पनि यसमा उल्लेख गरिएको छ ।

### ५.१.२४.४ उद्देश्य

समसामयिक समयमा देखा परेका सबै लेखकहरू श्रमजीवी साहित्यकार नहुने कुरा व्यक्त गरिएको छ । लेखनबाट आफ्नो जीविकोपार्जन गर्ने लेखक नै सच्चा साहित्यकार भएको र ती साहित्यकारको पहिचान देशले गर्नु पर्ने कुरालाई व्यक्त गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.१.२४.५ भाषाशैली

आत्मपरक शैलीको प्रयोग गरिएको प्रस्तुत निबन्धमा सरल र सहज भाषाको प्रयोग भएको छ । यसमा कतै-कतै आगन्तुक शब्दको प्रयोग गर्नुका साथै निबन्धको ठाउँ-ठाउँमा कोष्ठीकरणको पनि प्रयोग गरिएको पाइन्छ । जसले गर्दा वाक्यलाई बुझ्न सजिलो बनाएको छ । *साहित्य र साहित्यकार को हुन् ?* जस्ता प्रश्नात्मक वाक्यबाट निबन्धको सुरुवात गरिएकाले निबन्धमा प्रश्नात्मक वाक्यको प्रयोग पनि स्पष्ट देखिएको छ ।

## ५.१.२५ जुलुस र मलामी

### ५.१.२५.१ शीर्षक

प्रस्तुत *जुलुस र मलामी* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहीत पच्चीसौँ निबन्ध हो । यसको शीर्षक शब्दावली ढाँचाको रहेको छ । जुलुस भन्ने बित्तिकै धेरै मानिसहरूको समूह बुझिन्छ । यसले अन्याय र अत्याचारको विरोध गर्दै समतामूलक समाजको चाहना राखेको हुन्छ । त्यस्तै मलामी भन्नाले मान्छेको मृत्युसंस्कारमा सहभागी हुने, शोकसन्तप्त परिवारलाई सहानुभूति प्रकट गर्ने समूहलाई लक्षित गर्ने शव्दको रूपमा रहेको छ । यस निबन्धले देशको बिग्रदो अवस्थाप्रति व्यङ्ग्य गरेको छ । *जुलुस र मलामी* एउटा व्यङ्ग्यात्मक निबन्ध हो । यो निबन्धको विषयवस्तु शीर्षक केन्द्रित रहेको छ ।

### ५.१.२५.२ संरचना

पाँच पृष्ठ सङ्ख्यामा फैलिएको प्रस्तुत निबन्ध मझौलो आकारको निबन्ध हो । यसमा पाँच वाक्यदेखि सोह्र वाक्यसम्मका एघारवटा अनुच्छेद सङ्ख्या रहेका छन् । एक सय बाईस पङ्क्ति सङ्ख्याको सीमामा फैलिएको यस निबन्धमा देशको करुण अवस्था र देशवासीले भोग्नु परेको अवस्थालाई मार्मिक ढङ्गबाट अभिव्यक्त गरेका छन् ।

### ५.१.२५.३ विषयवस्तु

प्रस्तुत निबन्ध विशेषतः राजनीतिक विषयवस्तुमा आधारित रहेको छ । यस निबन्धमा जुलुस र मलामीको समानता र असमानतालाई विभिन्न घटना र प्रसङ्गको माध्यमबाट अभिव्यक्त गरिएको छ । देशमा भएको राजनीतिक द्वन्द्व र त्यसले गर्दा मान्छेले आफ्नो कालगतिले मृत्युवरण गर्न नपाएको यथार्थतालाई व्यक्त गरिएको छ । जुलुस राजनीतिसँग र

मलामी मानिसको अन्तिम संस्कारमा सहभागी हुने, शोकसन्तप्त परिवारलाई सहानुभूति प्रकट गर्ने मानव समूहलाई लक्षित गर्ने शब्दको रूपमा रहेको छ । जुलुसले मृत विचारको विसर्जन गर्छ । यसले जीवन्त शान्ति, प्रगति र चेतना बोकेर अगाडि बढेको हुन्छ भने मलामीले मृत शरीरको विसर्जन गर्दछ । यो संस्कार पक्षसँग सम्बन्धित हुन्छ । त्यसैले मानव जीवनका लागि जुलुस र मलामीलाई अभिन्न पक्षका रूपमा लिइएको छ । निबन्धकारले मान्छेको मृत्युमा मलामी जानुपर्ने र नवीन विचार स्थापनाका लागि जुलुस निकाल्नु पर्ने कुराको सङ्केत गर्दै आफू पनि मलामी र जुलुसमा सहभागी भएका कुरा उल्लेख गरेका छन् । निबन्धकारको परिवर्तनकारी सोचलाई प्रस्तुत निबन्धले स्पष्ट पारेको छ ।

### ५.१.२५.४ उद्देश्य

देशमा बारम्बार राजनीतिक चलखेल हुने र त्यसले गर्दा विचारहरू परिवर्तन भइरहेको कुरा देखाउनुका साथै जुलुसबाट मलामीमा परिणत भएको कुरालाई पनि देखाइएको छ । समसामयिक राजनीतिक परिवेशले गर्दा नेपाली-नेपाली बीच भएको द्वन्द्वलाई देखाउनुका साथै मान्छेमा मानवता पलायन भएको कुरालाई अभिव्यक्त गर्नु नै प्रस्तुत निबन्धको उद्देश्य रहेको छ ।

### ५५.१.२५.५ भाषाशैली

सरल र सहज भाषामा लेखिएको प्रस्तुत निबन्ध व्यङ्ग्यात्मक निबन्ध हो । यसमा *प्रहार, चिता, चाह, फिकर, टार्गेट* जस्ता आगन्तुक शब्दको प्रयोग गरिएको छ । *मठ, मन्दिर, पाटी-पौवा, धर्मशाला, भजन-कीर्तन, पूजा-अर्चना अनि मृत्यु प्रतीक्षारत मान्छेहरू* जस्ता क्रियापदहीन प्रयोगका साथै प्रश्नात्मक वाक्यको पनि बीच-बीचमा प्रयोग गरिएको पाइन्छ । कतै-कतै निपातको प्रयोग र स-साना आख्यान चूर्णको प्रयोग पनि गरिएको छ भने यसमा कोष्ठीकरणको पनि प्रयोग गरिएको छ ।

### ५.१.२६ द्वन्द्व व्यवस्थापन

### ५.१.२६.१ शीर्षक

*द्वन्द्व व्यवस्थापन* शीर्षकको निबन्ध यस निबन्धसङ्ग्रहमा सङ्गृहीत छब्बीसौँ निबन्ध हो । यो निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यसमा द्वन्द्व र व्यवस्थापनका कुरा राखिएको छ । शाब्दिक अर्थमा द्वन्द्व भन्नाले सङ्घर्ष भन्ने बुझिन्छ भने व्यवस्थापन भन्नाले

कामकाजको प्रबन्ध मिलाउने भन्ने कुरा बुझिन्छ । यसमा देशमा भइरहेको द्वन्द्व र त्यसले ल्याएको अवस्थालाई देखाइएको छ । द्वन्द्व नभइ कुनै पनि काम अगाडि बढ्न सक्दैन, त्यसैले द्वन्द्व आवश्यक हुन्छ तर त्यसलाई व्यवस्थापन गर्न पनि सक्नुपर्छ । देशको समसामयिक अवस्थासँग सम्बन्धित यसको विषयवस्तु शीर्षककै सेरोफेरोमा अगाडि बढेको छ ।

## ५.१.२६.२ संरचना

तीन पृष्ठको संरचनामा फैलिएको प्रस्तुत निबन्ध सङ्क्षिप्त आकारको छ । यसमा दुई वाक्यदेखि बाइस वाक्यसम्मका छ अनुच्छेद सङ्ख्याहरू छन् । जम्मा-जम्मी उनासी पङ्क्ति सङ्ख्यामा फैलिएर रहेको यस निबन्धमा द्वन्द्व भन्ने कुरा जुनसुकै क्षेत्रमा हुने तर त्यसको व्यवस्थापन गर्न सक्नुपर्ने कुरालाई उल्लेख गरिएको छ ।

## ५.१.२६.३ विषयवस्तु

प्रस्तुत निबन्धमा देशमा वर्तमान समयमा भएको द्वन्द्व र त्यसद्वारा सृर्जित अस्तव्यस्त अवस्थालाई प्रस्तुत गरिएको छ । द्वन्द्व सजिव-निर्जीव जुनसुकै क्षेत्रमा हुने कुरा गर्दै त्यसको व्यवस्थापन गर्नु पर्ने कुरालाई व्यक्त गरिएको छ । मान्छे-मान्छे बीच हुने द्वन्द्वलाई पूर्णरूपमा व्यवस्थापन गर्न सकिए पनि प्राकृतिक रूपमा आएको द्वन्द्वलाई पूर्णरूपमा व्यवस्थापन गर्न नसकिने कुरा प्रस्तुत निबन्धमा उल्लेख गरिएको छ । यसमा वर्तमान समयमा देखा परेका राजनैतिक द्वन्द्व र त्यसले गर्दा देशले भोग्नु परेको दूरवस्थालाई प्रस्तुत गरिएको छ । द्वन्द्व व्यवस्थापन गर्न मान्छेमा सचेतना हुनुपर्ने भन्दै द्वन्द्व व्यवस्थापन गर्न सम+सम स्वार्थ हुनुपर्ने कुरा उल्लेख गरिएको छ । द्वन्द्व भन्ने कुरा अति आवश्यक हुन्छ, द्वन्द्वबिना देश विकासको मार्गमा पुग्न सक्दैन तर त्यसको व्यवस्थापन गर्नुपर्छ । यदि द्वन्द्वलाई सही तरिकाबाट व्यवस्थापन गर्न सकिएन भने देशले झन् दुरवस्थालाई प्राप्त गर्दछ भन्दै व्यवस्थापन नै मुख्य कुरा भएको प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ । यसमा द्वन्द्व व्यवस्थापनको अभावले देश विभाजन, जातीय सङ्घर्ष, शोषण, दमन, गृहयुद्ध हुने र त्यसले शान्ति व्यवस्थापनमा अवरोध ल्याउने कुराको सङ्केत गरिएको छ ।

## ५.१.२६.४ उद्देश्य

समसामयिक राजनैतिक परिवेशमा भएको खिचातानी र मान्छेमा भएको स्वार्थी प्रवृत्तिले गर्दा आएको अशान्तिलाई देखाउनु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.१.२६.५ भाषाशैली

आत्मपरक शैलीका माध्यबाट लेखिएको यस निबन्धमा सरल र सहज भाषाको प्रयोग भएको छ । यसमा संस्कृत, अङ्ग्रेजीका आगन्तुक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । जस्तै - *न्यूनता, दार्शनिक, चिन्तन, सृष्टि, कोल्डवार* आदि । *अज्ञानताको भूमिमा ज्ञानको खेती गरिन्छ, प्रकृति नै सबैभन्दा ठूलो पाठशाला हो* जस्ता भनाइहरू पनि निबन्धमा प्रसङ्गअनुसार आएका छन् जसले निबन्धलाई हृदयस्पर्शी बनाएको छ ।

## ५.१.२७ प्लुटो मान्यताच्युत हुँदा

### ५.१.२७.१ शीर्षक

*प्लुटो मान्यताच्युत हुँदा* शीर्षकको निबन्ध यस निबन्धसङ्ग्रहमा सङ्गृहीत सत्ताइसौँ निबन्ध हो । शब्दावली ढाँचाको शीर्षक रहेको प्रस्तुत निबन्ध प्रतीकात्मक रहेको छ । यसमा प्लुटोको माध्यमबाट समसामयिक राजनीतिक, सामाजिक, धार्मिक लगायत विविध क्षेत्रमा हुने नयाँ परिवर्तन र त्यसले पार्ने प्रभावका बारेमा उल्लेख गरिएको छ । जसरी खगोलविदहरूले प्लुटोलाई ग्रहको मान्यताबाट हटाए यसरी नै हाम्रो समाजमा पनि परम्परागत मान्यता, परम्पराहरूलाई परिवर्तन गरिएको कुरालाई विभिन्न प्रसङ्गहरूका माध्यमबाट व्यङ्ग्यात्मक रूपमा अभिव्यक्त गरिएको छ । यसको शीर्षक र विषयवस्तु बीच तादात्म्य रहेको देखिन्छ ।

### ५.१.२७.२ संरचना

चार पृष्ठको संरचनामा फैलिएको प्रस्तुत निबन्ध दस अनुच्छेद सङ्ख्या रहेको छ । यस निबन्धमा तीन वाक्यदेखि एक्काईस वाक्यसम्मका अनुच्छेद रहेको यसमा जम्मा-जम्मी एक सय आठवटा पङ्क्ति सङ्ख्यामा फैलिएर रहेको छ ।

### ५.१.२७.३ विषयवस्तु

राजनीतिक, सामाजिक, धार्मिक विविध विषयवस्तुलाई अभिव्यक्त गरिएको प्रस्तुत निबन्ध प्रतीकात्मक रहेको छ । यसमा विकासवादी सिद्धान्त र त्यसले गर्दा पार्ने प्रभावलाई व्यक्त गरिएको छ । देशमा भएको समसामयिक राजनीतिक चलखेल र त्यसले गर्दा सरकार परिवर्तन भइरहेको कुरा व्यक्त गर्नुका साथै सरकारी उच्च पदमा रहेका व्यक्तिहरूले रातारात

गर्ने निर्णय र त्यसको वारेमा सर्वसाधारण जनता मौन रहेको कुरालाई पनि प्रस्तुत निबन्धका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

विकासका नाममा गरिने परिवर्तनले समाजमा नकारात्मक प्रभाव पर्छ कि भन्ने ख्याल नै नगरिएको कुरा पनि उल्लेख गरिएको छ । यसमा आत्मपरक कथनका माध्यमबाट समाजमा भइरहेका विकृति-विसङ्गतिमाथि तीखो व्यङ्ग्य प्रहार गरिएको छ । धर्मको नाममा गरिने विकृति र त्यसले गर्दा मान्छे अन्धो भएको कुराका साथै आत्मचिन्तन, मृत्युबोध, दार्शनिक शक्तिका कुरा उल्लेख गर्नुका साथै जीवन जिउनुको बाध्यात्मक परिस्थितिलाई यसरी व्यक्त गरिएको छ -

*मैले इच्छा शून्य हुन हरसम्भव प्रयास गरेँ तर इच्छा झन्-झन् उढेलोले खाएको ढड्डीघारी झैँ मौलाएर आउँदैछन् । त्यसैले दिवङ्गत भुस्याहा कुकुरलाई झैँ गलपासो लगाएर जिन्दगी घिसार्नु परेको छ ।*

## ५.१.२७.४ उद्देश्य

प्रस्तुत निबन्धमा समसामयिक राजनीतिक, धार्मिक, सामाजिक विविध क्षेत्रमा देखापरेका विभिन्न विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गरिएको छ । यसमा विकासवादी सोच र त्यसले गर्दा ल्याएको परिवर्तनलाई देखाइएको छ । कुनै पनि कुराको निर्णय लिनुभन्दा अगाडि सोचविचार गर्नुपर्ने, सोच विचार नगरी लिएको निर्णयले अप्ठ्यारोमा पार्ने कुरालाई देखाउनु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

## ५.१.२७.५ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको यस निबन्धको शीर्षक प्रतीकात्मक रहेको छ । मनी *इज डाइरेक्ट मार्च अफ गड अन अर्थ, आई एम सफरिङ फ्रम सुगर, लाइफ फोर्स, आई एम लिभिङ विथ सुगर* जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ भने कतै-कतै क्रियाहीन वाक्यको प्रयोग पनि गरिएको पाइन्छ । त्यस्तै कतै-कतै कोष्टकको प्रयोगका साथै विषयवस्तु विशृङ्खलित रहेको छ ।

### ५.१.२८ अनुत्तरित प्रश्न

#### ५.१.२८.१ शीर्षक

*अनुत्तरित प्रश्न* शीर्षकको निबन्ध **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा सङ्गृहित अन्तिम तथा अठ्ठाइसौँ निबन्ध हो । यस निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । अनुत्तरित प्रश्न भन्नाले उत्तर नै नभएको प्रश्न भन्ने बुझिन्छ । यस निबन्धमा पनि निबन्धकार घिमिरेले कालिका एफ.एम. को कक्षमा सिर्जन अविरलले सोधेका प्रश्नहरू अनुत्तरित नै भएको चर्चा गरेका छन् । यसमा आफूले भन्न खोजेको र भनेको कुरा एकै भए वा भएनन् भन्ने कुराको चर्चा गर्दै आजसम्म पनि विगतको प्रश्न अझै अनुत्तरित रहेको कुराको उल्लेख गरिएको छ । यसमा सिर्जनले सोधेको प्रश्न उत्तररहित भएको शीर्षक *अनुत्तरित प्रश्न* सार्थक रहेको देखिन्छ ।

#### ५.१.२८.२ संरचना

प्रस्तुत *अनुत्तरित प्रश्न* चार पृष्ठमा फैलिएको लघु आकारको निबन्ध हो । यस निबन्धमा चार वाक्यको अनुच्छेदको आयामदेखि बाह्र वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । यस निबन्धमा जम्मा दश अनुच्छेद रहेका छन् । लामा-छोटा गरी अन्ठानब्बे पङ्क्तिसङ्ख्यामा फैलिएको यस निबन्धमा सिर्जन अविरलले गरेका प्रश्नहरूले अझै चित्त नबुझेको कुरा व्यक्त गरेका छन् ।

#### ५.१.२८.३ विषयवस्तु

प्रस्तुत *अनुत्तरित प्रश्न* शीर्षकको निबन्ध निबन्धकारका वैयक्तिक घटनाक्रमलाई अभिव्यक्त गरिएको छ । कालिका एफ.एम.को शयन कक्षमा सिर्जन अविरलले सोधको प्रश्नमा नै आधारित भएर यो निबन्ध अगाडि बढेको छ । प्रचार-प्रसारले मान्छे अगाडि बढ्ने गरेको वर्तमान समयमा आफू भने विज्ञापित हुन नचाहेको प्रसङ्ग उल्लेख गरिएको छ । यस निबन्धमा उक्त प्रश्नको उत्तरमा आफूले भन्न चाहेका र भनेका कुरा एउटै भए वा भएनन् भन्ने कुरा आजसम्म पनि अनुत्तरित नै रहेको कुराको चर्चा गरिएको छ । यसमा आफ्नो जीवनमा घटेका विविध घटना तथा प्रसङ्गका माध्यमबाट निबन्धकारले जीवन आफूले सोचेको नभई बास्तविकता अर्कै हुने कुरा व्यक्त गरिएको  छ । यसलाई आफूले विश्वास गरेको व्यक्तिले दिएको धोखाले अझ स्पष्ट पारेको छ -

*विद्यालयमा अध्ययनरत रहँदा एउटी मनपरेकीलाई प्रेमपत्र दिएको त प्रत्युत्तरको सट्टा मनपरेकीले प्रेमपत्र प्र.अ.लाई पो बुझाइछन् ।* (पृ. १२२)

यस्तै आफूले जीवनमा धेरै धोखा खाएपनि आफूले भने कसैलाई धोखा नदिएको कुरा अत्यन्तै इमान्दारीका साथ प्रस्तुत गरेका छन् ।

### ५.१.२८.४ उद्देश्य

मान्छेको जीवनमा कसैलाई पनि झट्ट विश्वास गर्नु हुँदैन । जसलाई आफूले आफ्नो ठान्यो त्यसैले धोखा दिने कुरा प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ । जीवनमा जे-जस्ता अप्ठ्याराहरू आइपरे पनि त्यसको समाधान आफू स्वयम्ले नै गर्नु पर्छ भन्ने कुराको सङ्केत गर्नु नै प्रस्तुत निबन्धको उद्देश्य रहेको छ ।

### ५.१.२८.५ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धको भाषा सरल र सहज भए तापनि यसमा कतै-कतै आलङ्कारिक भाषाको प्रयोग गरिएको छ । *हाइलाइट, क्विज कन्टेस्ट, एफ.एम.* जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोगका साथै निबन्धमा *घिमिरेजी तपाईंले आफ्नै मान्छेबाट किन पटक-पटक धोखा खानु भयो ?* जस्ता प्रश्नात्मक वाक्य, *उनी अर्न्तवार्ता लिँदा-लिँदा खप्पिस मान्छे अनि आफू चाहिँ भर्जिन* जस्ता क्रियाहीन वाक्यको प्रयोग पनि यसमा पाइन्छ । *बोल्नेको पिठो बिक्छ* जस्तो उखानका साथै यसमा कवितात्मक शैलीको पनि प्रयोगले गर्दा निबन्धमा रोचकता आएको पाइन्छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत **अनर्गल प्रलाप** शीर्षक निबन्धसङ्ग्रह घिमिरेको तेस्रो निबन्धात्मक कृति हो । वि.सं. २०६५ सालमा चितवन साहित्य परिषद, चितवनद्वारा प्रकाशनमा ल्याइएको यस निबन्धात्मक कृतिमा जम्मा-जम्मी अठ्ठाईसवटा निबन्धहरू सङ्गृहीत छन् । **अनर्गल प्रलाप** निषेधात्मक शीर्षक राखेर नामकरण गरिएको यस सङ्ग्रहमा आफ्नो जीवन जस्तै लेखन पनि विशृङ्खलित छ भन्ने भाव व्यक्त गरेका छन् । त्यसैले उनका निबन्धहरूको विषयवस्तु पनि कुनै एक विषयको शृङ्खलाबद्ध प्रस्तुतिको रूपमा नरही विशृङ्खलित देखिन्छ । उनका यस सङ्ग्रहका प्रायःजसो निबन्धमा देशमा चलिरहेको हत्या, हिंसा, धर्मको क्षेत्रमा देखिएको विकृति,

विसङ्गति, राजनैतिक चलखेल, मानिसमा बढ्दै गएको भौतिकताप्रतिको मोह, स्वार्थी मानवीय प्रवृत्ति जस्ता विविध विषयवस्तु बनाइ निबन्ध रचना गरेको देखिन्छ । उनको यस सङ्ग्रहका निबन्धमा यस्ता विविध क्षेत्रमा देखापरेका विकृति, विसङ्गतिप्रति आत्मपरक शैलीमा हास्यको माध्यमबाट चोटिलो व्यङ्ग्य पनि गरिएको छ ।

सरल शैलीमा लेखिएका यस सङ्ग्रहका निबन्धले पाठकलाई सहजै आकर्षित गर्दछन् । उनको निबन्धको प्रस्तुतिको शैली रोचक रहेको छ । निबन्धको भाषाशैली सरल र सहज देखिए तापनि विषयगत विशृङ्खलताका कारणले मूल विषयवस्तु पहिचान गर्न पाठकलाई अप्ठ्यारो पार्ने स्थिति देखिन्छ । सङ्क्षिप्त र मझौला आकारका उनका निबन्धमा विभिन्न बिम्ब र प्रतीकको प्रयोग, उखान-टुक्का, मुक्तक, झर्रो तथा आगन्तुक शब्दको प्रयोगले निबन्धमा रोचकता थपिएको छ । विभिन्न क्षेत्रमा देखापरेका विकृति, विसङ्गतिप्रति व्यङ्ग्यको झटारो हान्दै सुन्दर समाजको स्थापना गर्ने चाहना उनका निबन्धमा अभिव्यक्त भएको देखिन्छ । यिनै आधारमा भन्दा आधुनिक कालका समसामयिक चरणका सामाजिक यथार्थवादी निबन्धकारका रूपमा उनको स्थान सुरक्षित छ ।

**परिच्छेद छ**

# मूल्याङ्कन तथा उपसंहार

## ६.१ परिचय

यस परिच्छेदमा **अनर्गल प्रलाप निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन**को सन्दर्भमा अगाडिका परिच्छेदहरूमा गरिएको अध्ययन, विश्लेषणको परिच्छेदगत रूपमा सारांश र समग्र निष्कर्ष दिई मूल्याङ्कन गरिएको छ ।

### ६.१.१ पहिलो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा **अनर्गल प्रलाप निबन्धको कृतिपरक अध्ययन** शीर्षक, शोधपत्रको परिचय र रूपरेखा रहेको छ । यसमा विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोधको सीमाङ्कन, सामग्री सङ्कलन र शोधविधिका बारेमा उल्लेख गरिएको छ ।

### ६.१.२ दोस्रो परिच्छेद निष्कर्ष

यस परिच्छेदअन्तर्गत निबन्धकार घिमिरेको जीवनी र व्यक्तित्वको सामान्य अध्ययन गरिएको छ । यसमा उनको पारिवारिक पृष्ठभूमि, जन्मस्थान र बाल्यकाल, शिक्षा-दीक्षा, भ्रमण, पुरस्कार तथा मानपदवी, संस्थागत संलग्नता आदि जीवनमा समावेश गरिएको छ भने व्यक्तित्व अन्तर्गत भने बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्वलाई सूक्ष्मरूपमा केलाउने काम गरिएको छ ।

### ६.१.३ तेस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा निबन्धको सैद्धान्तिक अध्ययन र विकासक्रमलाई समावेश गरिएको छ । जस अन्तर्गत निबन्धको अवधारणा, पूर्वीय र पाश्चात्य दृष्टिकोण, परिभाषा, स्वरूप र निबन्धको तत्त्वहरूको अध्ययन गरिएको छ । विकासक्रम अन्तर्गत निबन्धको विकासलाई चरणगत रूपमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### ६.१.४ चौंथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा निबन्धकार रामबाबु घिमिरेको नेपाली साहित्य क्षेत्रमा कविता विधाका माध्यमबाट प्रवेश गरेका र विशेष रूचिक्षेत्र निबन्ध विधा रहेकोले यसमा उनको सोही क्षेत्रलाई चरणगत रूपमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### ६.१.५ पाँचौं परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा निबन्धकार रामबाबु घिमिरेको **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहभित्र रहेका निबन्धहरूको अध्ययन र विश्लेषण गरिएको छ । यस परिच्छेदअन्तर्गत निबन्धको तत्त्व, विषयवस्तु, संरचना, शीर्षक, भाषाशैली र उद्देश्यका आधारमा अध्ययन र विश्लेषण गरिएको छ ।

## ६.२ समग्र निष्कर्ष एवम् उपसंहार

निबन्धकार रामबाबु घिमिरेको जन्म चितवन जिल्लाको सुन्दर प्राकृतिक स्थल चण्डीभन्ज्याङ गा.वि.स., वडा नं. २, तोलाङमा वि.सं. २०११ जेठ २१ गतेका दिन भएको हो । पिता स्व. गम्भीरध्वज घिमिरे र माता चन्द्रकुमारी घिमिरेका आठौं सन्तान रामबाबु घिमिरेको न्वारनको नाम पूर्णबहादुर घिमिरे हो । कुलीन परिवारमा जन्मिएका घिमिरेका पूर्वजहरू अशिक्षित भएपनि यिनलाई भने शिक्षामा अनुकूल वातावरण मिलेको देखिन्छ । स्नातक तहसम्मको अध्ययन पूरा गरेका घिमिरेको प्राथमिक तहको शिक्षा जुटपानी, चितवनमा रहेको राष्ट्रिय प्राथमिक विद्यालय र माध्यमिक तहसम्मको शिक्षा नेपाल मा.वि., रत्ननगरबाट पूरा गरेको पाइन्छ । घिमिरेको प्रमाण-पत्र तह वीरेन्द्र बहुमुखी क्याम्पसमा र स्नातक तह त्रिचन्द्र कलेज, काठमाडौंबाट पूरा गरे भने स्नातकोत्तर तह भने त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट पूरा गरेको पाइन्छ । वि.सं. २०३१ सालमा विवाह बन्धनमा बाँधिएका घिमिरेको हाल दाम्पत्य जीवन सफल रहेको देखिन्छ । सामाजिक, राजनीतिक प्राध्यापक, आदि व्यक्तिहरूका धनी घिमिरे साहित्यका विविध विधामा कलम चलाए तापनि यिनको धेरै कलम चलेको विधा भने निबन्ध नै हो ।

लेखनका दृष्टिले पहिलो कविता *वेदना* भए पनि वि.सं. २०२६ सालमा **राष्ट्रपुकार** पत्रिकामा *मेरो अनुहार* कविता प्रकाशित गरी उनी औपचारिक रूपमा नेपाली साहित्यको फाँटमा देखापरेका हुन् । उनको पहिलो पुस्तकाकार कृति **रित्तो आकाश** लघु उपन्यास हो ।

हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूमा **रित्तो आकाश** निबन्धसङ्ग्रह (२०३४), **म हरेश खान थालेको छु** निबन्धसङ्ग्रह (२०४७), **मुक्तकसङ्ग्रह** (२०५६), **लेख्न नपर्ने कुराहरू** निबन्धसङ्ग्रह (२०५६) र **अनर्गल प्रलाप** निबन्धसङ्ग्रह (२०६५) प्रकाशित छन् । नेपाली साहित्यका प्रसिद्ध निबन्धकार देवकोटा र शङ्कर लामिछानेबाट आफू प्रभावित र प्रेरित भएको बताउने घिमिरेले साहित्यभित्र जीवन र जगत्को व्यापक अभिव्यक्ति हुनुपर्छ र साहित्य साहित्यकै रूपमा प्रकट हुनपर्छ भन्ने मान्यता राख्छन् । यिनका थुप्रै साहित्यिक रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

विविध व्यक्तित्वका धनी घिमिरेलाई समयले उनले सोचे जस्तो साथ दिएन । पटक-पटक राजनीतिमा पराजित हुनु, जीवन आफूले सोचेजस्तो नहुनु जस्ता विभिन्न कुराहरूले उनले आफ्नो जीवनप्रति नकारात्मक विचार लिनुका साथै निबन्धहरूको शीर्षकहरू पनि नकारात्मक राखेका छन् । राजनीतिक, सामाजिक, प्राध्यापक, सम्पादक जस्ता विभिन्न व्यक्तित्वका धनी भएका घिमिरेको प्रमुख साहित्यिक व्यक्तित्व निबन्धकार व्यक्तित्व हो । आफ्ना निबन्धमा निजी अनुभवहरू बटुलेर आत्मपरक शैलीका माध्यमबाट लेखिएका यिनका निबन्धात्मक कृतिहरू उत्कृष्ट रहेका छन् ।

समसामयिक धाराका समाजपरक निबन्धकार घिमिरेका निबन्धमा जुन विचार व्यक्तिएका छन्, ती सबै सुन्दर समाजको निर्माणार्थ लक्षित रहेका छन् । यिनका निबन्धले बस्तुपरकताभन्दा आत्मपरकतालाई अँगालेका छन् । आधुनिक जीवन-जगत्लाई समेटेर लेखिएका यिनका निबन्धमा व्यक्ति, परिवार, समाज, राष्ट्रिय-अन्तर्राष्ट्रिय एवम् विश्व मानव परिवेशमा हेर्दा सङ्गतिका तुलनामा देखिएका विकृति, विसङ्गति, कुण्ठा, जटिलता र तत्सम्बन्धी चिन्तनको प्रस्तुति पाइन्छ ।

वि.सं. २०२६ सालदेखि साहित्यिक कृति सिर्जना गरेर आफ्नो यात्राको थालनी गरेका घिमिरेको निबन्ध विधाको थालनी भने वि.सं. २०३० सालमा भएको पाइन्छ । वि.सं. २०३० सालमा **क्रान्ति** पत्रिकामा प्रकाशित *गुन्द्रुकको झोल* शीर्षकको निबन्धबाट निबन्ध विधाको थालनी गरेका निबन्धकार घिमिरेको निबन्धयात्रालाई लेखनमा निरन्तरता, पुस्तकाकार कृति प्रकाशन र प्रवृत्तिगत विशेषताका आधारमा दुई चरणमा विभाजन गरेर अध्ययन गरिएको छ :

क) प्रथम चरण (वि.सं. २०३० देखि २०४६ सालसम्म)

ख) दोस्रो चरण (वि.सं. २०४७ देखि हालसम्म)

घिमिरेको पहिलो चरण अभ्यासिक चरण वा फुटकर रचनाको चरणको रूपमा लिइएको छ । पहिलो चरणमा यिनले निबन्धका साथै साहित्यका अन्य कृतिहरूको पनि प्रकाशन गरेका छन् । यो चरणमा यिनको निबन्ध विधा त्यति फस्टाएको पाइँदैन । घिमिरेको यस चरणमा विशेष गरी लेखनमा निरन्तरता नहुनु, विविध विधामा कलम चलाउनु, फुटकर रचना प्रकाशनमा मात्र सीमित हुनु, निबन्धको सङ्ख्या न्यून हुनु, भाषिक परिष्कारको कमी हुनु, आभ्यासिक लेखन हुनु आदि विशेषताहरू हुन् ।

यिनको निबन्धको दोस्रो चरणलाई उत्कृष्ट निबन्धको चरण वा पुस्तकाकार कृति प्रकाशनको चरणको रूपमा लिइन्छ । यस चरणमा विभिन्न पत्रपत्रिका र निबन्धसङ्ग्रहका रूपमा विभिन्न निबन्धहरू प्रकाशन भएका छन् । यस चरणमा **म हरेस खान थालेको छु, लेख्न नपर्ने कुराहरू र अनर्गल प्रलाप** जस्ता निबन्धसङ्ग्रहहरू प्रकाशित भएको यो चरण घिमिरेको निबन्ध लेखनको उत्कृष्ट चरणका रूपमा लिन सकिन्छ । निबन्ध लेखनमा निरन्तरता हुनु, निबन्ध विधागत केन्द्रीकरण, पुस्तकाकार कृतिको प्रकाशन, भाषिक प्रौढता र साहित्यिक स्तरीयता जस्ता प्रवृत्तिहरू पाइने यस चरणलाई विकासको चरणका रूपमा लिन सकिन्छ ।

घिमिरेका निबन्धका विषयहरूमा विविधता पाइन्छ । यिनका निबन्धमा धार्मिक अवन्नतिबाट उब्जिएका अनुभूतिहरू, जीवन भोगाइका विविध प्रसङ्ग, प्रेम, राजनीति, जीवविज्ञान, कला, पर्यटन, पुरातत्त्व आदि विषयवस्तुहरू समेटिएका छन् । निराशावादी जीवनदृष्टि, वैदेशिक संस्कृतिप्रतिको मोह, उच्च पदमा रहेर पदीय दुरूपयोग गर्नेप्रति व्यङ्ग्य, साहित्यिक हस्तिहरूको योगदानको कदर हुनुपर्ने कुराको ठहर, आत्मप्रकटीकरण वा वैयक्तिकताको प्रकाशन, अनुभूतिको तीव्रता, अभिव्यक्तिको सरलता र प्रभावकारीताको मनोरम प्रस्तुति नै घिमिरेका लेखकीय विशेषता बनेको छ । यिनका निबन्धमा आत्मपरक शैलीका साथै हास्य, व्यङ्ग्य र कवितात्मक शैलीको प्रयोग प्रशस्तै भेटिन्छ । कतै-कतै आख्यानको प्रयोगका साथै संवादात्मक शैलीको प्रयोग पनि पाइन्छ । यिनको **अनर्गल प्रलाप** निबन्धसङ्ग्रहमा समकालीन परिदृश्य, युगीन विसङ्गति, दार्शनिक चेतना र जीवनबोध तथा मृत्युबोधका अन्तरकुन्तरबाट उनको निबन्धकारिता अगाडि बढेको पाइन्छ । यिनका निबन्धहरू सङ्क्षिप्त र मझौला आकारका पाइन्छन् । प्रश्नात्मक कथ्यको प्रयोग गरिएका निबन्धका शीर्षकहरू प्रतीकका दृष्टिले उच्च रहेका छन् । निबन्धमा प्रतीक र बिम्बको प्रयागका साथै उखान-टुक्का, गीत, गजल, मुक्तक, झर्रो भाषा, कथ्य भाषा, तत्सम-तत्भव जस्ता आगन्तुक शब्दहरूको प्रशस्त प्रयोगले निबन्ध रोचक बनेका छन् । यिनका निबन्धले राष्ट्रिय, अन्तर्राष्ट्रिय विविध

विषयवस्तुलाई छुँदै धार्मिक अन्धविश्वासका साथै दर्शन, समाजमा भएका विविध विकृति र विसङ्गतिलाई आफ्ना निबन्धमा उतार्न सफल भएका छन् । मदिरासम्बन्धी प्रसङ्गका साथै नारीका विविध प्रसङ्गहरूलाई आफ्ना निबन्धका विषयवस्तुको रूपमा बारम्बार प्रयोग गरेका छन् । नारीलाई अत्यन्त तल्लो स्तरमा ल्याएर नारीका विविध प्रसङ्गका माध्यमबाट समाजका विकृति र विसङ्गतिलाई देखाएका छन् ।

आफूलाई चर्चामा ल्याउन नचाहने निबन्धकार घिमिरेले आजका नाम कमाउने प्रवृत्ति अँगालेका सल्लाहकारप्रति व्यङ्ग्य गरेर निबन्ध लेखेका छन् । युगबोधका साथै समसामयिक परिवेशको यथार्थ चित्रण गर्न सफल यिनका निबन्ध अत्यन्त उत्कृष्ट रहेका छन् ।

# परिशिष्ट : एक

## अन्तर्वार्ता

**अन्तर्वार्ताका क्रममा सोधिएका प्रश्नहरू :**

१. तपाईंको जन्म कहिले र कहाँ भएको थियो ?

२. तपाईंको बाल्यकाल कस्तो रह्यो ?

३. आफ्नो पारिवारिक तथा आर्थिक स्थितिबारे केही बताइ दिनुहुन्थ्यो कि ?

४. आफ्नो शैक्षिक स्थिति तथा सामाजिक जीवनको बारेमा केही बताइ दिनुहुन्छ कि ?

५. फुर्सदको समयमा के गर्न रुचाउनु हुन्छ ?

६. नेपाली साहित्यप्रति रुचि लाग्नुको कारण ?

७. साहित्य लेखनमा प्रवेश कहिले र केबाट गर्नु भयो ?

८. पहिलो पुस्तकाकार कृति कुन हो ?

९. हालसम्म कतिवटा पुस्तकाकार कृतिहरु प्रकाशित भएका छन् ?

१०. कुनै कृति प्रकाशोन्मुख अवस्थामा रहेका छन् कि ?

११. साहित्यका कुन-कुन विधामा आफ्नो कलम चलाउनु भएको छ ?

१२. कुन साहित्यिक विधाप्रति आकृष्ट हुनुहुन्छ र किन ?

१३. तपाईंलाई मनपर्ने कृति कुन हो र किन ?

१४. आफ्ना रचनाहरूमध्ये सबैभन्दा मन छुने रचना वा कृति कुन हो ?

१५. साहित्य रचना गर्नुको मुख्य ध्येय के ठान्नुहुन्छ ?

१६. कुनै सङ्घ-संस्थासँग आबद्ध हुनुहुन्छ कि ?

१७. पारिवारिक तथा जागिरे जीवन र साहित्यिक जीवनबीच कसरी तालमेल मिलाएर अगाडि बढिरहनु भएको छ ?

१८. मैले सोध्न बिर्सिएका र तपाईंलाई भन्न मन लागेका केही कुरा छन् भने बताइ दिनुहुन्छ कि ?

# परिशिष्ट : दुई

# सन्दर्भसामग्रीसूची

## क) प्रमुख पुस्तकसूची


अधिकारी, रामलाल, **नेपाली निबन्धयात्रा,** प्र.सं., (दार्जिलिङ्ः नेपाल साहित्य संचायिका, १९७५) ।

आमोदी, केशवराज, *प्रकाशकीय,* **म हरेश खान थालेको छु,** ले. रामबाबु घिमिरे, दो.सं., (चितवनः चितवन वाल्मीकि साहित्य सदन, २०६०) ।

आप्टे, शिवराम वामन, **संस्कृत हिन्दीकोश,** दो.सं., (वनारसः मोतीलाल वनारसीदास, सन् १९६९) ।

ओझा, रामनाथ, **शङ्कर लामिछानेको निबन्धकारिता,** (काठमाडौँः पालुवा प्रकाशन, २०६०) ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश,** पाँ.सं., (ललितपुर, साझा प्रकाशन, २०३४) ।

खनाल, केदारनाथ, *प्रकाशकीय,* **अनर्गल प्रलाप,** ले. रामबाबु घिमिरे, (चितवनः चितवन साहित्य परिषद, २०६५) ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्यः सवेक्षण र विश्लेषण,** (चितवन वाङ्मय प्रतिष्ठान, २०५२) ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय,** दो.सं., (ललितपुरः साझा प्रकाशन, २०६०) ।

दाहाल, रामप्रसाद, **सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय,** (काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०५४) ।

देवकोटा, लक्ष्मीप्रसाद, *(भूमि),* **लक्ष्मी निबन्धसङ्ग्रह,** बाह्रौँ संस्क., (ललितपुरः साझा प्रकाशन, २०५०) ।

पोखेल, बालकृष्ण, (नि.), **नेपाली बृहत शब्दकोष,** (नेपाल रा.प्र.प्र., २०४०) ।

बराल, ईश्वर, **सयपत्री,** चौ.सं., (ललितपुरः साझा प्रकाशन, २०४६) ।

भट्टराई, रामजी, **साहित्यकार रामबाबु घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, (वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६२) ।

लुइटेल, खगेन्द्रप्रसाद र देवीप्रसाद गौतम, **नेपाली निबन्ध,** (काठमाडौँ: नवीन प्रकाशन, २०५५) ।

व्यास, निर्मोही, (भूमि.), *लेख्न नपर्ने कुराहरूमा लेख्न मन लागेका कुराहरू,* **लेख्न नपर्ने कुराहरू** (ले. रामबाबु घिमिरे) (चितवन: चितवन साहित्य परिषद, २०५६) ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय,** चौ.सं., (ललितपुर: साझा प्रकाशन, २०६३) ।

सापकोटा, निर्मल, **दाडिमको रुखनेर निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोत्रपत्र (त्रि.वि., केन्द्रीय नेपाली विभाग, २०५६) ।

सुवेदी, राजेन्द्र, **सृजनात्मक लेखन: सिद्धान्त र विश्लेषण,** प्र.सं., (काठमाडौँ: पाठ्यसामग्री पसल, २०५८) ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध सङ्क्षिप्त परिचय,** (काठमाडौँ: पुरक प्रकाशन, २०५१) ।

सुवेदी, राजेन्द्र, **स्रष्टाः सृष्टि, द्रष्टा दृष्टि,** ते.सं., (ललितपुर: साझा प्रकाशन, २०५८) ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** छैठौं. सं., (ललितपुर: साझा प्रकाशन, २०५९) ।

**श्रीमद्भागवत गीता,** उन्नाईसौँ सं. (गोरखपुर: गीता प्रेस, २०५४) ।

## आ) सहायक पत्रिका-सूची

अधिकारी, पूर्णप्रसाद, *निबन्कार रामबाबु घिमिरे र उनको म हरेश खान थालेको छु निबन्धको समीक्षण,* **समुन्नत,** (काठमाडौँ: वर्ष ३, अङ्क ३, २०५४) ।

अज्ञात, कपिल, *निबन्धका बाबु रामबाबु,* **चितवन पोष्ट**, (चितवन, वर्ष ११, अङ्क ३४९, २०६५) ।

खनाल, हरिहर, *चितवनको साहित्य एक विहङ्गम दृष्टि,* **चितवन महोत्सव स्मारिका**, (उद्योग वाणिज्य सङ्घ-चितवन, २०५५) ।

गौतम, लक्ष्मणप्रसाद, *'अनर्गल प्रलाप' भित्रका निबन्धमा वस्तुविधान,* **उन्नयन**, (अङ्क ७३, २०६६) ।

चैतन्य, *समकालीन यथार्थ र साहित्यिक अभिव्यञ्जना,* **जनादेश साप्ताहिक**, (काठमाडौँ: वर्ष १२, अङ्क २२, २०६०) ।

निर्जीव, रविकिरण, *हास्य व्यङ्ग्य निबन्धकारितासँग चितवनको हाव्यनिको समागम,* **चितवन महोत्सव स्मारिका**, (उद्योग वाणिज्य सङ्घ-चितवन, २०६५) ।

पोखरेल, डि.आर., *अनर्गल प्रलापको सार्थक बक्रोक्ति,* **पारदर्शी,** (चितवनः २०६६ कार्तिक ७) ।

शर्मा, तारानाथ, *अठ्ठाइस वर्ष पछि घनघस्यालाई सम्झदा,* **रजनी**, (काठमाडौँः वर्ष १, पूर्णाङ्क १, २०५२) ।

सुवेदी, राजेन्द्र, *आधुनिक नेपाली निबन्ध शिक्षण,* **वाङ्मय**, (काठमाडौँः वर्ष १०, पूर्णाङ्क १०, २०५७/०५८) ।